# राष्ट्रिय समावेशी आयोग

## आठौं वार्षिक प्रतिवेदन

## आ.व. २०८२/०८३




राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर, नेपाल

२०८३

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर, नेपाल

**विषय : आठौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन, शितलनिवास, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय समावेशी आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका काम कारबाहीको आठौं वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

| | | |
|---|---|---|
| मान प्रसाद खत्री | पुष्पराज तिमिल्सिना | हरिदत्त जोशी |
| सदस्य | सदस्य | कार्यवाहक अध्यक्ष |

Website: www.ninc.gov.np Email: info@ninc.gov.np
Phone : 01-5455236, 5455329

# आयोगका पदाधिकारीहरू



**हरिदत्त जोशी**
कार्यवाहक अध्यक्ष



**पुष्पराज तिमिल्सिना**
सदस्य



**मान प्रसाद खत्री**
सदस्य

# मन्तव्य

नेपालको संविधानको धारा २५९ तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ ले राष्ट्रिय समावेशी आयोगलाई  खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग/ पिछडिएको क्षेत्र र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण, संवर्धन र सशक्तीकरणका लागि कार्यान्वयनमा रहेका विद्यमान नीति, कानून तथा कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन, अध्ययन अनुसन्धान गरी सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, उल्लिखित वर्ग, क्षेत्र र समुदायको सशक्तीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिसगर्ने लगायतका कार्य जिम्मेवारी तोकेको छ। आर्थिक वर्ष २०८२/८३ मा उक्त जिम्मेवारी अनुरूपको कार्य सम्पादन गरी राष्ट्रिय समावेशी आयोगको आठौँ वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष पेस गरेको छु ।

नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन,२०७४ तथा नियमावली, २०७९, समावेशीकरण सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, लक्षित वर्गसँग सम्बन्धित कानूनहरू सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी सिद्धान्त, दिगो विकास लक्ष्य, सोह्रौँ योजना र नेपाल सरकारको नीति तथा कार्यक्रम समेतका आधारमा यस आयोगले कार्य सम्पादन गर्दै आएको छ। आयोगले आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये आयोगको कार्यक्रमतर्फ एउटा कार्यक्रम बाहेक अन्य सबै कार्यक्रमहरू सम्पन्न गरी कुल बजेटको ६९ प्रतिशत बजेट खर्च गरेको छ ।

विपन्न खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पङ्ख्यक एव एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्गको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लागि राज्यले विभिन्न किसिमका कानूनी तथा नीतिगत व्यवस्था गर्नुका साथै अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र लोपोन्मुख समुदायलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। राज्यले समावेशीकरणलाई सार्थक बनाउन माथि उल्लिखित वर्ग, समुदायलाई आर्थिक रुपमा सक्षम र सबल बनाउनुका साथै शिक्षा, स्वास्थ्य र रोजगारीमा सहज पहुँचको अवस्था सिर्जना गर्नुपर्दछ। यसका साथै विभिन्न जातजाति र समुदायको सभ्यता, संस्कृति, धर्म, भाषा र लिपिको संरक्षण र संवर्धन गर्नुपर्दछ । यसको लागि राष्ट्रिय समावेशी आयोगले संविधान र राष्ट्रिय समावेशी आयोग ऐनले प्रदत भूमिका निर्वाह गर्न आफूलाई सशक्तरूपमा प्रस्तुत गर्नुपर्दछ ।

आयोगको वार्षिक कार्य सम्पादनको क्रममा सहकार्य एवम् समन्वय गर्नुका साथै कार्य प्रगति हासिल गर्न सहयोग गर्ने नेपाल सरकारका सङ्घीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहलाई हार्दिक धन्यवाद प्रकट गर्दछु । आयोगको

कार्यसम्पादनका क्रममा समन्वय तथा सहजीकरण गर्नुहुने संसदीय समिति, राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगहरूप्रति आभार व्यक्त गर्दछु । त्यसैगरी, यस आयोगको अध्ययन अनुसन्धानमा संलग्न भई अध्ययन सम्पन्न गर्नु भएका परामर्शदाता विज्ञहरूलाई धन्यवाद प्रकट गर्दछु । अन्त्यमा, आयोगको वार्षिक कार्य सम्पादन र प्रतिवेदन तयार गर्न सहयोग पुर्याउनुहुने आयोगका पदाधिकारी र सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

हरिदत्त जोशी
कार्यवाहक अध्यक्ष
राष्ट्रिय समावेशी आयोग

# प्रतिवेदन सारांश

१. राष्ट्रिय समावेशी आयोग संवैधानिक आयोगको रुपमा स्थापित आयोग हो। यसको स्थापना आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने साथै आर्थिक रुपले विपन्न लगायतका वर्ग, समुदाय र क्षेत्रका नागरिकको हक अधिकार संरक्षणका लागि अध्ययन अनुसन्धान गरी उनीहरूको सशक्तीकरण र विकास गर्न सरकारलाई सिफारिस गर्ने कार्यका लागि भएको हो। यसैगरी ती वर्ग, समुदाय र क्षेत्रको समावेशीकरणका लागि सरकारले अवलम्बन गरेका नीति तथा कानून कार्यान्वयनको अवस्था अध्ययन गरी सुझाव दिने र कानूनमा समयानुकूल परिमार्जनको सिफारिस गर्नु आयोगको जिम्मेवारी रहेको छ।

२. आयोगले उल्लिखित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र तिनीहरूको सशक्तीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने काम समेत गर्दै आएको छ।

३. संविधानको धारा २५९, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा उल्लिखित काम, कर्तव्य र अधिकार, संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र राज्यका नीति, दिगो विकास लक्ष्य, आवधिक योजनाले लक्षित गरेका नीति तथा कार्यक्रम, समावेशीताका सम्बन्धमा नेपालले गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रतिवद्धताहरू नै यस आयोगको कार्य सम्पादनका मुख्य आधारहरू हुन।

४. नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम पाएको जिम्मेवारी वहन गर्न, आफ्नो कार्य जिम्मेवारीलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्नको लागि आयोगले विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। आयोगले आफ्नो कार्यक्षेत्र भित्र रही अध्ययन अनुसन्धान गरी राज्य संरचनामा लक्षित वर्गको सहभागिता, संरक्षण र सशक्तीकरणका लागि नीति तथा कार्यक्रम सम्बन्धमा सरकार समक्ष सिफारिस गर्दै आएको छ।

५. आयोगमा हाल तीन जना सदस्य पदाधिकारी एवम् राजपत्रांकित प्रथम श्रेणीको सचिव समेत १९ जना कर्मचारीहरू कार्यरत रहेका छन्।

६. आर्थिक वर्ष २०८२/८३ मा आयोगले आफ्नो कार्यक्षेत्रका विभिन्न विषयमा केन्द्र, प्रदेश तथा स्थानीयस्तरमा गोष्ठी, छलफल, अन्तरक्रिया र स्थलगन अनुगमन गरेको छ भने विभिन्न ६ वटा विषयमा अध्ययन/अनुसन्धान समेत गरेको छ।

७. प्रतिवेदन वर्षमा आयोगले आधारभूत तह (कक्षा १-८) को सामाजिक विषयको पाठ्यक्रमलाई समावेशी बनाउने सम्बन्धमा सुझावहरू कार्यान्वयनको लागि पाठ्यक्रम विकास केन्द्रमा सिफारिस गरेको छ।

८. आर्थिक वर्ष २०८२/८३ को लागि आयोगको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएका कार्यक्रम तर्फका १८ वटा कार्यक्रमहरू मध्ये बार्षिक समीक्षा, एउटा अध्ययन कार्यक्रम हुन सकेन भने प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम बागमती प्रदेशमा मात्र सम्पन्न भएको छ।

९. प्रतिवेदन वर्षमा आयोगमा विनियोजित कुल अन्तिम बजेट रू ४३८०००००।- (अक्षरेपि चार करोड अड़तीस लाख मात्र) विनियोजन भएकोमा पदाधिकारी तर्फको चालु खर्चमा ६१.२ प्रतिशत, कार्यालय तर्फको चालु खर्चमा ७१ प्रतिशत र पूँजीगत खर्च तर्फ ६८.६ प्रतिशत गरी कुल खर्च ६९ प्रतिशत भएको

छ। त्यसैगरी, आयोगको कार्यक्रम तर्फ विनियोजित रु. ८२,००,०००।- (अक्षरेपि बयासी लाख मात्र) को ५६ प्रतिशत बजेट मात्र खर्च भाएको छ।

१०. प्रतिवेदन वर्षमा आयोगमा रु. १९२२४।- (अक्षरेपि उन्नाइस हजार दुई सय चौबीस मात्र) बेरुजु फछर्यौट रकम दाखिला भई बेरूजु शून्य भएको अवस्था छ। त्यसैगरी धरौटी खाता मौज्दात तर्फ रु.३४४९३।- (अक्षरेपि चौतीस हजार चार सय त्रियानब्बे मात्र) प्राप्त भएको छ भने विविध खाता शून्य र राजश्व संकलन पनि शून्य रहेको छ।

११. आयोगको कार्य क्षेत्र भित्र पर्ने आर्थिक रूपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र तथा वर्गको पहिचानका आधार र मापदण्ड नहुनु, आयोगमा लामो समयदेखि रिक्त रहेको आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति नहुनु, आयोगबाट भएका सिफारिस कार्यान्वयनको नियमित एवम् प्रभावकारी रूपमा अनुगमन हुन नसक्नु, स्थानीय तहले आयोगका कार्यक्षेत्रसँग सम्बन्धित लक्षित वर्गका लागि बजेट तथा कार्यक्रम विनियोजन तथा संचालन गर्न नसक्नु, स्थानीय तहमा लक्षित वर्ग सम्बन्धी बजेट पहुँचको आधारमा वितरण हुनु, संघ, प्रदेश र स्थानीय तहमा कार्यक्षेत्रको दोहोरोपनाले गर्दा कार्यक्रम कार्यान्वयनका साथै कानून कार्यान्वयनमा समस्या हुनु, आरक्षणमा सम्बन्धित वर्गका सम्पन्न व्यक्तिको मात्र पहुँच हुनु, सामाजिक सुरक्षा कार्यक्रम विपन्नताको आधारमा वितरण हुन नसक्नु, आर्थिक सशक्तीकरणका कार्यक्रमले प्रभावकारी रूपमा सबै लक्षित वर्गलाई समेट्न नसक्नु, आयोग प्रति पर्याप्त मात्रामा सकरात्मक धारणाको विकास हुन नसक्नु, प्रदेश र स्थानीय तहसँग नियमित समन्वय एवम् सूचना सम्प्रेषणको उपयुक्त संरचना नहुनु र सबै लक्षित वर्गको खण्डीकृत तथ्याङ्क नहुनु जस्ता आयोगका समस्या रहेका छन्।

१२. आयोगको कार्यक्षेत्रभित्र पर्ने पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तकृत समुदायको पहिचानका स्पष्ट आधार र मापदण्ड निर्धारण गर्नु, विभिन्न आयोग बिच कार्यक्षेत्रका सम्बन्धमा देखिएको दोहोरोपनाको अन्त्य गर्नु, समावेशीकरणको लाभसम्बधित वर्गका सिमित व्यक्तिले पाउने अवस्थाको अन्त्य गरी सम्बन्धित समुदायका आर्थिक रूपले कमजोर वर्गले लाभ लिने व्यवस्था गर्नु, लक्षित वर्गका हकहितका सम्बन्धमा दिएका सिफारिस हरूको कार्यान्वयनको अवस्था बारे प्रभावकारी अनुगमन गरी सम्बन्धित निकायबाट कार्यान्वयन गराउनु र नेपाले सरकारबाट खस आर्य र पिछडा वर्गका थर सूचीकरण गराउनु यस आयोगका चुनौतीहरू रहेका छन्।

१३. आयोगको आगामी कार्यदिशा खस आर्य एवम् पिछडा वर्गको थर सूचीकरणलाई नेपाल सरकारबाट पारित गराउनु; कार्य क्षेत्रसँग सम्बन्धित लक्षित वर्ग सम्बन्धी विद्यमान नीति तथा कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा पुनरावलोकन गर्नु; आयोगका स्वीकृत बार्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु; आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्था बारे नियमित अनुगमन गर्नु तथा प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव सिफारिस गर्नु; वृद्धाश्रम, दिवा स्याहार केन्द्र, स्याहार केन्द्र र उपचार केन्द्रको अनुगमन गरी सुधारका लागि सरकारलाई सुझाव दिनु; आयोगको अन्य संवैधानिक निकाय, संघीय मन्त्रालहरू, प्रदेश र स्थानीय निकायसँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउनु र आम जनतामा आयोगको कार्यक्षेत्र, अधिकार तथा जिम्मेवारीको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले रेडियो तथा टेलिभिजन कार्यक्रम संचालन गर्नुका साथै समावेशी स्मारिका प्रकाशन तथा वितरण गर्नु रहनेछ।

# विषय-सूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| परिच्छेद - एक<br>आयोगको गठन र कार्यक्षेत्र | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको गठन | २ |
| १.३ आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.४ आयोगको कार्यसम्पादनका आधारहरू | ४ |
| परिच्छेद - दुई<br>आयोगको संगठन संरचना, वित्तीय स्थिति र भौतिक स्रोत साधनको अवस्था | |
| २.१ संगठन संरचना | ६ |
| २.२ दरबन्दी र पदपूर्तिको अवस्था | ७ |
| २.३ वित्तीय स्थिति | ७ |
| २.३.१ बजेट, निकासा र खर्च | ८ |
| २.३.२ राजश्व, धरौटी र विविध | ८ |
| २.४ भौतिक स्रोत साधनको अवस्था | ९ |
| परिच्छेद - तीन<br>आयोगको वार्षिक कार्यक्रम र कार्यान्वयनको अवस्था | |
| ३.१ आयोगको कार्यसम्पादन | १० |
| ३.२ आयोगको बैठक तथा निर्णय | ११ |
| ३.३ वार्षिक कार्यक्रम | ११ |
| ३.४ आयोगबाट सम्पादित मुख्य कार्यहरू | १२ |
| ३.४.१ अध्ययन-अनुसन्धान | १२ |
| ३.४.२ छलफल तथा अन्तरक्रिया र चेतनामूलक कार्यक्रम | २० |
| ३.४.३ प्रकाशन | २४ |
| ३.४.४ अनुगमन | २६ |
| ३.४.५ नीतिगत परामर्श | २८ |
| ३.४.६ संस्थागत क्षमता विकास तथा अन्य गतिविधिहरू | २८ |
| ३.४.७ अन्य निकायसँग समन्वय र सहकार्य | २९ |

परिच्छेद - चार

आयोगका सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था

४.१ नीतिगत सिफारिस ३०

४.२ सिफारिस कार्यान्वयनको अवस्था ३०

परिच्छेद - पाँच

समस्या तथा चुनौतीहरू

५.१ समस्याहरू ३१

५.२ चुनौतीहरू ३२

परिच्छेद - ६

आगामी कार्यदिशा ३३

अनुसूचीहरू

अनुसूची - १ आर्थिक वर्ष २०८२/८३ मा आयोगमा कार्यरत कर्मचारीहरूको नामावली ३४

अनुसूची - २ आयोगको खर्च भएर नजाने भौतिक सामाग्रीहरूको विवरण ३५

अनुसूची - ३ आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम तर्फको विनियोजित बजेट र खर्च रकम ३७

अनुसूची - ४ राष्ट्रिय समावेशी आयोगबाट हालसम्म अध्ययन भएका विषयहरू ३८

अनुसूची – ५ आयोगले हालसम्म नेपाल सरकारलाई गरेका सिफारिसको विवरण ४०

राष्ट्रिय समावेशी आयोगका गतिविधि झल्कने केही तस्वीरहरू ११३

परिच्छेद - एक

# आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता भएको राष्ट्र हो । जहाँ वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र जातीय छुवाछुत अझै पनि व्यवहारिक रूपमा विद्यमान छ । यसै सन्दर्भमा राष्ट्रमा व्याप्त वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्यले नेपालको संविधानको प्रस्तावनामा सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनी उल्लेख गरिएको छ । त्यसैगरी, मौलिक हकअन्तर्गत समानताको हक, श्रमको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ । राज्यका निर्देशक सिद्धान्तअन्तर्गत समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उल्लेख छ । त्यसैगरी राज्यका नीतिअन्तर्गत सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति अवलम्बनको सुनिश्चितता गरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा पक्ष राष्ट्र भई मानवअधिकार तथा समावेशीकरण सम्बन्धमा कार्य गर्ने प्रतिबद्धता र दिगो विकासका लक्ष्यको कार्यान्वयनको सम्बन्धमा गरेका प्रतिबद्धता पूरा गर्न नेपाल सरकारले विभिन्न संवैधानिक आयोगका साथै राष्ट्रिय समावेशी आयोगको गठन गरेको छ ।

नेपालको संविधानको भाग २७ को धारा २५८ र २५९ मा क्रमश: समावेशी आयोगको गठन र आयोगको काम, कर्तव्य तथा अधिकारको व्यवस्था गरेको छ । त्यसैगरी राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ तथा राष्ट्रिय समावेशी आयोग नियमावली, २०७९ ले राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरेको छ ।

संविधान एवम् राष्ट्रिय समावेशी आयोग ऐनअनुसार आयोगको कार्यक्षेत्रअन्तर्गत खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, कर्णाली र आर्थिक रूपले विपन्न वर्ग एवम् समुदाय रहेका छन् । राज्य संयन्त्रमा ती वर्गको पहुँच एवम् प्रतिनिधित्व बढाउनुका साथै तिनीहरूको हक, अधिकारको संरक्षण एवम् संवर्धन र अध्ययन/अनुसन्धान

गरी नेपाल सरकारलाई नीतिगत तथा कार्यक्रमगत सुधार गर्नका लागि राय/सुझाव एवम् सिफारिस प्रदान गर्नु यस आयोगको प्रमुख काम रहेको छ।

आयोगले स्थापना कालदेखि प्रतिवेदन वर्षसम्म संविधानले दिएको कार्यजिम्मेवारी अनुरूप यस आयोगले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूमा अध्ययन अनुसन्धान, समावेशीकरण र समावेशी आयोगको कार्यक्षेत्र सम्बन्धमा सुसूचित गर्न रेडियो तथा टेलिभिजन कार्यक्रम, स्थानीय तहमा स्थानीय पहुँच कार्यक्रम सञ्चालन गर्नुका साथै आफ्नो कार्यक्षेत्रका आवश्यक विषयमा नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ।

## १.२ आयोगको गठन

नेपालको संविधानको भाग २७ अन्तर्गत धारा २५८ को उपधारा (१) मा राष्ट्रिय समावेशी आयोगको गठनसम्बन्धी व्यवस्था छ। जसअनुसार आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने प्रावधान छ। सोही धाराको उपधारा (२) मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था रहेको छ भने उपधारा (३) मा आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ। हाल आयोगमा तीन जना सदस्य बहाल रहेको र अध्यक्ष एवम् एक जना सदस्यसहित दुई पद रिक्त रहेको अवस्था छ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय समावेशी आयोग खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षण, प्रतिनिधित्व, सशक्तीकरण, विकास र सहभागिताका लागि अध्ययन, अनुसन्धान, विद्यमान नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट नीति, कानुन एवम् कार्यक्रममा सुधार साथै गर्नुपर्ने थप व्यवस्थाको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक आयोगका रूपमा स्थापना भएको हो। नेपालको संविधानको धारा २५९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयनको अवस्था अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरवलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

च) अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायसम्बन्धी कानुनमा समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने,

छ) अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायका लागि प्रत्याभूत हक अधिकार कार्यान्वयनको स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कसम्बन्धी प्रतिवेदनका आधारमा आवश्यक पुनरवलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा देहायबमोजिम आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ :

क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

ख) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनका सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासका लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

ङ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र संवर्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

च) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारका शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

छ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

ज) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सोउपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

झ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

ञ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायका सन्दर्भमा लिइने नीति, कार्यक्रम तथा निर्णयका सम्बन्धमा नेपाल सरकार र अन्य सङ्घसंस्थासँग आवश्यक समन्वय गर्ने,

ट) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीका लागि आचारसंहिता बनाई लागु गर्ने वा गराउने,

ठ) आयोगको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

## १.४ आयोगको कार्यसम्पादनका आधारहरू

संविधान प्रदत्त नागरिकका मौलिक हकहरू मुख्यत: श्रमको हक, ज्येष्ठ नागरिकको हक, समानताको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, स्वतन्त्रताको हकलगायत विभिन्न समुदाय वा समूहका हकलाई आयोगले कार्यसम्पादनको मुख्य आधारको रूपमा लिएको छ । यी हकअन्तर्गत सबै नागरिकहरू राज्यको दृष्टिमा समान रहने तर आर्थिक वा सांस्कृतिक रूपमा पिछडिएको वर्ग वा समुदायको संरक्षण, विकास र सशक्तीकरणका लागि विशेष व्यवस्था गर्न सकिने प्रावधानका साथै आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका प्रत्येक निकायमा सहभागिता हुने, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षा प्रदान गर्नेसमेत व्यवस्था रहेको छ ।

समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको स्थापना गर्ने, सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने विषय राज्यका निर्देशक सिद्धान्तहरूमा उल्लेख गरिएको छ । किसानको हकहित संरक्षण र संवर्धन गर्दै कृषि उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने, मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभूत गर्ने तथा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति राज्यले अवलम्बन गर्ने विषय राज्यका नीतिमा उल्लेख छ। राज्यका निर्देशक सिद्धान्त एवम् राज्यका नीतिहरूमा अल्पसङ्ख्यक, सीमान्तकृत, पिछडा वर्ग, उत्पीडित तथा पिछडिएको क्षेत्र र विपन्न वर्गको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि आयोगले विशेष व्यवस्था गर्ने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता दिने व्यवस्थालगायतका संवैधानिक प्रावधानलाई समेत आफ्नो कार्यसम्पादनका आधारको रूपमा अङ्गीकार गरेको छ।

नेपालको संविधानको धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा उल्लिखित आयोगको काम, कर्तव्य र अधिकार, दिगो विकास लक्ष्य, सोह्रौँ योजनाले लक्षित गरेका रूपान्तरणकारी रणनीति तथा कार्यक्रम, अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्र सङ्घ र यसअन्तर्गतका निकायलगायत अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग नेपालले गरेका सन्धि सम्झौता एवम् प्रतिबद्धता यस आयोगको कार्यसम्पादनका अन्य आधार हुन्।

माथिका आधारका साथै राष्ट्रिय हित, सार्वजनिक हित, सामाजिक कल्याण र कमजोर वर्गको विशेष संरक्षण साथै समावेशिताको सिद्धान्त र पहिचान एवम् विविधता व्यवस्थापनसँग सम्बन्धित विषयहरू पनि आयोगका कार्यसम्पादनका आधार हुन्। आयोगले कार्यसम्पादन गर्दा संवैधानिक आयोगका मूल्य मान्यता, आदर्श तथा यसका सर्वमान्य सिद्धान्तहरू मूलतः स्वतन्त्रता, निष्पक्षता, स्वच्छता, तटस्थता, पारदर्शिता र विवेकपूर्ण निर्णयलाई अवलम्बन गर्ने गरेको छ।

परिच्छेद – दुई

# आयोगको सङ्गठनात्मक संरचना, वित्तीय स्थिति र भौतिक स्रोत साधनको अवस्था

## २.१ सङ्गठनात्मक संरचना

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा १४ मा आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने व्यवस्था छ । नेपाल सरकार (मन्त्रीपरिषद्) बाट मिति २०७७/०८/३० मा स्वीकृत सङ्गठनात्मक संरचनाअनुसार आयोगमा स्थायीतर्फ १३ र सेवा करारतर्फ १४ गरी जम्मा २७ जनाको दरबन्दी रहेको छ। आयोगमा पदाधिकारीतर्फ अध्यक्षसहित ५ जनाको दरबन्दी रहने व्यवस्था रहेकोमा हाल ३ जना सदस्यहरू बहाल छन् भने अध्यक्ष र एक जना सदस्यसहित २ जना पदाधिकारीको पद रिक्त रहेको अवस्था छ।

आयोगको स्वीकृत सङ्गठनात्मक संरचना देहायबमोजिम रहेको छ :



**पुनश्च :**

१. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरू (रा.प.अनं. प्रथम श्रेणीसरहको) प्रत्येक पदाधिकारी/सदस्यहरूलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पदपूर्ति गर्न सकिने छ।

२. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहीन) प्रत्येक पदाधिकारी/सदस्यहरूलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पदपूर्ति गर्न सकिने छ।

३. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहीन) २ (दुई) जना सदस्यहरूलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पदपूर्ति गर्न सकिने छ। स्विपर १ जनाका लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य सञ्चालन गर्न सकिने छ।

## २.२ दरबन्दी र पदपूर्तिको अवस्था

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ९ को उपदफा (१०) अनुरूप आयोगको सचिवको रूपमा नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी रहने व्यवस्था छ भने दफा १४ मा आयोगको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने व्यवस्था छ। आयोगको सचिवालयमा नेपाल सरकारबाट स्वीकृत सङ्गठन संरचनाअनुसार कर्मचारीको दरबन्दी र पदपूर्तिको अवस्थालाई तालिका नं. १ र तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

**स्थायी दरबन्दी र पदपूर्ति**

| क्र.सं. | पद/श्रेणीको विवरण | सेवा/समूह | स्वीकृत दरबन्दी सङ्ख्या | पदपूर्ति सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सचिव/राजपत्राङ्कित प्रथम श्रेणी | प्रशासन | १ | १ | |
| २ | उपसचिव/राजपत्राङ्कित द्वितीय श्रेणी | प्रशासन/सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत/राजपत्राङ्कित तृतीय श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ४ | नायब सुब्बा/रा.प.अनं. प्रथम श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ५ | कम्प्युटर अपरेटर/रा.प.अनं. प्रथम श्रेणी | प्रशासन/विविध | १ | १ | |
| ६ | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | प्रशासन/लेखा | १ | १ | |
| ७ | हलुका सवारी चालक (श्रेणीविहीन) | | २ | २ | करार |
| ८ | कार्यालय सहयोगी (श्रेणीविहीन) | | ३ | ३ | करार |
| | जम्मा | | १३ | १३ | |

**तालिका नं. २**

**अस्थायी दरबन्दी र पदपूर्ति**

| क्र.सं. | पद/श्रेणीको विवरण | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निजी सहायक/ रा.प.अनं. प्रथम श्रेणी | ५ | ० | रिक्त रहेको |
| २ | हलुका सवारी चालक (श्रेणीविहीन) | ५ | ३ | करार |
| ३ | कार्यालय सहयोगी (श्रेणीविहीन) | ३ | २ | करार |
| ४ | स्विपर (श्रेणीविहीन) | १ | १ | करार |
| | **जम्मा** | **१४** | **६** | |

आयोगका पदाधिकारीका निजी सहायक सेवा करारबाट नियुक्त गरिएकोमा वि.सं.२०८२ साल माघ १ गते देखि रिक्त रहेको छ भने हलुका सवारी चालक, कार्यालय सहयोगी र स्विपरका पदहरू करारबाट पूर्ति गरिएका छन् । आयोगमा आ.व. २०८२/८३ मा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची -१ मा उल्लेख गरिएको छ ।

## २.३ वित्तीय स्थिति

### २.३.१ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८२/८३ मा आयोगलाई नेपाल सरकारबाट चालुतर्फ पदाधिकारी खर्च रु. ८२,५५,३२० ।- (अक्षरेपि बयासी लाख पचपन्न हजार तीनसय बीस रुपियाँ मात्र), प्रशासनिक खर्च रु. ३,३२,००,०००।- (अक्षरेपि तीन करोड बत्तीस लाख रुपियाँ मात्र), पुँजीगततर्फ रु.२७,००,०००/- (अक्षरेपि सताइस लाख रुपियाँ मात्र) गरी कुल रु. ४,४१,५५,३२० ।- (अक्षरेपि चार करोड एकचालिस लाख पचपन्न हजार तीनसय बीस रुपियाँ मात्र) बजेट विनियोजन भएको थियो । आयोगको बजेट शीर्षक, उपशीर्षक र सङ्केतका आधारमा विनियोजित बजेट र खर्चलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३**

विनियोजित बजेट र खर्चको विवरण

| क्र.सं. | बजेट उपशीर्षक | बजेट शीर्षक | बजेट विनियोजन | संशोधित अन्तिम बजेट | कुल खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १. | २२६०००१३ | चालु (पदाधिकारी) | ८१००००० | ८२५५३२० | ५०५४७९० | ६१.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | २२६०००११३ | चालु | ३३०००००० | ३३२००००० | २३५७३२७९ | ७१ |
| ३. | २२६०००११४ | पुँजीगत | २७००००० | २७००००० | १८५३१००.८ | ६८.६ |
| | | **जम्मा** | **४३८०००००** | **४४१५५३२०** | **३०४८११६९.८** | **६९** |

### २.३.२ राजश्व, धरौटी र विविध

आर्थिक वर्ष २०८२/८३ मा आयोगमा रु. १९२२४/- (अक्षरेपि उन्नाइस हजार दुईसय चौबिस रुपियाँ मात्र) बेरुजु फर्स्यौटको रकम दाखिला भएको छ भने धरौटी खाताको मौज्दाततर्फ रु. ३४४९३/- (अक्षरेपि चौँतिस हजार चारसय त्रियानब्बे रुपियाँ मात्र) प्राप्त भएको छ भने विविध खाता शून्य रहेको छ। त्यसैगरी यस आयोगलाई राजश्व सङ्कलन गर्ने अधिकार नरहेको हुँदा राजश्व सङ्कलन शून्य रहेको छ ।

## २.४ भौतिक स्रोत साधनको अवस्था

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, पुल्चोकस्थित तत्कालीन फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र रहेको टहरा भवनहरू र विभिन्न आर्थिक वर्षमा नयाँ निर्माण गरिएका टहरा भवनबाट समेत आयोगको कार्यालय सञ्चालन हुँदै आएको छ । आयोगका अन्य भौतिक साधनहरूमा कार्यालय सञ्चालनसँग सम्बन्धित उपकरण, फर्निचर, कम्प्युटर तथा दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन रहेका छन् । आयोगको भौतिक सामग्रीको अवस्था खुलेको विवरण अनुसूची -२ मा समावेश गरिएको छ।

परिच्छेद – तीन

# आयोगको वार्षिक कार्यक्रम र कार्यान्वयनको अवस्था

## ३.१ आयोगको कार्यसम्पादन

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिमका आयोगको कार्यक्षेत्रभित्र पर्ने विभिन्न एघारओटा समुदाय, वर्ग र क्षेत्रलाई आयोगका पदाधिकारीहरूको विशेषज्ञता र रुचिसमेतका आधारमा कार्यविभाजन गरी कार्यसम्पादन भइरहेको छ । आयोगको कार्यक्षेत्र तथा हाल कायम रहेका पदाधिकारीहरूको कार्यविभाजन देहायबमोजिम रहेको छ :

| पद | पदाधिकारीको नाम | कार्यक्षेत्र |
|---|---|---|
| कार्यवाहक अध्यक्ष | हरिदत्त जोशी | • आयोगका पदाधिकारी तथा कर्मचारीलाई तोकिएको विषयमा समन्वय र निर्देशन<br>• आयोगको व्यवस्थापकीय कार्य र कार्यविभाजनमा नपरेका क्षेत्र तथा विषयहरू<br>• श्रमिक<br>• अपाङ्गता भएका व्यक्ति<br>• किसान |
| सदस्य | पुष्पराज तिमिल्सिना | • कर्णालीमा बसोबास गर्ने<br>• आर्थिक रूपले विपन्न वर्ग, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय<br>• पिछडा वर्ग<br>• सञ्चार तथा जनसम्पर्क |
| सदस्य | मान प्रसाद खत्री | • खस आर्य<br>• पिछडिएको क्षेत्र<br>• ज्येष्ठ नागरिक |

## ३.२ आयोगको बैठक तथा निर्णय

नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ र आयोगको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ अनुसार आयोगको बैठक सञ्चालन हुँदै आएको छ । उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाले आयोगको बैठक सञ्चालनलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन सहयोग पुगेको छ ।

आ.व. २०८२/८३ मा जम्मा १७ ओटा बैठक बसी विविध विषयमाथि छलफल गरी १७ ओटा निर्णय भएका थिए । बैठक तथा निर्णयसम्बन्धी सङ्क्षिप्त विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

आयोगको बैठकसम्बन्धी विवरण

| सि.नं | बैठक सङ्ख्या | निर्णय सङ्ख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | जम्मा बैठक सङ्ख्या १७ | ५ | योजना तथा कार्यक्रमसम्बन्धी | |
| २ | | ६ | अध्ययन/अनुसन्धान/अनुगमनसम्बन्धी | |
| ३ | | १ | नीतिगत सिफारिस/राय परामर्शसम्बन्धी | |
| ४ | | २ | वार्षिक प्रतिवेदनसम्बन्धी | |
| ५ | | ३ | प्रशासनिक र अन्य | |

## ३.३ वार्षिक कार्यक्रम

आ.व. २०८२/८३ मा आयोगको वार्षिक कार्यक्रममा विभिन्न कार्यक्रमतर्फ रु. ८२,००,००० ।-(अक्षरेपि बयासी लाख रुपियाँ मात्र) बजेट विनियोजन भएको थियो । उक्त विनियोजित बजेटबाट देहायबमोजिमका विषयहरू समेटी वार्षिक कार्यक्रम स्वीकृत गरिएको थियो :

१. आर्थिक रूपले विपन्न वर्गको पहिचानको आधार र मापदण्डसम्बन्धी अध्ययन
२. ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षासम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकनसम्बन्धी अध्ययन
३. निजी तथा संस्थागत विद्यालय तथा स्वास्थ्य क्षेत्रका श्रमिकहरूको अवस्थासम्बन्धी अध्ययन
४. नेपालमा खस आर्यको पौराणिक र प्राग्ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षण सम्बन्धी अध्ययन
५. नेपालमा यौनिक अल्पसङ्ख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचानसम्बन्धी अध्ययन
६. पिछडिएका क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिसम्बन्धी अध्ययन

७. विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन
८. वार्षिक प्रतिवेदन प्रकाशन
९. समावेशीकरणसम्बन्धी लेख/रचना समावेश गरी स्मारिका प्रकाशन
१०. वार्षिक समीक्षा
११. स्थानीयस्तर, प्रदेशस्तर र केन्द्रीयस्तर छलफल तथा अन्तरक्रिया
१२. लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम
१३. विज्ञ समूहसँग अन्तरक्रिया
१४. आयोगबाट अध्ययन भएका प्रतिवेदन छपाई
१५. आयोगका पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम
१६. आयोग दिवस
१७. समावेशी आयोगसँग रेडियो कार्यक्रम
१८. समावेशी आयोगसँग टेलिभिजन कार्यक्रम

आयोगबाट स्वीकृत वार्षिक कार्यक्रमको पूर्ण विवरण अनुसूची -३ मा राखिएको छ ।

## ३.४ आयोगबाट सम्पादित मुख्य कार्यहरू

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले यस आयोगले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सुनिश्चित गरेको छ। सोहीबमोजिम आयोगको स्वीकृत कार्यक्रम र विनियोजित बजेटभित्र रही आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट देहायबमोजिम मुख्य मुख्य कार्यहरू सम्पादन भएका छन् :

### ३.४.१ अध्ययन अनुसन्धान

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षण गर्न, नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुन कार्यान्वयनको अवस्थाको सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै उनीहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिससमेत गर्नका लागि आयोगबाट विभिन्न विषयमा अध्ययन भएको थियो । प्रतिवेदन वर्षमा आयोगबाट भएका अध्ययनहरू देहायबमोजिम छन् :

**(क) आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार र मापदण्डसम्बन्धी अध्ययन**

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ बमोजिम आयोगको कार्यक्षेत्रमा आर्थिक रूपले विपन्न वर्ग पर्छ । नेपालको संविधानमा आर्थिक रूपले विपन्न वर्ग भन्नाले सङ्घीय कानुनमा तोकिएको

भन्दा कम आय भएको व्यक्ति सम्झनुपर्छ भन्ने उल्लेख रहेको तर सङ्घीय कानुनमा आर्थिक रूपले विपन्न वर्ग पहिचानका स्पष्ट आधार र मापदण्डसम्बन्धी व्यवस्था नदेखिएकाले आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा आर्थिक रूपले विपन्न वर्गको पहिचानको आधार र मापदण्डसम्बन्धी विषयको अध्ययन समावेश गरी परामर्श सेवा खरिदमार्फत अध्ययनकर्ताद्वारा अध्ययन गराइएको थियो। अध्ययनको मुख्य उद्देश्य आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार र मापदण्ड तयार गर्नु रहेको थियो। अध्ययनको क्षेत्रअन्तर्गत नेपालको संविधान तथा विद्यमान कानुनहरूमा आर्थिक रूपले विपन्न वर्गको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्थाको अध्ययन तथा विश्लेषण गर्नु, आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार तथा मापदण्ड पहिचान गरी सुझाव प्रदान गर्नु, आर्थिक रूपले विपन्न वर्गको आर्थिक तथा सामाजिक रूपमा सशक्तीकरणका लागि अपनाउनुपर्ने उपायका बारेमा सुझाव प्रदान गर्नु रहेको थियो।

अध्ययनको क्रममा आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र अध्ययनकर्ता विज्ञसमेतको उपस्थितिमा गोरखा जिल्लाको बारपाक सुलिकोट गाउँपालिका र गण्डकी गाउँपालिकामा आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार र मापदण्डसम्बन्धी अध्ययन विषयमा स्थानीयस्तरमा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो। सोही सन्दर्भमा नीति तथा योजना आयोग गण्डकी प्रदेशका पदाधिकारी एवम् कर्मचारीसँग समेत अध्ययनको विषयमा छलफल गरिएको थियो।

अध्ययनकर्ताले पेस गरेको मस्यौदा प्रतिवेदनमा यस आयोगका पदाधिकारी एवम् सचिव र सरोकारवाला निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखाका कर्मचारी प्रतिनिधि, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कर्मचारी प्रतिनिधि, राष्ट्रिय योजना आयोगका अनुसन्धान तथा अन्वेषण महाशाखाका कर्मचारी प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रतिनिधि, राष्ट्रिय तथ्याङ्क कार्यालयका कर्मचारी प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिको उपस्थितिमा उक्त अध्ययनका विषयमा छलफल भई राय, सुझाव तथा पृष्ठपोषणसमेत लिइएको थियो।

अध्ययनकर्ताले अध्ययन प्रतिवेदनमा नेपालको गरिबी मापन प्रणाली तथा सामाजिक समावेशीकरणका सिद्धान्तका आधार र अन्तर्राष्ट्रिय अभ्यासअनुसार आर्थिक रूपमा विपन्न वर्गको पहिचान गर्दा केवल आयलाई मात्र आधार नबनाई आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, आवासीय, सम्पत्ति तथा जोखिमसम्बन्धी सूचकहरूको समग्र मूल्याङ्कन गर्न आवश्यक रहेको भनी आर्थिक आधार, सामाजिक आधार, आवास तथा जीवनस्तरसम्बन्धी आधार, जोखिम तथा संवेदनशीलता, जनसाङ्ख्यिक आधार, भौगोलिक आधार र बहुआयामिक अभाव जस्ता आधार, सूचक र मापदण्ड उल्लेख गरेका छन्।

### (ख) ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षासम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकनसम्बन्धी अध्ययन

नेपालको संविधानमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको मौलिक हकको प्रत्याभूति गरिएको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले साठी वर्ष पूरा गरेका नेपालीलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको र ज्येष्ठ नागरिकलाई असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिक भनी वर्गीकरण गरेको छ । त्यसैगरी सामाजिक सुरक्षा ऐन, २०७५ ले दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले अठसट्ठी वर्ष पूरा गरेपछि नेपाल सरकारले तोकेबमोजिम सामाजिक सुरक्षा भत्ताबापत ज्येष्ठ नागरिक भत्ता पाउने व्यवस्था गरेको छ । सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई दिइने नगद भत्ता वा सहायतालाई सामाजिक सुरक्षाको रूपमा परिभाषित गरेको छ । नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार आयोगको कार्यक्षेत्रभित्र ज्येष्ठ नागरिक पनि रहेको छ । सोही सन्दर्भमा आयोगले ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षासम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकनसम्बन्धी अध्ययन परामर्श सेवा खरिद मार्फत गरेको थियो । अध्ययनको उद्देश्य सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि ज्येष्ठ नागरिकको वर्गीकरणको विद्यमान व्यवस्थाको पुनरावलोकन गर्नु, उमेरअनुसार ज्येष्ठ नागरिकको शारीरिक स्वास्थ्य, आवश्यकता र सक्रियता फरक पर्ने भएकाले ज्येष्ठ नागरिकको उमेर र आर्थिक हैसियतका आधारमा वर्गीकरण गरी सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा आवश्यक उपाय पहिचान तथा सुझाव सिफारिस गर्नु रहेको थियो ।

अध्ययनका क्रममा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका कर्मचारी प्रतिनिधि, राष्ट्रिय योजना आयोगका कर्मचारी प्रतिनिधि, काठमाडौँ महानगरपालिकाका कर्मचारी प्रतिनिधि, ललितपुर महानगरपालिका कर्मचारी प्रतिनिधि, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका प्रतिनिधि र राष्ट्रिय समावेशी आयोगका पदाधिकारी, सचिव एवम् कर्मचारीको उपस्थितिमा अध्ययनकर्ताले प्रस्तुत गरेको अध्ययनको मस्यौदा प्रतिवेदनमा छलफल तथा अन्तरक्रिया गरी राय सुझावसमेत लिइएको थियो ।

अध्ययनकर्ताले अध्ययन प्रतिवेदनमा नेपालको सामाजिक सुरक्षा प्रणालीलाई केवल भत्ता वितरणमा सीमित नराखी अधिकारमा आधारित, समावेशी, आवश्यकतामा आधारित तथा जीवनचक्र दृष्टिकोणमा आधारित प्रणालीमा रूपान्तरण गर्न सकेमा ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा, आत्मनिर्भरता तथा गुणस्तरीय जीवन सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुग्ने छ भन्ने निष्कर्ष राखेको देखिन्छ । ज्येष्ठ नागरिकको वर्गीकरण गर्दा उमेरलाई मात्र आधार नलिई आर्थिक अवस्था, स्वास्थ्य अवस्था, अपाङ्गता, पारिवारिक सहयोग तथा सामाजिक जोखिम र भौगोलिक अवस्था समेट्ने बहुआयामिक मापदण्डका आधारमा पुनरावलोकन गर्न

उपयुक्त हुने देखिन्छ । केही नभएका र कोही नभएका व्यक्तिका लागि लाभ हुने गरी वास्तविक रूपमा गरिब, अशक्त, एकल महिला, अपाङ्गता भएका तथा सामाजिक रूपमा पछाडि परेका ज्येष्ठ नागरिकहरूलाई प्राथमिकतामा राखी लक्षित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ । तथ्याङ्क व्यवस्थित गर्नुपर्ने, सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय सुदृढ गर्नुपर्ने, कानुनी तथा नीतिगत सुधार गरी सामाजिक सुरक्षा प्रणाली बनाउन उपयुक्त हुने अध्ययनकर्ताले सुझाव दिएका छन् ।

**(ग) नेपालमा खस आर्यको पौराणिक र प्राग्ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षणसम्बन्धी अध्ययन**

नेपालमा खस आर्यको पौराणिक र प्राग्ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षणसम्बन्धी अध्ययनअन्तर्गत नेपालमा खस आर्यको संस्कृति संरक्षणसम्बन्धी अध्ययन परामर्श सेवा खरिदमार्फत गरिएको थियो । अध्ययनको उद्देश्य नेपालमा खस आर्यको सांस्कृतिक इतिहास, विकासक्रम, संस्कृतिमा आएको परिवर्तन सम्बन्धमा विश्लेषण गर्नुका साथै खस आर्य संस्कृति संरक्षणमा देखिएका समस्या तथा चुनौती र त्यसको संरक्षणका उपायहरू पहिचान गर्नु रहेको थियो । अध्ययनको क्षेत्र खस आर्य संस्कृति सम्बन्धमा नेपाल सरकारको नीतिगत एवम् कानुनी व्यवस्थाको अध्ययन तथा विश्लेषण गर्नु, खस आर्य संस्कृति सम्बन्धमा भएका विभिन्न साहित्य, अध्ययन प्रतिवेदन, लेख तथा अभिलेखहरूको अध्ययन तथा विश्लेषण गर्नु, खस आर्यको संस्कृति संरक्षणमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान तथा विश्लेषण गर्नु, खस आर्यको संस्कृति संरक्षणका उपायहरू पहिचान तथा विश्लेषण गर्नु रहेको छ ।

आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र अध्ययनकर्ताको उपस्थितिमा कास्की जिल्लाको रूपा गाउँपालिकामा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको थियो । त्यसैगरी त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुख; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि; महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि; नेपाल दशनामी समाजका प्रतिनिधि; ठकुरी समाज महासङ्घ नेपालका प्रतिनिधि; खस क्षेत्री एकता समाजका प्रतिनिधि; ब्राह्मण समाज नेपालका प्रतिनिधि; बाह्रपन्थी, नाथ योगी सङ्घ नेपालका प्रतिनिधि; संयुक्त खस क्षेत्री नेपालका प्रतिनिधि र आयोगका पदाधिकारी एवम् सचिवको उपस्थितिमा अध्ययनकर्ताले पेस गरेको मस्यौदा प्रतिवेदनमा छलफल तथा अन्तरक्रिया गरी राय, सुझाव र पृष्ठपोषण लिइएको थियो ।

**अध्ययनकर्ताद्वारा अध्ययनको अन्तिम प्रतिवेदनमा खस आर्य संस्कृतिको संरक्षणका लागि निम्न विषय औँल्याइएका छन् :**

(अ) खस आर्यका पूर्वजहरूले निर्माण गरेका स्मारकलगायतका मूर्त सम्पदा र अभ्यास गरेका अमूर्त सम्पदाहरूको क्षय भइरहेको सन्दर्भमा ऐतिहासिक धरोहरहरूको भौतिक र आध्यात्मिक संरक्षणको प्रबन्ध, त्यस्ता धरोहरहरूको संरक्षणका निम्ति पुर्खाहरूले आफ्नै आयबाट स्थापना गरेका गुठीगान, पूजाव्यवस्था, बढाइँ, भोजभण्डारा, मेला जात्राहरू, गौचरण, पानीघाट, धर्मशाला, धर्मपानी आदिको पुनः सञ्चालनमा सरकारको सक्रियतासहितको संवर्धन योजना र कार्यान्वयनको आवश्यकता हुनुपर्छ।

(आ) प्राचीन खस आर्य जातिले बचाएर राखेको प्राचीन कला, वास्तुकला, चित्रकला, मूर्तिकला, ग्रन्थलेखन, ग्रन्थ चित्रकला, भित्ते चित्रकला, वास्तुकला, मूर्ति निर्माण र रङ्गकला, वस्त्र तथा आभूषणकला, शृङ्गारकला, औषधी निर्माणकला, मण्डप निर्माणकला, रेखा हाल्ने प्रचलनमा सुरक्षित प्राचीन सुषुप्त वास्तुकला आदिलाई वैज्ञानिकीकरणसाथ सञ्चय र प्रयोगमा ल्याउने वातावरण सरकारले तयार गर्नुपर्ने।

(इ) धर्मान्तरणलाई पूर्णतः प्रतिबन्ध गर्नुपर्ने।

(ई) नेपाली संस्कृतिलाई यथारूपमा सजीव बनाउनका निम्ति विद्यालय र विश्वविद्यालयहरूमा अध्यापन गर्ने विषय विज्ञहरूको संलग्नताबाट त्यस्ता संस्कारमूलक पाठ्यक्रम तयार गर्न लगाई अनिवार्य विषयका रूपमा पठनपाठन र अभ्यास गराउनुपर्ने।

**(घ) यौनिक अल्पसङ्ख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचानसम्बन्धी अध्ययन**

आयोगको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा नेपालमा यौनिक अल्पसङ्ख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचानसम्बन्धी अध्ययन रहेको थियो। उक्त अध्ययनको मुख्य उद्देश्य नेपालमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका आर्थिक तथा सामाजिक अवस्थाको विश्लेषण गर्नु, सरकारी निकाय, समाज र परिवारमा उनीहरूको अवस्थाको विश्लेषण गर्नु, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको सशक्तीकरणका उपायहरू पहिचान गर्नु रहेको थियो। आयोगले उक्त अध्ययनकार्य परामर्श सेवा खरिदमार्फत गरेको थियो।

आयोगका सदस्यद्वय पुष्पराज तिमिल्सिना एवम् अध्ययनकर्ता समेतको उपस्थितिमा चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं. २ र ३ मा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो।

अध्ययनकर्ताले अध्ययन प्रतिवेदनमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय नेपालको संविधान र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डअनुसार कानुनी रूपमा केही अधिकार प्राप्त भए पनि व्यावहारिक

रूपमा ती अधिकार पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको, समाजमा विद्यमान पूर्वाग्रह, अज्ञानता र रूढिवादी सोचका कारण अझै पनि बहुआयामिक भेदभाव भोग्नुपरेको; शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, न्याय, सामाजिक सुरक्षा र पारिवारिक जीवन जस्ता आधारभूत अधिकारहरूमा समान पहुँच सुनिश्चित हुन नसकेको निष्कर्ष पेस गर्नुभएको छ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका अधिकार सुनिश्चित गर्न स्पष्ट, एकीकृत तथा कार्यान्वयनयोग्य नीतिगत तथा कानुनी व्यवस्था निर्माण गर्नुपर्ने; समलिङ्गी विवाह; पहिचानको अधिकार, सम्पत्ति, उत्तराधिकार, अभिभावकत्व तथा अन्य पारिवारिक अधिकारसम्बन्धी कानुनी प्रावधानहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने; संविधान एवम् कानुनद्वारा सुनिश्चित गरिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि सबै तहका सरकारी कार्यालय, प्रहरी प्रशासन तथा न्यायिक निकायमा लैङ्गिक तथा यौनिक विविधतासम्बन्धी संवेदनशीलता तालिम अनिवार्य गर्नुपर्ने; उजुरी सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै लैङ्गिक समावेशी डेस्क वा फोकल युनिटको स्थापना एवम् मानव अधिकार अनुगमन तथा संरक्षण संयन्त्रलाई थप सुदृढ गर्नुपर्ने; विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमहरूमा लैङ्गिक तथा यौनिक विविधतासम्बन्धी विषयवस्तु समावेश गरी विद्यार्थी, शिक्षक र शैक्षिक कर्मचारीहरूका लागि नियमित सचेतना तथा क्षमता विकासका तालिम सञ्चालन गर्नुपर्ने; लैङ्गिक तथा यौनिक समुदायमैत्री स्वास्थ्य सेवा प्रणाली विकास गरी स्वास्थ्य सेवामा समान, सुरक्षित र सम्मानजनक पहुँच सुनिश्चित गर्नुपर्ने; सरकारी तथा निजी क्षेत्रमा समावेशी रोजगार नीति लागु गरी समान अवसरको सुनिश्चितताका साथै सिप विकास, उद्यमशीलता, आत्मनिर्भरता तथा आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनुपर्ने; लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायप्रति हुने भेदभाव, हिंसा, दुर्व्यवहार तथा मानव अधिकार उल्लङ्घनका घटनामा छिटो, निष्पक्ष र प्रभावकारी न्यायको सुनिश्चितता गर्दै प्रहरी प्रशासन तथा न्यायिक निकायलाई लैङ्गिक तथा यौनिक विविधताप्रति संवेदनशील बनाउँदै पीडितमैत्री सेवा प्रवाहको व्यवस्था, कानुनी सहायता र न्यायमा सहज पहुँच सुनिश्चित हुनुपर्नेलगायतका सुझाव समावेश गरिएका छन्।

**(ङ) पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिसम्बन्धी अध्ययन**

आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिसम्बन्धी अध्ययन कार्यक्रम रहेको थियो। अध्ययनको उद्देश्य पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति, स्थानीय रोजगारी उद्यमशीलता र जीविकोपार्जनको अवस्थाको मूल्याङ्कन तथा विश्लेषण गर्नु; त्यस क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिको संरक्षण तथा संवर्धन गर्ने उपाय पहिचान गर्नुका साथै नीति, कार्यक्रम तथा लगानीका लागि कार्यान्वयनयोग्य सुझाव सिफारिस गर्नु रहेको थियो।

अध्ययनका क्रममा आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र अध्ययनकर्ता विज्ञसमेतको उपस्थितिमा बझाङ जिल्लाको वित्थडचिर गाउँपालिकामा छलफल तथा अन्तरक्रिया गरी अध्ययनसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसैगरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि; महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि; नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधि; निर्वाचन आयोगका प्रतिनिधि; राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिनिधि; त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका प्रतिनिधि; यस आयोगका पदाधिकारी एवम् सचिव र अन्य कर्मचारीसमेतको उपस्थितिमा अध्ययनकर्ताले प्रस्तुत गरेको अध्ययन प्रतिवेदनमा छलफल तथा अन्तरक्रिया गरी राय, सुझाव लिइएको थियो ।

अध्ययनकर्ताले अध्ययन प्रतिवेदनमा आर्थिक सम्भावनासम्बन्धी सभ्यता तथा कला संस्कृतिसम्बन्धी र नीतिगत तथा संस्थागत व्यवस्थासम्बन्धी सिफारिस गरेका छन् । नेपाल सरकारका लागि आर्थिक सम्भावना नीतिगत सिफारिसहरूमा जडीबुटी प्रशोधन र मूल्य शृङ्खला विकास नीति; एकीकृत पर्यटन परिपथ र पूर्वाधार विकास, जलविद्युत्, खनिज र पूर्वाधार विकास नीति; विशेष आर्थिक कार्यक्रम र बजेटको व्यवस्था रहेका छन् । सभ्यता र संस्कृति संरक्षणका लागि नीतिगत सिफारिसअन्तर्गत विपद्पछिको पुरातात्त्विक पुनःनिर्माण नीति र हुम्ला र डोल्पाका गुम्बाहरूको विशेष संरक्षण रहेका छन् । प्रदेश सरकारका लागि प्रदेशस्तरीय सांस्कृतिक नीति र संस्थागत संरचना, प्रदेश पर्यटन प्रवर्धन र पूर्वाधारसम्बन्धी सिफारिस रहेको छ । त्यसैगरी स्थानीय तह र सरोकारवालाका लागि सिफारिसअन्तर्गत होमस्टे कार्यक्रम विस्तार र स्थानीय पर्यटन व्यवस्थापन; देउडा, हुड्केली र मस्टोलगायत अन्य देवता धामी संस्कृतिको संरक्षण र पुस्तान्तरण र धार्मिक पर्यटन पूर्वाधारको सुदृढीकरण रहेका छन् । समुदाय तथा सरोकारवालाका लागि सिफारिसअन्तर्गत युवा उद्यमशीलता र सिप विकास; सांस्कृतिक सम्पदाको सामुदायिक स्वामित्व र आर्थिक लाभ; गैरसरकारी संस्था र नागरिक समाजको भूमिका रहेका छन् ।

**(च) विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन**

आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन कार्यक्रम रहेकोमा सोही कार्यक्रमअन्तर्गत आयोगले लोपोन्मुख अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन गरेको थियो । अध्ययनको उद्देश्य लोपोन्मुख समुदायको अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रका लागि मापदण्ड तथा आधार पहिचान गर्नुको साथै उनीहरूको अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रको संरक्षणका लागि राज्य र समुदायको भूमिका सम्बन्धमा सुझाव दिनु रहेको थियो ।

अध्ययनको सिलसिलामा आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र अध्ययनकर्ताको उपस्थितिमा मकवानपुर जिल्लाको मनहरी गाउँपालिकाको वडा नं. ४ मा बनकरिया समुदायका प्रतिनिधि र गोरखा जिल्लास्थित गोरखा नगरपालिकाको वडा नं. ११ मा कुसुन्डा समुदायका व्यक्तिहरूसँग लोपोन्मुख अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन विषयमा स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

अध्ययनकर्ताले पेस गरेको अध्ययनको मस्यौदा प्रतिवेदनमा यस आयोगका पदाधिकारीहरू; आयोगका सचिव; त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुख; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव एवम् यस आयोगका उपसचिवको उपस्थितिमा छलफल भई राय तथा सुझाव दिइएको थियो।

अध्ययनकर्ताले बुझाएको अन्तिम प्रतिवेदनमा लोपोन्मुख अभौतिक संस्कृतिका बारेमा अध्ययन गरी सुझाव दिइएको छ। लोपोन्मुख जातिमा जनसङ्ख्या कम भएको, भाषा, संस्कृति र परम्परा लोप हुने जोखिममा रहेका तथा सामाजिक, आर्थिक रूपमा पछाडि परेका दशओटा समुदाय हायु, राउटे, कुसुन्डा, राजी, सुरेल, कुशबाडया, लेप्चा, किसान, मेचे र बनकरिया रहेका छन् । यी जाति/समुदायहरूमा आआफ्नै विशिष्ट खालका पुस्तौँदेखि अभ्यास गर्दै आएका परम्परा, ज्ञान, सिप, अभिव्यक्ति, सामाजिक व्यवहार, उत्सव, संस्कार, मौखिक इतिहास, भाषा तथा प्रकृतिसँग सम्बन्धित ज्ञान रहेका छन्। प्रतिवेदनमा उल्लेख भएअनुसार अमूर्त सांस्कृतिक सम्पदाहरू समुदायको पहिचान, सामाजिक एकता र ऐतिहासिक निरन्तरताका आधार हुन् तर पछिल्ला वर्षहरूमा धेरै समुदायमा नयाँ पुस्ताले परम्परागत ज्ञान ग्रहण गर्न छोड्नु, रोजगारीका लागि बसाइँसराइ बढ्नु, बाह्य संस्कृतिको प्रभाव तथा सांस्कृतिक अभ्यास घट्नुका कारण यी सम्पदाहरू हराउने जोखिम बढ्दै गएको अवस्था छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा यस्ता संरक्षण क्षेत्रसम्बन्धी व्यवस्था गरिए पनि संरक्षण क्षेत्र पहिचान गरेर अघि बढेको पाइँदैन। यस अध्ययन प्रतिवेदनमा लोपोन्मुख समुदायको अभौतिक संस्कृति संरक्षण क्षेत्र पहिचानका लागि आवश्यक पर्ने मापदण्ड र आधारहरू निम्नबमोजिम सुझाइएको छ :

(अ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम लोपोन्मुख समुदायको बसोबास भएको क्षेत्र हुनुपर्ने,

(आ) अभौतिक संस्कृतिको संरक्षण र निरन्तर अभ्यास सामूहिक रूपमा भएको हुनुपर्ने,

(इ) लोपोन्मुख समुदायको सांस्कृतिक सिप, धार्मिक अनुष्ठान र परम्परागत ज्ञान रैथाने प्राकृतिक वातावरण र भूगोलसँग अभिन्न रूपमा जोडिएका हुँदा उनीहरू निरन्तर रूपमा बस्दै आएको भूगोल हुनुपर्ने,

(ई) लोपोन्मुख समुदायको अभौतिक संस्कृति जीवन्त रहेको हुनुपर्ने जसका लागि देहायबमोजिमका अवस्थाहरू विद्यमान भएको हुनुपर्ने:-

- समुदायमा मातृभाषा बोल्ने व्यक्ति रहेको तथा नयाँ पुस्ताले उक्त भाषा सिक्ने, प्रयोग गर्ने र पुस्तान्तरण भइरहेको अवस्था हुनुपर्ने,
- परम्परागत नृत्य, सङ्गीत, गायन, वादन, नाट्य वा अन्य सांस्कृतिक अभिव्यक्तिहरू नियमित रूपमा अभ्यास भइरहेको अवस्था हुनुपर्ने,
- समुदायका चाडपर्व, संस्कार तथा परम्परागत अनुष्ठानहरू नियमित रूपमा अभ्यास भइरहेको हुनुपर्ने।

### ३.४.२ छलफल तथा अन्तरक्रिया र चेतनामूलक कार्यक्रम

प्रतिवेदन वर्षमा आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालासँग सङ्घ, प्रदेश तथा स्थानीय तह स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिएको थियो। त्यस्ता कार्यक्रमबाट प्राप्त सुझाव तथा कार्यक्रममा सहभागीबाट व्यक्त धारणालाई आयोगबाट भएका अध्ययन अनुसन्धान, नीति तथा कार्यक्रम सिफारिसका सन्दर्भमा पृष्ठपोषणका रूपमा उपयोग गरिएको थियो।

(क) **केन्द्रीय स्तरमा छलफल तथा अन्तरक्रिया**

आयोगले लक्षित वर्ग तथा समुदायका प्रतिनिधिहरूसँग राष्ट्रिय समावेशी आयोगको भूमिका र आयोगले गरेका काम कारबाहीका बारेमा जानकारी गराउनुका साथै आगामी दिनमा आयोगले गर्ने कार्यक्रमको सम्बन्धमा लक्षित वर्ग तथा समुदायका प्रतिनिधिबाट राय तथा सुझाव प्राप्त गर्ने उद्देश्यले छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। यस अन्तरक्रिया कार्यक्रममा खस आर्यसँग सम्बन्धित संस्था, राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल अपाङ्ग महिला सङ्घ, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ, नेपाल ट्रेड युनियन महासङ्घ, राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको महासङ्घ, नेत्रहीन युवा सङ्घ नेपाल र पिछडिएको क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। अन्तरक्रियामा आयोगबाट सिफारिस भएका विषयहरूको कार्यान्वयन पक्षको अनुगमन गर्नुपर्ने, आयोगले सचेतनाका लागि अन्य सामाजिक सञ्जालको प्रयोग गर्नुपर्ने, विनियोजन भएका स्रोत साधनको अधिकतम उपयोग हुने गरी कार्यक्रम गर्नुपर्ने, आयोगबाट प्रकाशित प्रकाशनलाई अपाङ्गमैत्री बनाउनुपर्ने, श्रमिकहरूले अहिले पनि न्यूनतम पारिश्रमिक पाएका छैनन् सो सम्बन्धमा आयोगले आवाज उठाउनुपर्ने, थर सूचीकरणको सिफारिस कार्यान्वयनका लागि आयोगका पदाधिकारीले जोड दिनुपर्ने, लोकसेवा आयोगबाट दिइने आरक्षण वर्गको आधारमा दिनुपर्ने, धेरै आयोगको सट्टा एउटा आयोग बनाई अन्य आयोगको कार्यक्षेत्र पनि समेट्नुपर्ने, जिल्लाभित्रका पिछडिएको स्थानीय तहलाई पिछडिएको क्षेत्र घोषणा गर्नुपर्ने लगायतका विषयहरू सहभागीको तर्फबाट सुझावका रूपमा प्राप्त भएको थियो ।

(ख) **प्रदेश स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम**

आयोगले प्रतिवेदन वर्षमा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौँडामा खस आर्य, थारू, किसान, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, पिछडा वर्गलगायतका क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधि, प्रदेश अवस्थित स्थानीय तहका सम्बन्धित पदाधिकारी र प्रदेश मन्त्रालयका प्रतिनिधिहरूको सहभागितामा प्रदेशस्तरमा समावेशीकरण कार्यान्वयनको अवस्था र यसको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा प्रदेश सामाजिक विकास मन्त्री माननीय कञ्चनचन्द्र बादेज्यूको प्रमुख आतिथ्य र आयोगका सदस्य पुष्पराज तिमिल्सिनाको अध्यक्षता एवम् सदस्य मान प्रसाद खत्रीको सहभागिता रहेको थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव श्री खुविराम अधिकारीज्यूले "बागमती प्रदेशमा समावेशीकरण कार्यान्वयनको अवस्था, यसको कार्यान्वयनमा देखिएका समस्या र चुनौती" सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा प्रदेशको आवधिक योजना, प्रदेशमा समावेशीकरणका लागि सञ्चालन गरिएका मुख्य कार्यक्रम, समस्या र चुनौतीका विषयहरू समावेश गरिएको थियो । लक्षित वर्गसँग आयोग र प्रदेशबाट सञ्चालित कार्यक्रम सम्बन्धमा राय, सुझाव र धारणा लिइएको थियो ।

**(ग) स्थानीय स्तरमा छलफल तथा अन्तरक्रिया र अन्य कार्यक्रम**

आयोगको कार्यक्षेत्रसँग सम्बन्धित सरोकारवालासँग स्थानीयस्तरमा गरिएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूको विवरण देहायबमोजिम छ :

**तालिका नं. ५**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम भएको स्थान | उठान भएका सिफारिस/ सिफारिस भएका विषय |
|---|---|---|---|
| १. | लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँचसम्बन्धी छलफल तथा अन्तरक्रिया | खाँदबारी न.पा. सङ्खुवासभा, धनकुटा न.पा. धनकुटा, त्रियुगा न.पा. उदयपुर, इच्छाकामना गा.पा. चितवन, देवचुली न.पा. नवलपरासी (बर्दघाट सुस्ता पूर्व), बन्दीपुर गा.पा. तनहुँ, अन्नपूर्ण गा.पा. कास्की, जैमिनी गा.पा. बागलुङ, फलेबास न.पा. र जलजला गा.पा. पर्वत, खप्तडछान्ना गा.पा. बझाङ, अमरगढी न.पा. डडेलधुरा, जोरायल गा.पा. डोटी, मेलम्ची न.पा., सुनकोसी गा.पा. | • आरक्षणको व्यवस्था न्यायोचित नभएको र सम्पन्न व्यक्तिहरूको मात्र पहुँच भएको<br>• विपन्नताका आधारमा सामाजिक सुरक्षाको व्यवस्था हुन नसकेको<br>• लक्षित वर्गका लागि सशक्तीकरणका उपाय |

| | | | |
|---|---|---|---|
| | | सिन्धुपाल्चोक र बेथानचोक गा.पा. काभ्रेपलाञ्चोक । | सम्बन्धमा निश्चित मापदण्ड नभएको<br>● सङ्घमा, प्रदेश र स्थानीय तहमा रहेको कार्यजिम्मेवारीको दोहोरोपनाले गर्दा कार्यक्रम कार्यान्वयनमा कठिनाइ भएको<br>● समस्या समाधानका लागि नीतिगत सुधार र प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने<br>● अपाङ्गता भएका व्यक्तिले पर्याप्त सेवा सुविधा पाउन नसकेको |

**(घ) अध्ययनसँग सम्बन्धित प्रदेश तथा स्थानीय तहका सरोकारवालासँग भएको छलफल तथा अन्तरक्रिया**

| क्र.सं. | अध्ययनको विषय | कार्यक्रम गरेको स्थान | उठान भएका सिफारिस/ सिफारिस भएका विषय |
|---|---|---|---|
| १. | नेपालमा खस आर्यको संस्कृति संरक्षणसम्बन्धी अध्ययन | रूपा गा.पा. कास्की | ● नेपालका धर्म/संस्कार लोप हुँदैछन् । यसको जगेर्ना गर्न आवश्यक छ ।<br>● खस आर्यमा कुन जाति पर्ने हो स्पष्ट हुनुपर्ने ।<br>● खस आर्य संस्कृतिसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको सङ्कलन गरी अध्ययनमा एकरूपता ल्याउने । |
| २. | आर्थिक रूपले विपन्न वर्गको पहिचानको | बारपाक सुलिकोट गाँउपालिका र गण्डकी गाँउपालिका गोरखा | |

| | | | |
|---|---|---|---|
| | आधार र मापदण्डसम्बन्धी अध्ययन | गण्डकी प्रदेशको नीति तथा योजना आयोगका पदाधिकारी र कर्मचारीहरूसँग छलफल | • पारिवारिक आम्दानी ज्यादै न्यून भएको,<br>• साधारण जिविका चलाउनसमेत समस्या रहेको,<br>• रोजगारीको अवसर नभएको,<br>• पोषणयुक्त खाद्यान्नको अभाव रहेको,<br>• बसोबासका लागि आफ्नो जग्गाजमिन नभएको। |
| ३. | पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिसम्बन्धी अध्ययन | वित्थडचिर गा.पा. बझाङ | • पिछडिएको क्षेत्रमा रोजगारीको सिर्जना गर्न जडीबुटी उत्पादन तथा प्रशोधनलाई जोड दिनुपर्ने<br>• पर्यटन विकासका माध्यमबाट रोजगारी सिर्जना गर्नुपर्ने,<br>• सडक तथा सञ्चार पूर्वाधार विकासमा जोड दिनुपर्ने,<br>• पिछडिएको क्षेत्रको भाषा, कला, संस्कृतिको लोप हुन नदिन संरक्षण गर्नुपर्ने। |
| ४. | विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन | मनहरी गाउँपालिका वडा नं. ४, मकवानपुर र गोरखा नगरपालिका वडा नं. ११, गोरखा | |
| ५. | नेपालमा यौनिक अल्पसङ्ख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपायहरू पहिचानसम्बन्धी अध्ययन | भरतपुर म.न.पा. वडा नं. २ र वडा नं. ३, चितवन | • लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूलाई नागरिकता बनाउन कठिनाइ रहेको,<br>• शिक्षा क्षेत्रमा विभेद हुने गरेको, |

| | | | |
|---|---|---|---|
| | | | • शारीरिक,मानसिक तथा यौनहिंसाको जोखिम रहेको,<br>• सम्मानित रोजगारी पाउन कठिनाइ भएको,<br>• मानसिक स्वास्थ्य समस्याले गर्दा आत्महत्या बढ्ने गरेको,<br>• लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई निजामती सेवामा आरक्षणको व्यवस्था हुनुपर्ने,<br>• कानुनी संरक्षण, समान व्यवहार, समावेशी शिक्षा र सम्मानजनक स्वास्थ्यसेवा प्राप्त हुनुपर्ने। |

### ३.४.३ प्रकाशन तथा प्रसारण

आयोगबाट प्रतिवेदन वर्षमा "समावेशी स्मारिका" प्रकाशन, अध्ययन प्रतिवेदन प्रकाशन र समावेशी आयोगसँग रेडियो एवम् टेलिभिजन कार्यक्रमको उत्पादन तथा प्रसारण भएको थियो।

**(क) समावेशी स्मारिका प्रकाशन**

आयोगले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा विषयविज्ञको धारणासहित जानकारीमूलक अध्ययन सामग्रीहरू समेटेर समावेशी स्मारिका, २०८२ प्रकाशन गरेको थियो। स्मारिकामा सम्बन्धित विज्ञका दशओटा लेख रचना र आयोगले हालसम्म गरेका सिफारिसहरू समावेश गरिएको थियो। उक्त स्मारिकामा सङ्घीयता, सामाजिक न्याय र समावेशीकरण; मानव अधिकारको समावेशी दृष्टिकोण र संवैधानिक आयोगहरूको भूमिका; सीमान्तकृत समुदायको उत्थानका लागि राज्यको भूमिका; समृद्धिका लागि औद्योगिक सम्बन्ध; समावेशी लोकतन्त्र; सीमान्तकृत समुदाय र मानव अधिकार; स्थानीय तहमा सामाजिक समावेशीकरण; आर्थिक समावेशीकरण: अवधारणा, अभ्यास र भावी मार्गचित्र; नेपालमा आर्थिक समावेशीकरणमा लेखा परीक्षणको भूमिका; कृषि उत्पादन र कृषक समावेशीकरणको शक्तिशाली औजार कृषि अनुदान र मानव अधिकारको दृष्टिमा किसानको अधिकार: संवैधानिक, कानुनी तथा न्यायिक व्यवस्थाको विश्लेषणात्मक अध्ययन विषयका लेख रचनाहरू संलग्न गरिएको थियो। स्मारिकाको विमोचन राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगर र राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष हरिदत्त जोशीबाट गरिएको थियो।

### (ख) समावेशी आयोगसँग रेडियो कार्यक्रम

यस आयोगबाट जनमानसमा समावेशी आयोगका बारेमा जानकारी गराउने उद्देश्यले रेडियो नेपालसँग सम्झौता गरी "समावेशी आवाज" कार्यक्रमका १३ ओटा शृङ्खला सञ्चालन गरेको थियो। उक्त कार्यक्रमको विषय र विज्ञ निम्नबमोजिम रहेका थिए :

| क्र.सं. | विषय | विषयविज्ञ |
|---|---|---|
| १. | राष्ट्रिय समावेशी आयोग स्थापनाको उद्देश्य र नेपालमा समावेशीकरणको अवस्था, भूमिका र चुनौती | डा. रामकृष्ण तिमिल्सेना |
| २. | कृषिमा समावेशिताको सवाल, किसानको अवस्था र सरोकार | उपमहानिर्देशक, श्री राजेन्द्र कोइराला, कृषि विभाग |
| ३. | कृषि उत्पादन र किसानहरूको जीवनस्तरमा सुधार ल्याउन सम्बन्धित क्षेत्रको प्रयास | श्री पदमलाल भण्डारी, कृषिविज्ञ |
| ४. | नेपालमा श्रमिकहरूको अवस्था र उनीहरूको हक अधिकारसँग सम्बन्धित विषय | वरिष्ठ अधिवक्ता, श्री रमेश बडाल |
| ५. | अपाङ्गता भएका व्यक्तिका लागि भएका नीति, तथा कार्यक्रम कार्यान्वयनको अवस्था | उपसचिव, श्री दुर्गाकुमारी दाहाल, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय |
| ६. | समावेशी शिक्षा | निर्देशक, श्री शालिकराम भुसाल, पाठ्यक्रम विकास केन्द्र |
| ७. | खस आर्य समुदाय | मा. सदस्य, मानप्रसाद खत्री, राष्ट्रिय समावेशी आयोग |
| ८. | कर्णाली र पिछडिएको क्षेत्र | मा. सदस्य, पुष्पराज तिमिल्सिना, राष्ट्रिय समावेशी आयोग |
| ९. | ज्येष्ठ नागरिक | प्रमुख महिला विकास अधिकृत, श्री निर्मला कार्की, महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय |

| | | |
|---|---|---|
| १०. | संविधानको मूल मर्मअनुसार संवैधानिक आयोगहरूको भूमिका सुधारका सम्भावना र समावेशी लोकतन्त्रको भावी कार्यदिशा | वरिष्ठ अधिवक्ता, श्री राधेश्याम अधिकारी (पूर्वसांसद, राष्ट्रिय सभा) |
| ११. | निर्वाचनमा राजनीतिक समावेशिता | सूचना अधिकारी, श्री सुमन घिमिरे, निर्वाचन आयोग |
| १२. | निजामती सेवामा समावेशिता | महानिर्देशक, श्री श्रवणकुमार पोखरेल, राष्ट्रिय किताबखाना (निजामती) |
| १३. | राष्ट्रिय समावेशी आयोगका लक्षित वर्ग समुदायको हक, अधिकार, आयोगको सिफारिस कार्यान्वयनलगायतका विषय | सचिव, श्री राधिका अर्याल, महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय |

**(ग) समावेशी आयोगसँग टेलिभिजन कार्यक्रम**

यस आयोगबाट जनमानसमा समावेशी आयोग र समावेशीकरणका बारेमा जानकारी गराउने उद्देश्यले नेपाल टेलिभिजनसँग सम्झौता गरी "समावेशी सवाल" कार्यक्रमको २ ओटा शृङ्खला सञ्चालन गरिएको थियो।

| क्र.सं. | विषय | विषयविज्ञ |
|---|---|---|
| १ | समावेशीकरण कार्यान्वयनमा राष्ट्रिय समावेशी आयोगले निर्वाह गरेको भूमिका र भावी कार्यदिशा | डा. काशीनाथ दाहाल, डा. रामकृष्ण तिमिल्सेना र माननीय यशोदा कुमारी बराल |
| २ | समावेशीकरण र राष्ट्रिय समावेशी आयोगको भूमिका र भावी कार्यदिशा | संविधानविद्, डा. खिमलाल देवकोटा र समावेशीकरणविद् डा. दिव्या दवाडी |

**३.४.४ अनुगमन**

लक्षित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कानुन कार्यान्वयनको अवस्था, उनीहरूको संरक्षण, सशक्तीकरण र विकासको अवस्था अनुगमन गरी नीतिगत पृष्ठपोषण लिन आयोगको स्थापनाकालदेखि नै आयोगबाट अनुगमन हुँदै आएको छ। आ.व. २०८२/८३ मा आयोगका कार्यवाहक अध्यक्ष, सदस्य र सचिवबाट स्थानीय स्तरमा लक्षित वर्गहरूको समावेशीकरणको अवस्था र आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा गरिएको अनुगमनको विवरण तालिका नं. ६ बमोजिम रहेको छ :

**तालिका नं. ६**

| क्र.सं. | विषय | स्थान | मिति | पदाधिकारी |
|---|---|---|---|---|
| १. | जिल्लामा समावेशितासम्बन्धी अनुगमन | गोरखा, कास्की, तनहुँ र बागलुङ | मिति २०८२ कात्तिक ३० गतेदेखि ऐ. मङ्सिर ६ गतेसम्म | सदस्य, पुष्पराज मिल्सिना |
| २. | जिल्लामा समावेशितासम्बन्धी अनुगमन | कास्की | मिति २०८२ पौष २८ गतेदेखि ऐ. ३० गतेसम्म | सदस्य, पुष्पराज मिल्सिना |
| ३. | जिल्लामा समावेशितासम्बन्धी अनुगमन | सिन्धुपाल्चोक, दोलखा र रामेछाप | मिति २०८२ माघ २६ गतेदेखि ऐ. फागुन ३ गतेसम्म | सदस्य, पुष्पराज मिल्सिना, सदस्य मानप्रसाद खत्री |
| ४. | प्रतिनिधि सभा सदस्य निर्वाचन अनुगमन | गोरखा, तनहुँ, कास्की, पर्वत, बागलुङ, लमजुङ र स्याङ्जा | मिति २०८२ फाल्गुण ११ गतेदेखि ऐ. २२ गतेसम्म | सदस्य, पुष्पराज मिल्सिना |
| | | गोरखा, लमजुङ, कास्की, बागलुङ र म्याग्दी | मिति २०८२ फाल्गुण ११ गतेदेखि ऐ. १९ गतेसम्म | सचिव, विनोदबहादुर कुँवर |
| ५. | प्रतिनिधि सभा सदस्य निर्वाचन अनुगमन | सुदूरपश्चिम | मिति २०८२ फागुन ११ गतेदेखि ऐ. २२ गतेसम्म | सदस्य, मानप्रसाद खत्री |
| ६. | स्थानीय तहमा समावेशिताको अवस्थासम्बन्धी अनुगमन | धादिङ र नुवाकोट | मिति २०८३ असार २४ गतेदेखि ऐ. ३० गतेसम्म | का.वा. अध्यक्ष, हरिदत्त जोशी, सदस्य, पुष्पराज मिल्सिना, सदस्य, मान प्रसाद खत्री |

आयोगबाट स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया सञ्चालनको क्रममा आयोगबाट कार्यक्रममा सहभागी पदाधिकारी र कर्मचारीहरूबाट सम्बन्धित स्थानमा रहेका लक्षित वर्गको समावेशीकरणको अवस्था र लक्षित समुदाय, वर्ग र क्षेत्रको हक अधिकार अभिवृद्धिका लागि नेपाल सरकारबाट सञ्चालित कार्यक्रमको समेत अनुगमन भएको थियो।

### ३.४.५ नीतिगत परामर्श

नेपाल सरकारका समष्टिगत नीति तथा कार्यक्रमका साथै आयोगको कार्यक्षेत्रभित्र पर्ने लक्षित समुदाय, वर्ग र क्षेत्रसँग सम्बन्धित नीतिहरूका सन्दर्भमा आयोगको राय, परामर्श तथा सुझाव माग भएका बखत आयोगबाट त्यस्तो राय, परामर्श तथा सुझाव उपलब्ध गराइने गरेको छ। तथापि, प्रतिवेदन वर्षमा आयोग समक्ष त्यस्ता राय, परामर्श तथा सुझाव माग भएका थिएनन्।

### ३.४.६ संस्थागत क्षमता विकास तथा अन्य गतिविधिहरू

**(क) संस्थागत क्षमता विकास**

आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकासका लागि विनियोजित बजेटको सीमाभित्र रही कृत्रिम बुद्धिमता (AI) सम्बन्धी, सार्वजनिक खरिद, अनुगमन तथा मूल्याङ्कन, नेतृत्व विकास तथा द्वन्द्व व्यवस्थापन र बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको थियो।

**(ख) अन्य गतिविधि**

**(अ) आयोग दिवस**

आयोगले हरेक वर्ष झैँ २०८२ साल फागुन महिनाको ८ गते (अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस - फेब्रुअरी २०) राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षज्यूको प्रमुख आतिथ्य तथा संवैधानिक आयोगका पदाधिकारीहरू, लक्षित वर्गका प्रतिनिधिहरू र सञ्चारकर्मीको सहभागितामा आयोगको वार्षिक दिवस मनाएको थियो।

**(आ) पिछडिएको क्षेत्र पहिचान सम्बन्धमा विज्ञसँग अन्तरक्रिया**

आयोगले अन्य संवैधानिक आयोगका सचिवहरू; राष्ट्रिय समावेशी आयोगका सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारी प्रतिनिधि; महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका कर्मचारी प्रतिनिधि; भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कर्मचारी प्रतिनिधि; निर्वाचन आयोगका प्रतिनिधि; लोकसेवा आयोगका प्रतिनिधि; राष्ट्रिय योजना आयोगका प्रतिनिधि; राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिनिधि; नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधि; त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग; भूगोल केन्द्रीय विभाग र अर्थशास्त्र केन्द्रीय विभागका सहप्राध्यापक; महिला तथा सामाजिक मामिला समितिका सचिव; गाउँपालिका र नगरपालिका महासङ्घका पदाधिकारी प्रतिनिधि; काठमाडौँ महानगरपालिका र ललितपुर महानगरपालिकाका कर्मचारी प्रतिनिधि र पिछडिएको क्षेत्रसँग सम्बन्धित विषय विज्ञसमेतको सहभागितामा “पिछडिएको क्षेत्र पहिचानका आधार तथा मापदण्ड” सम्बन्धी विषयमा विज्ञहरूसँग अन्तरक्रिया तथा

छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा डा. तिलकप्रसाद शर्माले पिछडिएको क्षेत्र पहिचानमा देखिएका समस्या, चुनौती र प्रोफेसर नन्दबहादुर सिंहले पिछडिएको क्षेत्र पहिचानमा देखिएका समस्या, चुनौती र सङ्घीय व्यवस्थाअनुरूप पिछडिएको क्षेत्र पहिचानका आधार तथा मापदण्ड सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा पिछडिएको क्षेत्रको परिभाषामा सबै राजनीतिक दल बिचमा एकरूपता ल्याउनुपर्ने, सङ्घीय संरचनामा पिछडिएको क्षेत्र निर्धारण गर्ने अधिकार सम्बन्धित प्रदेश सरकारलाई दिनुपर्ने, पिछडिएको क्षेत्र सम्बन्धमा भौगोलिकतालाई आधार मान्ने वा अन्य विषयहरू पनि हेर्ने एकल राष्ट्रिय मापदण्ड तयार गर्ने, राष्ट्रियस्तरको एकीकृत सूचक विकास गर्नेलगायतका विषय सहभागीहरूबाट सुझाव आएको थियो ।

**(इ) अन्य**

आयोगका कार्यवाहक अध्यक्षको अध्यक्षतामा संवैधानिक आयोगमा महिला पदाधिकारी तथा आयोगका कर्मचारीको सहभागितामा तिजको दर कार्यक्रम आयोजना गरिएको थियो ।

### ३.४.७ अन्य निकायसँग समन्वय र सहकार्य

लक्षित वर्गका अधिकार संरक्षण र प्रवर्धनमा थप योगदान पुऱ्याउन आयोगबाट अन्य संवैधानिक आयोगहरू तथा सरकारी निकायहरूसँग आवश्यकताअनुसार समन्वय र सहकार्य हुँदै आएको छ ।

१६ औँ योजनाको कार्यान्वयन योजना निर्माण, मध्यकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा छलफल सम्बन्धमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय हुँदै आएको छ । यस आयोगबाट हुने अन्तरक्रिया तथा छलफल कार्यक्रममा अन्य संवैधानिक आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता हुँदै आएको छ ।

प्रतिवेदन वर्षमा नेपाल सरकारलाई दिइने सुझाव तथा नेपाल सरकारलाई गर्ने सिफारिसको सम्बन्धमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय तथा सहजीकरण गर्नुका साथै आयोगमा हुने अन्तरक्रिया/छलफलहरू तथा अध्ययन कार्यको छलफलमा समेत मन्त्रालयको प्रतिनिधित्व भएको थियो । साथै, कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय, प्रतिनिधिसभा महिला तथा सामाजिक मामिलालगायत अन्य सम्बन्धित समितिहरूको छलफल कार्यक्रममा समेत आयोगका पदाधिकारी एवम् कर्मचारीको सक्रिय सहभागिता रहेको थियो । त्यसैगरी आयोगबाट भएका अन्तरक्रिया/छलफल कार्यक्रममा अन्य संवैधानिक आयोग, कार्यक्षेत्रसँग सम्बन्धित सङ्घीय मन्त्रालयहरू, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, पिछडा वर्गको क्षेत्रमा काम गर्ने राष्ट्रियस्तरका सङ्घसंस्थाको सहभागिता रहेको तथा अन्य गैरसरकारी सङ्घसंस्थाबाट आयोजना भएको सभा, गोष्ठी तथा कार्यक्रमहरूमा आयोगबाट सक्रिय सहभागिता जनाइएको थियो ।

परिच्छेद -चार

# आयोगको सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था

## ४.१ नीतिगत सिफारिस

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्र खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदाय रहेको र उनीहरूको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने तथा नेपाल सरकारले अवलम्बन गरेका नीति एवम् कानून कार्यान्वयनको अवस्था सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै उनीहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु यस आयोगको मुख्य कार्य रहेको छ।

यस आयोगले लक्षित समुदाय, वर्ग र क्षेत्रका हक, हित अभिवृद्धिका लागि सम्बन्धित नीति तथा कानूनमा भएका व्यवस्थाको कार्यान्वयनको अवस्था, नेपाल सरकारबाट सञ्चालित लक्षित कार्यक्रमहरूको औचित्य, पर्याप्तता तथा प्रभावकारिता जस्ता पक्षहरूमा केन्द्रित रही अध्ययन तथा अनुसन्धान गर्दै आएको छ। यस प्रकारको अध्ययन र अनुसन्धान, स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय पहुँच कार्यक्रमलगायतका छलफल तथा अन्तरक्रिया र अनुगमन तथा मूल्याङ्कनका आधारमा आयोगले नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ।

प्रतिवेदन वर्षमा यस आयोगले आधारभूत तह (कक्षा १-८) को सामाजिक विषयक पाठ्यक्रममा समावेशिताको अवस्थासम्बन्धी अध्ययन गरी प्राप्त प्रतिवेदनमा उल्लेखित पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयहरू सम्बन्धमा सुझाव कार्यान्वयनका लागि सिफारिससहित प्रतिवेदन पाठ्यक्रम विकास केन्द्रमा पठाइएको र सो को जानकारी तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाएको थियो।

## ४.२ सिफारिस कार्यान्वयनको अवस्था

आयोग गठनपश्चात् आयोगले आफ्ना कार्यक्षेत्रभित्र रही नेपाल सरकारलाई विभिन्न विषयमा नीतिगत तथा कार्यक्रमगत सिफारिस गर्दै आएको छ। हालसम्म आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरू केही वार्षिक नीति तथा कार्यक्रम, केही आवधिक योजनामा समेटिएको भए तापनि प्रभावकारी रूपमा कार्यान्वयन भएको पाइँदैन। तसर्थ सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धमा सन्तुष्ट हुन सक्ने अवस्था रहेको छैन। त्यसैगरी खस आर्य तथा पिछडा वर्गको थर सूचीकरण सम्बन्धमा आयोगले गरेको सिफारिस मन्त्रिपरिषद्बाट निर्णय हुन नसकी पटक पटक सिफारिस गर्नुपरेको छ। यस सन्दर्भमा आयोगले गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि महिला तथा सामाजिक मामिला समितिले अनुगमन गर्नुपर्ने देखिन्छ।

परिच्छेद – पाँच

# समस्या तथा चुनौतीहरू

## ५.१ समस्याहरू

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार विभिन्न एघारओटा लक्षित समुदाय, वर्ग तथा क्षेत्र आयोगको कार्यक्षेत्रभित्र पर्छन् । लक्षित समुदाय, वर्ग तथा क्षेत्रको हक, अधिकारको संरक्षण, विकास र सशक्तीकरणका सम्बन्धमा अध्ययन, अनुसन्धान, प्रगतिसम्बन्धी कार्यलाई नतिजामुखी र प्रभावकारी तुल्याउने क्रममा आयोगले विभिन्न समस्याहरू भोग्नुपरेको छ । कार्यसम्पादनको सिलसिलामा आयोगले पहिचान गरेका मुख्य समस्याहरू देहायबमोजिम रहेका छन् :

(क) आर्थिक रूपले विपन्न वर्ग र अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र तथा वर्गको पहिचानका आधार र मापदण्ड नहुनु,

(ख) आयोगमा लामो समयदेखि रिक्त रहेको आयोगका अध्यक्ष र सदस्य पदमा नियुक्ति नहुनु,

(ग) आयोगबाट भएका सिफारिस कार्यान्वयनको नियमित एवम् प्रभावकारी रूपमा अनुगमन हुन नसक्नु,

(घ) स्थानीय तहले आयोगका कार्यक्षेत्रसँग सम्बन्धित लक्षित वर्गका लागि बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गर्न नसक्नु,

(ङ) स्थानीय तहमा लक्षित वर्गसम्बन्धी बजेट पहुँचको आधारमा वितरण हुनु,

(च) सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यक्षेत्रको दोहोरोपनाले गर्दा कार्यक्रम कार्यान्वयनका साथै कानुन कार्यान्वयनमा समस्या हुनु,

(छ) आरक्षणमा सम्बन्धित वर्गका सम्पन्न व्यक्तिको मात्र पहुँच हुनु,

(ज) सामाजिक सुरक्षा कार्यक्रम विपन्नताको आधारमा वितरण हुन नसक्नु,

(झ) आर्थिक सशक्तीकरणका कार्यक्रमले प्रभावकारी रूपमा सबै लक्षित वर्गलाई समेट्न नसक्नु, पहुँचवालामा मात्रै सीमित रहनु,

(ञ) आयोगप्रति पर्याप्त मात्रामा सकारात्मक धारणाको विकास हुन नसक्नु,

(ट) प्रदेश र स्थानीय तहसँग नियमित समन्वय एवम् सूचना सम्प्रेषणको उपयुक्त संरचना नहुनु,

(ठ) सबै लक्षित वर्गको खण्डीकृत तथ्याङ्क नहुनु ।

## ५.२ चुनौतीहरू

आयोगको काम कारबाहीलाई थप प्रभावकारी बनाउन आयोगको संस्थागत सुदृढीकरण गर्नु मुख्य चुनौतीको रूपमा रहेको छ। आयोगले आफ्नो कार्यसम्पादनका क्रममा देहायबमोजिमका चुनौतीहरू सामना गर्नुपरेको छ :

(क) आयोगको कार्यक्षेत्रभित्र पर्ने पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न वर्ग र अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदायको पहिचानका स्पष्ट आधार र मापदण्ड निर्धारण गर्नु,

(ख) विभिन्न आयोगबिच कार्यक्षेत्रका सम्बन्धमा देखिएको दोहोरोपनाको अन्त्य गर्नु,

(ग) समावेशीकरणको लाभ सम्बन्धित वर्गका सीमित व्यक्तिले पाउने अवस्थाको अन्त्य गरी सम्बन्धित समुदायका आर्थिक रूपले कमजोर वर्गले लाभ लिने व्यवस्था गर्नु,

(घ) लक्षित वर्गका हकहितका सम्बन्धमा दिएका सिफारिसहरूको कार्यान्वयनको अवस्थाबारे प्रभावकारी अनुगमन गरी सम्बन्धित निकायबाट कार्यान्वयन गराउनु,

(ङ) नेपाल सरकारबाट खस आर्य र पिछडा वर्गको थर सूचीकरण गराउनु।

**परिच्छेद – ६**

# आगामी कार्यदिशा

नेपालको संविधानले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेको छ । जातीय, धार्मिक र भाषिक रूपमा विभेद र उत्पीडन भोगेका अल्पसङ्ख्यक समुदाय र भौगोलिक, राजनीतिक, आर्थिक तथा सामाजिक रूपले पछाडि परेका सीमान्तीकृत, अति सीमान्तीकृत एवम् लोपोन्मुख समुदायको शासन व्यवस्थामा सार्थक पहुँच तथा प्रतिनिधित्वको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ ।

लक्षित समुदाय, वर्ग र क्षेत्रको सशक्तीकरण एवम् त्यस्ता समुदाय, वर्ग र क्षेत्रको हक, अधिकारको संरक्षणमा आयोगको काम, कारबाहीलाई थप प्रभावकारी बनाउन देहायबमोजिमका सवालमा केन्द्रित हुन आवश्यक रहेको छ :

१. खस आर्य एवम् पिछडा वर्गको थर सूचीकरणलाई नेपाल सरकारबाट पारित गराउनु,

२. कार्यक्षेत्रसँग सम्बन्धित लक्षित वर्गसम्बन्धी विद्यमान नीति, कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा पुनरवलोकन गर्नु,

३. आयोगका स्वीकृत वार्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउनु,

४. आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्थाबारे नियमित रूपमा अनुगमन तथा अद्यावधिक गर्नु,

५. सङ्घ, प्रदेश र स्थानीय तहमा समावेशीकरणको कार्यान्वयनको अवस्थाबारे नियमित अनुगमन गर्नु तथा प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारमा सुझाव सिफारिस गर्नु,

६. वृद्धाश्रम, दिवा स्याहार केन्द्र, स्याहार केन्द्र र उपचार केन्द्रको अनुगमन गरी सुधारका लागि सरकारलाई सुझाव दिनु,

७. आयोगको अन्य संवैधानिक निकाय, सङ्घीय मन्त्रालय, प्रदेश र स्थानीय तहसँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउनु,

८. आम जनतामा आयोगको कार्यक्षेत्र, अधिकार तथा जिम्मेवारीको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्नुका साथै समावेशी स्मारिका प्रकाशन तथा वितरण गर्नु ।

## अनुसूची-१

## आर्थिक वर्ष २०८२/८३ मा आयोगमा कार्यरत कर्मचारीहरूको नामवली

| क्र.सं. | कर्मचारीको नाम थर | पद | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १. | बलराम निरौला | सचिव | रा.प. प्रथम | मिति २०८२।०५।०२ मा रमाना |
| २. | कुमार प्रसाद दाहाल | सचिव | रा.प. प्रथम | मिति २०८२।०८।१५ मा अनिवार्य अवकाश |
| ३. | विनोद बहादुर कुँवर | सचिव | रा.प. प्रथम | |
| ३. | सुशिला कुमारी पंथ | उपसचिव | रा.प. द्वितीय | |
| ४. | देउ कुमार लावती | शाखा अधिकृत | रा.प. तृतीय | |
| ५. | तेजनारायण तिवारी | शाखा अधिकृत | रा.प. तृतीय | |
| ६. | सुरेन्द्र थापा | नायब सुब्बा | रा.प.अनं. प्रथम | |
| ७. | भोजराज अधिकारी | नायब सुब्बा | रा.प.अनं. प्रथम | |
| ८. | लक्ष्मण गौतम | लेखापाल | रा.प.अनं. प्रथम | |
| ९. | प्रेम कार्की | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | |
| १४. | विनोद प्रसाद जोशी | निजी सहायक | रा.प.अनं. प्रथम | मिति २०८२/०९/३० सम्म कार्यरत |
| १५. | देवराज तिमिल्सिना | निजी सहायक | रा.प.अनं. प्रथम | मिति २०८२/०९/३० सम्म कार्यरत |
| १६. | कल्पना खत्री | निजी सहायक | रा.प.अनं. प्रथम | मिति २०८२/०९/३० सम्म कार्यरत |
| १७. | विनोद महर्जन | हलुका सवारी चालक | श्रेणीविहीन | करार संझौता |
| १८. | सुमन थापा | हलुका सवारी चालक | श्रेणीविहीन | मिति २०८३/०३/३२ सम्म कार्यरत |
| १९ | राम कुमार ओझा | हलुका सवारी चालक | श्रेणविहीन | करार संझौता |
| २०. | सूर्य बहादुर तामाङ | हलुका सवारी चालक | श्रेणीविहीन | करार संझौता |
| २१. | रमा खनाल | कार्यालय सहयोगी | श्रेणीविहीन | करार संझौता |
| २२. | शान्ति तिमिल्सिना | कार्यालय सहयोगी | श्रेणीविहीन | करार संझौता |
| २३. | तिल कुमारी सुवेदी | कार्यालय सहयोगी | श्रेणीविहीन | करार संझौता |
| २४. | मिरा लामा | कार्यालय सहयोगी | श्रेणीविहीन | करार संझौता |
| २५. | सुरेश नेपाली | कार्यालय सहयोगी | श्रेणीविहीन | करार संझौता |
| २६. | श्याम माया हरिजन | स्विपर | श्रेणीविहीन | करार संझौता |

## अनुसूची-२

### आयोगको खर्च भएर नजाने भौतिक सामग्रीको विवरण

### २.१ आयोगले हालसम्म खरिद गरेका भौतिक सामग्रीको विवरण

| क्र.स. | जिन्सी सामानको नाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | थान | ३ | चालु | |
| २ | स्कुटर | थान | २ | चालु | |
| ३ | इलेक्ट्रिक स्कुटर | थान | १ | चालु | |
| ४ | कम्प्युटर (डेस्कटप) | थान | १९ | चालु | |
| ५ | प्रिन्टर | थान | २८ | चालु | |
| ६ | ल्यापटप | थान | १० | चालु | |
| ७ | अफिस टेबल | थान | १२ | चालु | |
| ८ | अफिस कुर्सी | थान | ४५ | चालु | |
| ९ | टी टेबल | थान | २२ | चालु | |
| १० | सोफासेट | थान | १९ | चालु | |
| ११ | कार | थान | ५ | चालु | |
| १२ | विद्युत्तीय हाजिर सफ्टवेयरसमेत | थान | १ | चालु | |
| १३ | ए.सी. | थान | १७ | चालु | |
| १४ | दराज | थान | १३ | चालु | |
| १५ | कम्प्युटर टेबल | थान | ७ | चालु | |
| १६ | बुक र्‍याक | थान | ५ | १ चालु नरहेको | |
| १७ | प्रोजेक्टर | थान | २ | चालु | |
| १८ | फ्याक्स मेसिन | थान | १ | चालु | |
| १९ | भ्याकुम क्लिनर | थान | २ | चालु | |
| २० | टेलिभिजन ४३ इन्च एल जी | थान | १ | चालु | |
| २१ | क्यामरा | थान | १ | चालु | |
| २२ | आइप्याड | थान | २ | चालु | |
| २३ | दुबो काट्ने मेसिन | थान | १ | चालु | |
| २४ | रेफ्रिजेरेटर | थान | १ | चालु | |
| २५ | इन्भर्टर | थान | २ | चालु | १ आ.व. ०८२/८३ मा खरिद |
| २६ | Fire extinguisher | थान | १० | चालु | ६ केजी र ४ केजी |

## २.२ आयोगलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हस्तान्तरण भएका पुराना जिन्सी सामग्रीको विवरण

| क्र.स. | जिन्सी सामानको नाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार | थान | ३ | १ थान चालु नरहेको | |
| २ | युनिकन १ यामाहा २ | थान | ३ | चालु | |
| ३ | कम्प्युटर सेट | थान | १० | चालु नरहेको | |
| ४ | प्रिन्टर | थान | ७ | चालु नरहेको | |
| ५ | ल्यापटप पुराना | थान | ९ | चालु नरहेको | |
| ६ | फोटोकपी मेसिन | थान | १ | चालु रहेको | |
| ७ | सिलिन्डर | थान | ५ | चालु रहेको | |
| ८ | अफिस टेबल | थान | ४५ | ३० थान चालु नरहेको | |
| ९ | अफिस कुर्सी | थान | ३ | चालु नरहेको | |
| १० | सोफा सेट | थान | ३ | चालु नरहेको | |
| ११ | कुर्सी | थान | ९३ | २० थान चालु नरहेको | |
| १२ | युपिएस | थान | ३ | चालु नरहेको | |
| १३ | माइक | थान | ८ | चालु नरहेको | |
| १४ | दराज | थान | १२ | मर्मत गर्नुपर्ने | |
| १५ | विद्युतीय हाजिर सफ्टवेयरसमेत | थान | १ | चालु नरहेको | |
| १६ | कम्प्युटर टेबल | थान | ३ | चालु रहेको | |
| १७ | बुक केस | थान | १ | चालु रहेको | |
| १८ | प्रोजेक्टर | थान | १ | चालु नरहेको | |
| १९ | फ्याक्स मेसिन | थान | १ | चालु नरहेको | |
| २० | भ्याकुम क्लिनर | थान | १ | चालु नरहेको | |
| २१ | ग्यास चुलो | थान | १ | चालु नरहेको | |
| २२ | टेलिभिजन | थान | १ | चालु रहेको | |
| २३ | ऱ्याक काठको | थान | ९ | ६ थान चालु नरहेको | |
| २४ | ह्विल ब्यारो | थान | १ | चालु नरहेको | |
| २५ | स्क्यानर | थान | १ | चालु रहेको | |
| २६ | जेनेरेटर | थान | १ | चालु नरहेको | |

## अनुसूची-३

### आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमतर्फको विनियोजित बजेट र खर्च रकम

(रकम रु.मा)

| सि.नं. | कार्यक्रमको विवरण | विनियोजित बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वार्षिक प्रतिवेदनलगायत प्रकाशन | ३५००००.०० | १५२५५०.०० | |
| २ | आर्थिक रूपले विपन्न वर्गको पहिचानको आधार र मापदण्डसम्बन्धी अध्ययन | ४०००००.०० | २६८८४७.७३ | |
| ३ | विशेष संरक्षण  क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन | ४०००००.०० | २२३७५६.०० | |
| ४ | ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षासम्बन्धी विद्यमान व्यवस्थाको पुनरवलोकन र अध्ययन | ४०००००.०० | १३२९९९.७३ | |
| ५ | समावेशीकरणसम्बन्धी लेख/रचना समावेश गरी स्मारिका प्रकाशन गर्ने | ३०००००.०० | २८१६००.०० | |
| ६ | वार्षिक समीक्षा | १३००००.०० | ०.०० | |
| ७ | विज्ञ समूहसँग अन्तरक्रिया | १२००००.०० | ४१५००.०० | |
| ८ | स्थानीयस्तर, प्रदेशस्तर र केन्द्रीयस्तर छलफल तथा अन्तरक्रिया | १०५००००.०० | १३४७५०.०० | |
| ९ | निजी तथा संस्थागत विद्यालय तथा स्वास्थ्य क्षेत्रका श्रमिकहरूको अवस्था अध्ययन | ४०००००.०० | ०.०० | |
| १० | आयोगबाट अध्ययन भएका प्रतिवेदन छपाइ | २५००००.०० | २३९५६०.०० | |
| ११ | आयोगका पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम | ६०००००.०० | ५१३९९५.०० | |
| १२ | आयोग स्थापना दिवस | ३०००००.०० | २८२०४८.०० | |
| १३ | समावेशी आयोगसँग रेडियो कार्यक्रम | ४०००००.०० | ३४५२१५.०० | |
| १४ | पिछडिएका क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिसम्बन्धी अध्ययन | ४०००००.०० | २७३३३०.७३ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | समावेशी आयोगसँग टेलिभिजन कार्यक्रम | ४०००००.०० | ४०००००.०० | |
| १६ | नेपालमा यौनिक अल्पसङ्ख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपाय पहिचानसम्बन्धी अध्ययन | ४०००००.०० | १८७६६२.०० | |
| १७ | लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम | १५०००००.०० | ९३६४१२.०० | |
| १८ | नेपालमा खस आर्यको पौराणिक र प्राग्ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षणसम्बन्धी अध्ययन | ४०००००.०० | २१८१२४.६५ | |
| | **जम्मा** | ८२००००००.०० | ४६३२३५०.८४ | |

## अनुसूची – ४

## राष्ट्रिय समावेशी आयोगबाट हालसम्म अध्ययन भएका विषयहरू

| सि.नं | अध्ययन भएका विषयहरू | आर्थिक वर्ष | कैफियत |
|---|---|---|---|
| | | | |
| १ | खस आर्य थर सूचीकरण अध्ययन | २०७७।०७८ | |
| २ | सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन | २०७८।०७९ | |
| ३ | पिछडा वर्गको पहिचान तथा थर सूचीकरणसम्बन्धी अध्ययन | २०७८।०७९ | |
| ४ | आदिवासीको पहिचानसम्बन्धी अध्ययन | २०७९।०८० | |
| ५ | कर्णाली क्षेत्रको सभ्यता अध्ययन | २०७९।०८० | |
| ६ | वृद्धाश्रमको अवस्थासम्बन्धी अध्ययन | २०८०।०८१ | |
| ७ | कृषिसम्बन्धी अनुदानको प्रभावकारिता अध्ययन | २०८०।०८१ | |
| ८ | अल्पसङ्ख्यक जातजातिहरूको पहिचानका आधारसम्बन्धी अध्ययन | २०८०।०८१ | |
| ९ | श्रम सम्बन्धको अवस्थासम्बन्धी अध्ययन | २०८०।०८१ | |
| १० | अपाङ्गता भएका व्यक्तिसम्बन्धी कानुन कार्यान्वयनको अवस्था | २०८०।०८१ | |
| ११ | नेपालमा राजनीतिक समावेशिता अध्ययन | २०८०।०८१ | |
| १२ | पिछडिएका क्षेत्रको स्थिति र पहिचानका आधारसम्बन्धी अध्ययन | २०८१।०८२ | |
| १३ | आदिवासी र आदिवासी जनजातिको पहिचानको आधारसम्बन्धी तुलनात्मक अध्ययन | २०८१।०८२ | |
| १४ | अल्पसङ्ख्यक पहिचानसम्बन्धी अन्तिम प्रतिवेदन तयारी | २०८१।०८२ | |
| १५ | सीमान्तकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीतिसम्बन्धी अध्ययन | २०८१।०८२ | |

| | | | |
|---|---|---|---|
| १६ | राज्य संयन्त्रमा कर्णालीका नागरिकको पहुँच र प्रतिनिधित्वको अवस्था तथा सशक्तीकरण रणनीतिसम्बन्धी अध्ययन | २०८१।०८२ | |
| १७ | पिछडा वर्गको वर्गीकरणका आधार र प्रतिनिधित्वसम्बन्धी अध्ययन | २०८१।०८२ | |
| १८ | कृषि अनुदानको प्रभावकारिता अध्ययन | २०८१।०८२ | |
| १९ | समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनाहरूमा किसानको पहुँच र प्रतिनिधित्वसम्बन्धी अध्ययन | २०८१।०८२ | |
| २० | ज्येष्ठ नागरिकको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन/अवलोकन | २०८१।०८२ | |
| २१ | वृद्धाश्रम सञ्चालन तथा व्यवस्थापन र मापदण्डसम्बन्धी आधारको अध्ययन | २०८१।०८२ | |
| २२ | अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थितिसम्बन्धी अध्ययन | २०८१।०८२ | |
| २३ | श्रम कानुन कार्यान्वयनको अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकहरूको प्रतिनिधित्वसम्बन्धी अध्ययन | २०८१।०८२ | |
| २४ | आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन अवस्था र समावेशीकरणसम्बन्धी प्रभाव अध्ययन | २०८१।०८२ | |
| २५ | विद्यालय शिक्षामा समावेश गर्न समावेशितासम्बन्धी पाठ्यक्रमको प्रारूप तयार गर्ने कार्यक्रमअन्तर्गत आधारभूत तहमा (कक्षा १-८ सम्म) समावेशिताको अवस्थासम्बन्धी अध्ययन | २०८१।०८२ | |
| २६ | आर्थिक रूपले विपन्न वर्गको पहिचानका आधार र मापदण्डसम्बन्धी अध्ययन | २०८२।०८३ | |
| २७ | विशेष संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारणसम्बन्धी अध्ययन | २०८२।०८३ | |
| २८ | ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षा र विद्यमान व्यवस्थाको पुनरवलोकनसम्बन्धी अध्ययन | २०८२।०८३ | |
| २९ | पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृतिसम्बन्धी अध्ययन | २०८२।०८३ | |
| ३० | नेपालमा यौनिक अल्पसङ्ख्यकको विद्यमान अवस्था र सशक्तीकरणका उपाय पहिचानसम्बन्धी अध्ययन | २०८२।०८३ | |
| ३१ | नेपालमा खस आर्यको पौराणिक र प्रागऐतिहासिक अवस्था तथा संस्कृति संरक्षणसम्बन्धी अध्ययन | २०८२।०८३ | |

अनुसूची – ५

# आयोगले हालसम्म नेपाल सरकारलाई गरेका सिफारिसको विवरण :

## आ.व. ०७६/७७ मा गरेको सिफारिस :

१. विपन्न लोपोन्मुख पिछडा वर्ग अति सीमान्तकृत जातजाति समुदाय र गरिबका लागि सुरक्षित किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउने; उक्त आवास जग्गाको स्वामित्व सरकारमै कायम रहने गरी सार्वजनिक जग्गामा बनाउने; यस्ता आवास समुदायभित्रका पनि आवासविहीन, दैवी प्रकोपमा परेर स्थायी घर निर्माण गर्न नसकेका तथा जोखिमयुक्त घर, टहरा तथा ओडारमा रहेका परिवार पहिचान गरी उपयुक्त मापदण्ड तयार पारेर दिने; एकीकृत बस्तीको अवधारणा विकास गर्ने र उक्त बस्तीमा एकीकृत रूपमा शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, सरसफाइ, विद्युत् जस्ता भौतिक र सामाजिक पूर्वाधारको निर्माणसँगै भाषा संस्कृति र जीवनशैलीको संरक्षण गर्ने कार्यक्रम लागु गर्ने; यस प्रकारका एकीकृत बस्ती विकास योजना सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक पिछडा वर्ग तथा आर्थिक रूपले विपन्न वर्गका लागि हाललाई प्रत्येक प्रदेशमा नमुनाका रूपमा विकास गर्ने र आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लैजाने गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

## आ.व.०७७/७८ मा गरेको सिफारिस:

**१. जनता आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा**

क) जनता आवासअन्तर्गत निर्माण हुने घरहरूमा शौचालय, भान्सा तथा न्यूनतम दुई कोठा अनिवार्य रहने गरी मापदण्ड निर्धारण गर्ने नीति अवलम्बन गर्ने।

ख) देशको अन्तर्राष्ट्रिय सीमाको दशगजासँगै खुला सिमाना रहेको स्थानमा सुरक्षा संवेदनशीलता समेतको दृष्टिबाट जोखिम हुने भएकाले जनता आवास कार्यक्रम कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा नगर्ने नीति अवलम्बन गर्ने; जनता आवास निर्माणस्थल प्रारूप तयार गर्दा स्थानीय रोजगारीको अवसर पर्याप्त भएको स्थानको छनोट गर्ने; आवास पाएका व्यक्तिहरूको दैनिक जीवन निर्वाह हुने स्थानीय रोजगारीमा सहभागिता हुन सक्ने गरी तालिम दिएर क्षमता विकास गरी रोजगारी वा स्वरोजगारीको सुनिश्चितता हुने नीति अवलम्बन गर्ने।

**२. कार्यस्थलबाट मतदान गर्ने सम्बन्धमा भएको सिफारिस**

सबै श्रमिक तथा कर्मचारीलाई कार्यस्थलबाट आफ्नो जनप्रतिनिधि छनोट गर्न मतदान गर्ने अवस्था सुनिश्चित हुने व्यवस्था गर्ने।

## ३. श्रमिक दर्ता तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धमा

क) सबै स्थानीय तहमा औपचारिक तथा अनौपचारिक रोजगारीमा रहेका व्यक्ति, रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्ति र उनीहरूको योग्यता क्षमतासहितको बहुआयामिक तथ्याङ्क वा लगत अनिवार्य रूपमा राख्ने नीति अवलम्बन गर्ने,

ख) स्थानीय तहमा सिर्जना भएका सरकारी तथा निजी क्षेत्रका रोजगारीका अवसरका लागि आवश्यक पर्ने योग्यतासहितको विवरण खुल्ने तथ्याङ्क राख्ने नीति अवलम्बन गर्ने,

ग) रोजगारीमा संलग्न हुन चाहने श्रमिक/कर्मचारीलाई मर्यादित रोजगारीको अवसर उपलब्ध गराउन स्थानीय तहमा दर्ता भएको रोजगारीमा दर्तावाला श्रमिक/कर्मचारीलाई क्रमशः सहभागी गराउँदै लैजाने नीति अवलम्बन गर्ने

घ) श्रमिक र रोजगारसम्बन्धी विवरणलाई राष्ट्रिय रोजगार व्यवस्थापन प्रणालीमा आबद्ध गर्दै केन्द्रीकृत गर्ने नीति अवलम्बन गर्ने ।

## ४. योगदानमा आधारित सामाजिक सुरक्षा

सरकारी सेवा (मन्त्रालय, आयोग, संस्थान, परियोजना, बोर्ड, परिषद्, सुरक्षा निकायहरू, अनुसन्धानका निकायहरू तथा अन्य सरकारी निकाय) मा करार, मासिक पारिश्रमिक, दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारी, श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउने ।

## ५. समावेशी पदपूर्ति सम्बन्धमा

क) समावेशी प्रतिनिधित्व संविधानको मर्म र भावनाअनुसार बनाउन सबै समावेशी वर्गमा आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गलाई विशेष व्यवस्था हुने गरी निश्चित आर्थिक आम्दानी र सार्वजनिक पद धारण गरेका व्यक्तिका परिवारलाई समावेशी प्रतिस्पर्धामा सहभागी नगराउने व्यवस्था गर्ने,

ख) अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय र पिछडा वर्गले अन्य समुदायसँग प्रतिस्पर्धा गर्न नसक्ने भएकाले ती समुदायबिच मात्र प्रतिस्पर्धा हुने व्यवस्था गर्ने,

ग) सबै वर्गको पहिचानका आधारहरू विशेष व्यवस्था गरेकै कानुनमा परिभाषित गर्ने व्यवस्था गर्ने ।

## ६. लोपोन्मुख राउटे जाति संरक्षण सम्बन्धमा

लोपोन्मुख राउटे जाति संरक्षणको सम्बन्धमा आयोगबाट सिफारिस भएको थियो । राउटे जाति वा समुदायको सुरक्षा, विकास र सामाजिकीकरणका लागि बृहत् नीति तयार गर्ने र सो नीतिमा देहायका विषयलाई प्राथमिकताका साथ समावेश गर्ने :

क) राउटे जातिको सामाजिक, सांस्कृतिक, भाषिक पक्षको संरक्षण हुने,

ख) उनीहरूको सिप, पेसा व्यवसायको संरक्षण तथा प्रवर्धन गर्दै उत्पादित सामानको बजारीकरण हुने,

ग) उनीहरूको समुदायमा शिक्षा, स्वास्थ्यको पहुँच तथा सुरक्षित आवासको व्यवस्थापन हुने र सामाजिक सुरक्षा प्रणालीलाई बलियो बनाउने,

घ) राउटे र अन्य जातिबिचको सुमधुर सम्बन्ध कायम गर्ने; उनीहरूको आत्मसम्मानलाई बढाउने गरी सामाजिकीकरण प्रक्रियालाई प्रवर्धन गर्ने,

ङ) दैनिक जीवन निर्वाहका लागि आवश्यक पर्ने उपभोग्य सामग्रीको सरल र सहज पहुँच पुऱ्याउने,

च) राउटे समुदायको विकास तथा सशक्तीकरणका लागि गरिने सरकारी तथा अन्य निकायबिचको समन्वयबाट एकद्वार प्रणाली स्थापना हुने,

छ) राउटे समुदायमा बढ्न सक्ने विकृति र विसङ्गति न्यूनीकरण हुने,

ज) राउटे समुदायको भाषा, संस्कृति, कलाको प्रचारप्रसार र संरक्षण हुने गरी सङ्ग्रहालयको स्थापना हुने,

झ) नीति कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन हुने।

## आ.व.०७८/७९ मा गरेको सिफारिसः

### १. राउटे नीति सम्बन्धमा

राउटे जातिको संरक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन नीति बनाई तत्काल कार्यान्वयन आवश्यक भएको हुँदा घुमन्ते अवस्थामा रहेका राउटे समुदायका लागि राष्ट्रिय समावेशी आयोगबाट देहायबमोजिमको व्यवस्थासहितको राउटे नीति कार्यान्वयनका लागि सिफारिस भएको थियो :

क) समानता र प्रतिष्ठासहितको सामाजिक न्यायपूर्ण समाजको स्थापना गर्ने,

ख) लोपोन्मुख, सीमान्तकृत जातजाति र वर्गका नागरिकको जीवनस्तरमा क्रमशः सुधार गर्दै मानव अधिकारको प्रत्याभूत गर्ने,

ग) लोपोन्मुख, सीमान्तकृत जातजातिमा पर्ने राउटे जातिको नागरिकको संरक्षण, सशक्तीकरण र विकास गर्ने,

घ) राउटे जातिको जीवनशैली, धर्म, संस्कृति, भाषा, लिपि, परम्परागत सिपको संरक्षण र सम्वर्धन गर्ने,

ङ) राउटे जातिमा बढ्दै गएको विकृति र विसङ्गति नियन्त्रण र न्यूनीकरण गर्दै सम्मानपूर्वक बाँच्न सक्ने अवस्थाको सिर्जना गर्ने,

च) राउटे जातिलाई नेपालको संविधानप्रदत्त मौलिक हक र मानव अधिकारको निर्बाध उपयोग गर्ने क्षमताको विकास गर्ने,

छ) राउटे जाति बसोबास गर्ने सुर्खेत, दैलेख, जाजरकोट तथा सल्यान जिल्लाका सार्वजनिक र बसोबास गर्न उपयुक्त क्षेत्र पहिचान गरी राउटे समुदायमैत्री एवम् उनीहरूको आवश्यकता तथा चाहनाअनुसार स्थान परिवर्तन गर्न सकिने गरी अस्थायी घरटहराको संरचना निर्माण गर्ने,

ज) उपयुक्त संरचनामा आधारभूत शिक्षाका लागि पूर्वाधारको व्यवस्था गर्ने,

झ) राउटे जाति/समुदायको आधारभूत शिक्षाका लागि अनौपचारिक तथा औपचारिक सामग्रीको प्रयोग गरी सबैलाई शिक्षित र प्रशिक्षित गर्दै लैजाने; सामुदायिक रूपमा टेलिभिजन तथा अन्य मनोरञ्जनका साधनमार्फत श्रव्यदृश्यको माध्यमबाट सचेतना र शिक्षाको विकास गर्दै लैजाने,

ञ) आधारभूत स्वास्थ्य उपचारका लागि पूर्वाधार निर्माण गर्ने,

ट) गर्भवती तथा प्रसूतिसम्बन्धी महिला र नवजात शिशु स्याहार कक्ष स्थापना तथा नियमित हेरचाहको विशेष व्यवस्था गर्ने,

ठ) स्वास्थ्य बिमाको रकम र क्षेत्र विस्तार गर्ने र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूत गर्ने,

ड) राउटे जाति/समुदायमा स्वास्थ्यको स्थिति सुधार गर्न विकसित दुर्व्यसन हटाउने,

ढ) दैनिक खानपान, लत्ताकपडा तथा औषधी उपचारको व्यवस्था गर्ने,

ण) नगदै दिइने भत्तालाई क्रमशः निरुत्साहित गर्दै लैजाने र आधारभूत आवश्यकताका वस्तुको परिपूर्ति गर्ने व्यवस्था गर्दै लैजाने।

**नीति - १**

लोपोन्मुख, सीमान्तकृत जातजातिमा पर्ने राउटे जातिलाई राज्यको स्रोत साधनको परिचालन र उपयोगमा पहुँच बढाउने तथा उनीहरूको परम्परागत सिपको संरक्षण, स्तरीकरण, विकास र उत्पादनका लागि बजारको सुनिश्चितता गर्ने।

**कार्यनीतिः**

क) राउटेले गर्दै आएका परम्परागत कामलाई स्तरीकरण र प्रवर्धन गर्दै यसबाट उनीहरूको जीवन निर्वाहका लागि आर्थिक आधार तयार गर्दै लैजाने,

ख) राउटेले प्रयोग गर्दै आएका परम्परागत काठका सामानका लागि आवश्यक रुखको वृक्षरोपण गर्ने, संरक्षण गर्ने र उनीहरूलाई अभाव हुन नपाउने गरी व्यवस्थित रूपले उपलब्ध गराउने,

ग) राउटेले उत्पादन गरेका सामग्री बेचबिखनका लागि बजारको व्यवस्था गर्ने; यसका लागि स्थानीय सरकारले वितरणकेन्द्रको व्यवस्था गरी खरिद गर्ने व्यवस्था मिलाउने,

घ) सरकारले विभिन्न कार्यक्रममा प्रदान गर्ने मायाको चिनो, सङ्ग्रहालय तथा प्रदर्शनस्थलमा उनीहरूबाट उत्पादित सामानको प्रयोग गर्ने,

ङ) सहरी क्षेत्रमा प्रचारप्रसार र बजार प्रवर्धन गर्ने।

**नीति - २**

सबै नागरिकबिचमा समानता कायम गर्न लोपोन्मुख, सीमान्तकृत जातजातिमा पर्ने राउटे जातिलाई विशेष संरक्षण गर्ने।

**कार्यनीतिः**

क) सरकारी तथा निजी विद्यालयमा राउटे समुदायका बालबालिकालाई आधारभूत तहदेखि उच्च शिक्षासम्म पढ्नका लागि आरक्षणको व्यवस्था गर्ने,

ख) सरकारी सेवामा उनीहरूबिच मात्र प्रतिस्पर्धा गरी कर्मचारी तथा सहायक कर्मचारीहरू भर्ना गर्ने व्यवस्था गर्ने,

ग) तीन तहको सरकार तथा राजनीतिक दलबाट राजनीतिक, सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागी गराउँदै लैजाने,

घ) उनीहरू जस्तै वर्ग र समुदायमा विकास भइरहेको जीवन पद्धतिलाई देखाउने, सिकाउने र अभ्यासका लागि प्रेरित गर्ने (जस्तै; डडेलधुरा जिल्लामा भएको राउटे बसोबास)।

**नीति - ३**

लोपोन्मुख, सीमान्तकृत जातजातिमा पर्ने राउटे जातिको जीवनशैली, धर्म, संस्कृति, भाषा, लिपि, परम्परागत सिपको संरक्षण र संवर्धन गर्ने तथा उनीहरूको धार्मिक, सांस्कृतिक, पुरातात्त्विक स्थान तथा वस्तुको संरक्षण र सुधार गर्ने।

**कार्यनीतिः**

क) राउटे जातिमा बढ्दै गएको मदिरा र सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने हानिनोक्सानीका बारेमा उनीहरूमा सचेतना जगाउने र प्रयोगमा न्यूनीकरण गर्दै लैजाने; मदिराको प्रयोग गर्नैपर्ने अवस्थामा तथा चाडपर्व र धर्म संस्कृतिका लागि प्रयोग गर्दा उनीहरूबाटै परम्परागत घरेलु रूपमा तयार गरिएको मदिराको प्रयोग गर्ने व्यवस्था गर्ने र बाहिरबाट मदिरा ल्याउन तथा सेवन गर्न निषेध गर्ने,

ख) राउटे भाषा (खाम्जी) लाई लिपिबद्ध गर्ने र संरक्षण गर्दै लैजाने; उनीहरूको जीवनशैली, अमूर्त संस्कृतिको खोज र संरक्षण गर्ने,

ग) राउटे जातिको बासस्थानमा बाह्य वा अन्य समुदायको अवाञ्छित क्रियाकलाप रोक्न, उनीहरूसम्म विकृति र विसङ्गति प्रवेश हुन नदिन तथा परिवारका सदस्यको सुरक्षाका लागि समेत समुदायमा बाह्य सम्पर्क तथा समुदाय बाहिरबाट हुने प्रवेशमा तत्कालका लागि व्यवस्थापन समितिको स्वीकृतिमा मात्र दिने; यसका लागि तीन तहको सुरक्षा व्यवस्था गर्ने; यसमा राउटे समुदायका व्यक्तिले छनोट गरेका अन्य समुदाय वा सरकारी निकायका महिला २ जना तथा पुरुष २ जना स्वयंसेवकका रूपमा बसोबास क्षेत्रमै रहने गरी परिचालन गर्ने; बसोबास क्षेत्रसम्म सहजीकरण र व्यवस्थापन गर्न व्यवस्थापन समिति तथा शिक्षा र स्वास्थ्य सेवाका सेवा प्रदायक रहने र सोभन्दा बाहिर सुरक्षा निकायबाट सुरक्षा दिने व्यवस्था गर्ने।

**नीति - ४**

संस्थागत व्यवस्था र अनुगमन तथा मूल्याङ्कन

**कार्यनीति**

क) यो नीति कार्यान्वयनका लागि कम्तीमा रा.प. तृतीय श्रेणी वा सोसरहको स्थानीय सरकारका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, जिल्ला अस्पतालका प्रतिनिधि र स्थानीय सुरक्षा निकायका प्रतिनिधि रहने गरी व्यवस्थापन समितिको व्यवस्था गर्ने,

ख) व्यवस्थापन समितिको काम, कर्तव्य र उत्तरदायित्व, कार्ययोजना तयार गरी कार्य सञ्चालन गर्ने; व्यवस्थापन समितिको काम तथा सुरक्षा व्यवस्थाको नियमित अनुगमन प्रमुख जिल्ला अधिकारीबाट गर्ने; यसका लागि अनुगमन कार्ययोजना, सूचक लाग्ने खर्च जिल्ला प्रशासनबाट व्यवस्था गर्ने,

ग) अनुगमन प्रतिवेदन प्रत्येक छ महिनामा गृह मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय र राष्ट्रिय समावेशी आयोगमा पठाउने; अनुगमन र मूल्याङ्कनका आधारमा नीतिमा सुधार गर्दै लैजाने ।

**नीति - ५**

आर्थिक व्यवस्था

यो नीति कार्यान्वयनका लागि लाग्ने खर्च सङ्घीय सरकारबाट स्थानीय तहलाई ससर्त अनुदानका माध्यमबाट दिने; नगदका रूपमा दिइने भत्तालाई क्रमशः निरुत्साहित गर्दै लैजाने र यसलाई ससर्त अनुदानमा रूपान्तरण गर्ने ।

**२. तत्कालीन कर्णाली अञ्चलको समृद्धि र विकासका लागि विशेष व्यवस्था सम्बन्धमा सिफारिसः**

आयोगबाट तत्कालीन कर्णाली अञ्चलको समृद्धि र विकासका लागि व्यवस्था गर्न देहायबमोजिमका सिफारिस भएको थियो :

क) शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधानप्रदत्त मौलिक हक हो । यसलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको व्यवस्था गरिएको प्रस्तावनामा नै प्रस्ट पारिएको छ । संविधानको व्यवस्थाअनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा रहेको छ । मौलिक हकको कार्यान्वयनका लागि राज्यले कानुन बनाउने र त्यसको कार्यान्वयन सरकारका सबै तहबाट अनिवार्य रूपले हुनुपर्छ त्यसैले राष्ट्रिय शिक्षा नीति, २०७६ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को प्रभावकारी रूपले कार्यान्वयन गराउने व्यवस्था गर्नुपर्छ ।

ख) सरकारले सञ्चालन गर्ने एउटै स्कुलमा अङ्ग्रेजी माध्यमका नाममा दुईथरि शिक्षा दिने व्यवस्था कुनै पनि दृष्टिकोणले उपयुक्त नहुने; कुनै पनि विद्यालयमा सरकारका पाठ्यक्रमबाहेकका अतिरिक्त पाठ्यक्रम

पढाउने भए त्यसका लागि विद्यार्थीसँग अतिरिक्त शुल्क लिन निषेध गर्ने; यसका लागि आवश्यक शिक्षकको योग्यता, दरबन्दी, भर्ना तथा पाठ्यक्रममा सुधार गर्ने;

ग) साबिक कर्णाली अञ्चलका प्रत्येक जिल्लामा सम्पूर्ण रूपमा निःशुल्क व्यवस्था भएका एक एकओटा आवासीय विद्यालय सञ्चालन गर्ने;

घ) कक्षा १० उत्तीर्ण गरी पढ्न छाडेका वा प्रवेशिका उत्तीर्ण गरी उच्च शिक्षामा भर्ना नभएका विद्यार्थीका लागि कर्णालीमा नै व्यवसाय सञ्चालन गर्न सकिने (फलफूल खेती र प्रशोधन, जडीबुटी खेती र प्रशोधन, पशुपालन र उन तथा मासुजन्य प्रशोधन, पर्यटनसँग सम्बन्धित होमस्टे, होटेल, रिसोर्ट, साहसिक खेल आदि) व्यावसायिक तालिम केन्द्र स्थापना गरी तालिम प्रदान गरेर रोजगारीसमेत व्यवस्था गर्ने; रोजगारीका लागि सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी एउटै कोषमा केन्द्रित गरेर लगानी सुनिश्चित गर्दै लैजाने;

ङ) साबिक कर्णाली अञ्चलमा उद्योग व्यवसाय गर्न चाहने युवा व्यवसायीलाई (१८–४० वर्ष उमेर समूह) उनीहरूको लगानीको ५० प्रतिशत रकम परियोजना धितो राखी पाँच वर्षका लागि ऋण लगानी गरिदिने र त्यसमा लाग्ने व्याज अनुदान दिने; यसरी स्थापना हुने उद्योगमा लाग्ने मेसिनरीमा लाग्ने राजस्वको ५० प्रतिशत छुट दिने; यसका लागि लाग्ने लगानीका लागि सरकारले कोष खडा गरी लगानी रकमको व्यवस्था गर्ने

च) स्थानीय कच्चा पदार्थ र श्रमको प्रयोग गरी उत्पादन हुने सामानहरू (ऊन र ऊनबाट बनेका सामान तथा कृषिजन्य उत्पादन) को स्थानीय उपयोग बढाउने; कर्णालीका सबै उत्पादनको आवासीय स्कुलका साथै अन्य जिल्लामा बजार विस्तार गर्ने

छ) साबिक कर्णाली अञ्चलका व्यवसाय सञ्चालक तथा स्वरोजगार व्यवसायीलाई अनिवार्य रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने; स्वरोजगारीको हकमा रोजगार गुमेको अवस्थामा पनि छ महिनासम्मको योगदान रकम नेपाल सरकारले बेहोर्ने गरी प्रोत्साहन कार्यक्रम लागु गर्ने

ज) पर्यटन पूर्वाधार र पहुँच बढाउनका लागि बझाङ - चैनपुर - ताक्लाकोट र हिल्सा - सिमिकोटको यातायात पूर्वाधारको स्तर वृद्धि गरी धार्मिक पर्यटन र पर्यापर्यटन विकास गर्ने; निर्माणाधीन सडकको निर्माण कार्यलाई तीव्रता दिने र सडक यातायातलाई गुणस्तरीय, सुरक्षित र विश्वसनीय बनाउने; मध्यपहाडी लोकमार्गबाट नजिक पर्ने जिल्लाहरूमा सडक जोड्ने तथा सहायक मार्ग निर्माण गरी कर्णाली राजमार्गको वैकल्पिक राजमार्गका रूपमा विकास गर्दै लैजाने;

झ) स्वास्थ्य संस्थाको भौतिक तथा प्राविधिक क्षमता विकास र विस्तार गर्दै सेवा सुनिश्चित गर्ने, स्वास्थ्य बिमाको रकम बढाउँदै लैजाने र सबैको स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गर्ने;

ञ) राष्ट्रिय औषतको तुलनामा कर्णाली क्षेत्रको खाद्यसुरक्षा धेरै कमजोर रहेकाले पर्याप्त खाद्यान्नको सञ्चिति गर्न खाद्य गोदामको व्यवस्था गरी वर्षभरि नै खाद्यान्न पुऱ्याउने;

ट) साबिक कर्णाली अञ्चलमा सङ्घ र प्रदेशस्तरको दरबन्दीमा कर्मचारी खटाउँदा अनुभवी, विगतमा उच्च योगदान गरेका र नैतिक चरित्र उच्च भएका कर्मचारी खटाउने र त्यहाँबाट फर्केपछि उनीहरूलाई सङ्घ र प्रदेश कार्यालयको प्रमुख रहने र विशेष जिम्मेवारीका पदहरूमा जिम्मेवारी दिएर पुरस्कृत गर्ने नीतिको अवलम्बन गर्ने

ठ) कर्णालीमा नेपाल सरकारबाट जाने अनुदानमुखी कार्यक्रमलाई क्रमशः उत्पादमूलक बनाउँदै लैजाने

ड) कर्णाली प्रदेशमा खस सङ्ग्रहालय स्थापना गर्ने; कर्णाली सभ्यताको अध्ययन, अनुसन्धान गरी उजागर गर्दै लैजाने;

ढ) सबै स्थानीय तहको मानव विकास सूचकाङ्क प्रस्ट हुने गरी तयार गर्ने र कार्यक्रमलाई विपन्न र सीमान्तकृतसम्म पुऱ्याउने;

ण) राष्ट्रिय समावेशी आयोगले सिफारिस गरेको राउटे नीतिको तत्काल कार्यान्वयन गर्ने;

त) तीन तहको सरकारको कार्यक्रममा समन्वय गरेर कर्णालीमा हुने कार्यक्रमको दोहरोपना हटाउने;

थ) कर्णालीमा सञ्चालित कार्यक्रम कार्यान्वयनका सम्बन्धमा गुनासा तथा उजुरीका लागि निःशुल्क सुनुवाइ संयन्त्र विकास गरी सञ्चालन गर्ने;

द) साबिक कर्णाली अञ्चलका कृषिमा संलग्न प्रत्येक परिवारसम्म पुग्ने गरी आवश्यकताका आधारमा निःशुल्क बिउबिजन तथा बिरुवा सहज र सरल रूपमा उपलब्ध गराउने

### ३. शिक्षा नीति सम्बन्धमा सिफारिस

आयोगबाट राष्ट्रिय शिक्षा नीति, २०७६ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयनका लागि निम्नअनुसारका कार्य गर्न नेपाल सरकारलाई सिफारिस भएको थियो :

क) नेपालको संविधान, वर्तमान कानुन तथा शिक्षा प्रणालीअनुसार शिक्षा ऐन समयानुकूल बनाउन आवश्यक छ। शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने र त्यसका लागि नेपाल सरकारले समन्वय र नेतृत्व गर्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा नयाँ ऐनले सङ्घीयताको अवधारणालाई मुखरित गर्दै संविधानअनुकूल व्यवस्था गराउन, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को प्रावधानअनुसार शिक्षा ऐन र यसअन्तर्गतको नियमावलीमा व्यवस्था गरी कानुनको कार्यान्वयन र परिपालनामा एकरूपता र प्रभावकारिता हासिल गराउन वर्तमान शिक्षा ऐन २०२८ लाई खारेज गरी नयाँ शिक्षा ऐन जारी गर्ने

ख) सरकारले सञ्चालन गर्ने एउटै विद्यालयमा अङ्ग्रेजी माध्यमका नाममा दुईथरि शिक्षा दिने व्यवस्था कुनै पनि दृष्टिकोणले उपयुक्त नहुने हुनाले कुनै पनि विद्यालयमा सरकारका पाठ्यक्रमबाहेकका अतिरिक्त पाठ्यक्रम पढाउने भएमा त्यसका लागि विद्यार्थीसँग अतिरिक्त शुल्क लिन निषेध गर्ने; यसका लागि आवश्यक शिक्षकको योग्यता, दरबन्दी, भर्ना तथा पाठ्यक्रममा सुधार गर्ने

ग) आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम आधारभूत तहमा अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चित गर्न प्रत्येक जिल्लामा सम्पूर्ण रूपमा निःशुल्क व्यवस्था भएको एक एकओटा आवासीय विद्यालय सञ्चालन गर्ने

घ) सरकारी छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरिरहेका सबै विद्यार्थीलाई छात्रावास, परीक्षा शुल्क वा यस्तै कुनै पनि बहानामा रकम तिर्न पर्ने बाध्यताको अन्त्य गर्न आवश्यक छ, अन्यथा गरिब, विपन्न विद्यार्थीका लागि भएको व्यवस्था कार्यान्वयन नहुने र सामाजिक न्याय कुण्ठित हुने देखिएकाले तत्काल छात्रवृत्तिसम्बन्धी व्यवस्थामा पुनरवलोकन गरी सम्पूर्ण रूपमा निः शुल्क बनाउने र यसको परिपालना नगर्ने उपर कानुनी कारबाहीको व्यवस्था गर्ने; निजी विद्यालयमा पनि आर्थिक रूपमा विपन्न नागरिकलाई पहुँच सुनिश्चित गर्ने गरी छात्रवृत्तिको व्यवस्था गर्ने

ङ) सामुदायिक तथा संस्थागत विद्यालयको नियमित अनुगमन गरी शिक्षासम्बन्धी कानुनी व्यवस्थाको पालना गर्दै शिक्षाको गुणस्तरलाई क्रमशः सुधार र एकरूपता कायम गर्दै लैजाने गरी सङ्घीय, प्रदेश र स्थानीय संयन्त्रको व्यवस्था गर्ने

च) स्थानीय तहमा दिने शिक्षासम्बन्धी अनुदानमा राष्ट्रिय शिक्षा नीति, २०७६ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को कार्यान्वयनलाई (शिक्षासम्बन्धी कानुन परिपालना) पनि एउटा आधारका रूपमा समावेश गर्ने

छ) सबै तहका पाठ्यक्रम स्वदेश केन्द्रित बनाउँदै लैजाने; नेपाल राष्ट्र, यसको अवस्थिति, यहाँको सामाजिक, सांस्कृतिक, जाति र समूह, सामाजिक सांस्कृतिक पहिचान, नेपालका सम्पदा र समृद्धिका विषयवस्तुका बारेमा सबै नेपालीलाई राष्ट्रबोध गराउने ज्ञान, सिप र आचरणको विकास गर्ने गरी पाठ्यक्रममा थप गर्दै लैजाने;

ज) विद्यालयलाई राजनीतिबाट मुक्त राख्दै ज्ञान र सिर्जनाको केन्द्रका रूपमा विकास गर्दै लैजाने व्यवस्था गर्ने; विद्यालय शिक्षकलाई राजनीतिक दलको सदस्यता लिन तथा राजनीतिक दलका कार्यक्रम र प्रचारमा सामेल हुन पूर्ण रूपले निषेध गर्ने; यस्ता क्रियाकलापमा सहभागी भएको पाइएमा निजलाई सेवाबाट बर्खास्त गर्नेसम्मको विभागीय सजाय गर्ने गरी कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने

**४. अल्पसङ्ख्यक तथा विपन्न वर्ग वा समुदायका लागि विशेष व्यवस्था सम्बन्धमा सिफारिसः**

राष्ट्रिय समावेशी आयोगका माननीय सदस्य श्री पुष्पराज तिमिल्सिनाबाट अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्ग वा समुदाय रहेका विभिन्न पालिकामा लक्षित समुदाय तथा पदाधिकारीसँग गरेको स्थलगत छलफलबाट प्राप्त स्थिति विश्लेषणका आधारमा आयोगले अल्पसङ्ख्यक तथा विपन्न वर्ग र समुदायका लागि देहायअनुसारका नीति तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो।

क) पत्थरकट्टा, नेटुवा कुसुण्डा तथा बादीलगायत अल्पसङ्ख्यक, विपन्न घरबारविहीन परिवारका लागि सामूहिक आवासको व्यवस्था गर्ने; आवास कार्यक्रमलाई जनता आवास कार्यक्रमसँग आबद्ध गर्दै एक

परिवारका लागि न्यूनतम दुई कोठाको घर जसमा शौचालय र भान्सा अनिवार्य रहने गरी मापदण्ड निर्धारण गर्ने नीति अवलम्बन गर्ने; साथै जनता आवास निर्माणस्थल प्रारूप तयार गर्दा स्थानीय रोजगारीका अवसर पर्याप्त भएको स्थानको छनोट गर्ने; आवास पाएका घरका व्यक्तिहरूको दैनिक जीवन निर्वाह हुने, स्थानीय रोजगारीमा सहभागिता हुन सक्ने गरी तालिममार्फत क्षमता विकास गरी रोजगारी वा स्वरोजगारीको सुनिश्चितता हुने नीति अवलम्बन गर्ने

ख) उल्लिखित समुदाय वा जातिको उपस्थिति भएका स्थानमा ५ देखि ३० मिनेट समयमा पुग्न सकिने स्थानमा विद्यालय र निः शुल्क शिक्षाको व्यवस्था हुँदाहुँदै पनि विद्यालय भर्ना नहुने र भर्ना भएका पनि विद्यालय नजाने देखिएकाले परिवारका सदस्यहरूमा सचेतना कार्यक्रम सञ्चालन गर्ने; विद्यालय जाने बालबालिकालाई निःशुल्क पोसाक, पुस्तक र पाठ्यसामग्री उपलब्ध गराउने, दिवा खाजाको व्यवस्था गर्नेलगायतका प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

ग) उल्लिखित समुदाय/जातिका परिवारलाई स्थानीय रोजगारीको व्यवस्था गर्न तथा स्वरोजगार व्यवसाय सञ्चालन गर्न सकिने क्षेत्रमा (कृषि व्यवसाय, पर्यटन व्यवसाय, परम्परागत व्यवसाय आदि) तालिम प्रदान गर्दै रोजगारीसमेत दिने; यसरी प्रदान गर्ने रोजगारीमा परिवारका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय पठाउनेलाई प्राथमिकतामा राख्ने; यस्ता कार्यक्रमका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, अन्य स्थानीय तहका रोजगार कार्यक्रम, तालिम कार्यक्रम तथा गैरसरकारी क्षेत्रलगायतका कार्यक्रम एकीकृत गर्दै लगानी सुनिश्चित गर्दै लैजाने

घ) विपन्न समुदायको ज्ञान तथा सिपको स्तर वृद्धि गर्न नयाँ प्रविधिको खोज, अनुसन्धान र प्रयोगमा जोड दिने; स्वरोजगारी प्रवर्धन गर्न सहकारी तथा समूहमा आबद्ध गरी साना कृषि तथा गैरकृषि व्यवसाय स्थापना र सञ्चालन गर्न सहुलियतपूर्ण जग्गा, सिप, बिउ, पुँजी र व्यवसाय विस्तारका लागि सहुलियत व्याजदरमा ऋण दिने र प्रविधिका क्षेत्रमा सहयोग गर्ने; व्यवसायमा लाग्ने कर, सरकारी शुल्क तथा दस्तुरमा सहुलियत दिने; उनीहरूको मौलिक उत्पादनको बजार प्रवर्धन गर्ने

ङ) लक्षित समूहका लागि भएका सबै कार्यक्रमको नियमित अनुगमन गर्ने संरचनात्मक व्यवस्था गर्दै अनुगमन सूचकका आधारमा सुधार गर्दै लैजाने; अनुगमनका क्रममा भेटिएका असल अभ्यासलाई पुरस्कृत गर्ने र गलत क्रियाकलापलाई दण्डित गर्दै लैजाने व्यवस्था गर्ने

च) उल्लिखित समुदाय वा जाति श्रमिक तथा अनौपचारिक क्षेत्रमा काम गर्नेको बाहुल्य रहेकाले हरेक स्थानीय तहले श्रम बजार सूचना प्रणालीलाई विकास गर्ने; रोजगार सूचनालाई अद्यावधिक गर्ने, बेरोजगार, मौसमी रोजगार व्यक्ति तथा अनौपचारिक क्षेत्रका मजदुर र श्रमिकसमेतको अभिलेख राख्ने तथा स्थानीय तहसम्मका रोजगारीका अवसरको अभिलेखीकरण गरी आपूर्ति गर्न सहजीकरण गर्ने, स्थानीय तहले सञ्चालन गर्ने वा स्थानीय तहमा सञ्चालनमा रहेका विकास निर्माण कार्यमा सिपअनुसारका सूचीकृत व्यक्तिको उपयोग गर्ने; उपभोक्ता समितिबाट गर्ने काममा दक्ष कामदारबाहेकमा स्थानीय श्रमिकको प्रयोग अनिवार्य गर्ने; सीमा आसपासका जिल्लामा हुने श्रम बजारको अतिक्रमणलाई निरुत्साहित गर्ने

छ) स्थानीय तहमा अनौपचारिक रूपमा सञ्चालित व्यवसाय तथा रोजगारदाता संस्थाहरूको अनुगमन तथा नियमन स्थानीय तहबाट गर्ने; व्यवसाय दर्ता, न्यूनतम ज्याला तथा कार्य समय र सुरक्षाका कानुनी प्रावधान अनिवार्य कार्यान्वयन गराउने; मजदुरको जोखिम न्यूनीकरण, कामको आवश्यकताअनुसार कामदार राख्ने र कामलाई सम्मानित बनाउने कुरालाई जोड दिने; सबै मजदुर र श्रमिकको अनिवार्य र निःशुल्क स्वास्थ्य बिमा, कामसँग सम्बन्धित दुर्घटना बिमा र सामाजिक सुरक्षा बिमा गराउने व्यवस्था मिलाउने

ज) अल्पसङ्ख्यक समुदायको भाषालाई छुट्टै लिपि भएकालाई लिपिबद्ध गराउने र छुट्टै लिपि नभएकालाई देवनागरी लिपिमा लिपिबद्ध गराई भाषा संरक्षण गरी लोप हुनबाट बचाउने नीति अवलम्बन गर्ने;

**५. ज्येष्ठ नागरिकसम्बन्धी नीति सम्बन्धमा सिफारिस**

ज्येष्ठ नागरिकको जीवनलाई मर्यादित र सम्मानित बनाउँदै लैजान, उनीहरूमा अन्तर्निहित सिप, क्षमता र अनुभवको समुचित उपयोग गर्न, ज्येष्ठ नागरिकको जीवन निर्वाहलाई सम्पन्न बनाई मानव अधिकार उपयोग सुनिश्चित गर्दै संवैधानिक व्यवस्थालाई कानुनबाट प्रत्याभूत गर्दै कार्यान्वयन गर्न थप कानुनी तथा नीतिगत व्यवस्था आवश्यक देखिएको छ। त्यसैले ज्येष्ठ नागरिकको सम्बन्धमा देहायबमोजिम नीतिगत वा कानुनी व्यवस्था गर्न आयोगबाट सिफारिस भएको थियो।

१. ज्येष्ठ नागरिकका ज्ञान, सिप, क्षमता र अनुभवको उपयोग गर्ने

ज्येष्ठ नागरिकहरूले लामो समय अध्ययन, तालिम, व्यवसाय सञ्चालन, जीवनोपयोगी सिप र अनुभव हासिल गरेका

छन्। त्यसलाई उपयोग गर्न सकेमा राष्ट्रनिर्माणमा सिप, व्यवसायको पुस्तान्तरणका साथै इतिहास, कला, साहित्य, प्रशासनिक तथा प्राविधिक अभ्यास नयाँ पुस्तामा हस्तान्तरण गर्नसमेत सकिने भएकाले ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सिप र अनुभवलाई राष्ट्रहितमा समुचित उपयोग गर्न देहायका विषयलाई उपयोग गर्ने नीति अवलम्बन गर्ने

क) स्थानीय तहका प्रत्येक वडामा ज्येष्ठ नागरिक स्रोतकेन्द्रको स्थापना गर्ने; यस केन्द्रले ज्येष्ठ नागरिकको विवरण तयार गरी उनीहरूको क्षमतालाई राष्ट्रनिर्माणमा उपयोग गर्ने

ख) साधारण प्राविधिक ज्ञानका आधारमा विषयगत र उमेरअनुसार खण्डीकृत तथ्याङ्क रहने गरी उमेरअनुसार सक्रिय रहेका र सामाजिक संरक्षणको आवश्यकता पर्ने ज्येष्ठ नागरिक छुट्याएर वर्गीकरण गर्ने; तीनै तहका सरकारले परामर्शदाता, सल्लाहकार, स्वयंसेवक, सञ्चालक सदस्यलगायतका पदमा नियुक्ति गर्दा सक्रिय ज्येष्ठ नागरिकमध्ये योग्य ज्येष्ठ नागरिकलाई अग्राधिकार दिने नीति लिने; सार्वजनिक संस्थामा रहने समिति तथा सार्वजनिक निर्माणका/उपभोक्ता समितिमा प्रतिनिधित्व गराउने गरी स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने

ग) शैक्षिक संस्था, तालिम केन्द्र जस्ता स्थानमा अनुभव तथा ज्ञान, सिप हस्तान्तरण गर्न उत्प्रेरणात्मक मन्तव्य, वक्तव्य प्रस्तुत गर्ने अवसर योग्य ज्येष्ठ नागरिकलाई प्रदान गर्ने

घ) ज्येष्ठ नागरिकद्वारा ज्येष्ठ नागरिक परामर्श सेवा सञ्चालन गर्ने

ङ) स्वयंसेवा कार्यविधि बनाई ज्येष्ठ नागरिकले स्वेच्छाले गर्न चाहेको काम गर्ने व्यवस्था वा अवसर सिर्जना गर्ने

च) सार्वजनिक नीति निर्माणका क्रममा नीति विश्लेषण र मूल्याङ्कन गर्ने अवसर प्रदान गर्ने

छ) ज्येष्ठ नागरिकले सक्रिय जीवन बिताउने वातावरण भएमा स्वस्थ र निरोगी हुने भएकाले उनीहरू आर्थिक क्रियाकलापमा संलग्न हुन सक्छन् । सानोतिनो उपचार खर्च बेहोर्न सक्ने भए भने समयमै उपचार हुन्छ र ठुलो रोग लाग्नबाट बच्छन् ।

ज) ज्येष्ठ नागरिक उपयोग गर्न सक्ने संस्था, सामाजिक संस्थाका काममा संलग्न गराउने र ज्याला भुक्तानी व्यावसायिक सामाजिक उत्तरदायित्वबाट दिन निजी क्षेत्रलाई प्रेरित गर्ने

झ) ज्येष्ठ नागरिकले कृषि तथा अन्य व्यावसायिक काम गरेर आफूले जानेका सिप तथा आर्जेका अनुभव नयाँ पुस्तालाई उद्यमशील बनाउन प्रयोग गर्ने र सिप, कला हस्तान्तरण र पुस्तान्तरण गर्ने

ञ) राष्ट्रिय, जातीय, वर्गीय, वंशीयलगायत इतिहास, भाषा, संस्कृति, परम्परा, मूल्य, मान्यताको ज्ञान भएका ज्येष्ठ नागरिकको उपयोग गरेर इतिहास, भाषा, लिपि, परम्परा तथा मूल्यमान्यता लिपिबद्ध गरी संरक्षणका साथ राख्ने

ट) ज्येष्ठ नागरिकले गरेका अनुसन्धान, साहित्यिक सिर्जना, लेख तथा रचना प्रकाशन गरिदिने र उच्च मूल्याङ्कन भएका लेख, रचना र अनुसन्धानलाई पुरस्कृत गर्ने

ठ) टोल विकास, विद्यालय व्यवस्थापन समिति, वन उपभोक्ता समितिलगायतमा प्रतिनिधित्व सुनिश्चित गर्ने

ड) अनुन्धान केन्द्र, सङ्घ, प्रदेश तथा स्थानीय सरकारका विभिन्न निकायमा हुने अनुसन्धान र अध्ययनको क्षेत्रमा (कार्यविधि बनाएर) काम गर्ने अवसर प्रदान गर्ने

ढ) राष्ट्रिय/प्रादेशिक वा स्थानीय सरकारका क्षेत्रगत नीतिको मसौदा तर्जुमा, पृष्ठपोषणलगायतका काममा उपयोग गर्ने

ण) ज्येष्ठ नागरिकलाई स्थानीय विकास कार्यक्रम र आयोजनाको मूल्याङ्कन, सामाजिक परीक्षण र अनुगमनमा संलग्न गराउने

त) पाठ्यक्रममा ज्येष्ठ नागरिक शिक्षालगायत विषय समावेश हुने गरी स्थानीय पाठ्यक्रम विकास गर्ने; यस्तो पाठ्यक्रम निर्माण गर्दा ज्येष्ठ नागरिकलाई सहभागी गराउने

थ) ज्येष्ठ नागरिकसम्बन्धी संस्थाको व्यवस्थापन र सञ्चालन तथा नियमन (ज्येष्ठ नागरिक पार्क, दिवा स्याहार गृह, मनोरञ्जन स्थल) को जिम्मेवारी योग्य, सक्रिय ज्येष्ठ नागरिकलाई प्रदान गर्ने

द) स्थानीय मन्दिर, पार्क, सार्वजनिक स्थल व्यवस्थापनमा ज्येष्ठ नागरिकलाई संलग्न गराउने

२. ज्येष्ठ नागरिक लक्षित स्वरोजगार व्यवसाय प्रवर्धन गर्ने

जीवनपर्यन्त आफ्नो ज्ञान, सिप र क्षमताको उपयोग गरी जीवन निर्वाह गरेका ज्येष्ठ नागरिकसँग आफू संलग्न पेसासँग सम्बन्धित विषयमा अथाह अनुभव हुने हुँदा उनीहरूलाई स्वरोजगार भई आत्मनिर्भर बन्न देहायका नीति अवलम्बन गर्ने :

क) स्थानीय तहमा योग्य, सक्रिय तथा सक्षम ज्येष्ठ नागरिकलाई सल्लाहकार, विषयविज्ञका रूपमा सेवा गर्ने अवसर प्रदान गर्ने

ख) योग्य, सक्रिय तथा सक्षम ज्येष्ठ नागरिकलाई सामूहिक जमानीमा व्यावसायिक लगानी रकम प्रदान गर्ने; ज्येष्ठ नागरिकलाई ऋण प्रवाह गर्न च्यालेन्ज फन्ड खडा गरी यस्तो कोषबाट आफैँले कुनै व्यवसाय गर्ने गरी सहुलियतपूर्ण व्याजको व्यवस्था गर्ने

ग) ज्येष्ठ नागरिक उत्थान कार्यक्रम घोषणा गरी व्यवसायका लागि बिउ पुँजी दिने प्रबन्ध गर्नुका साथै उनीहरूबाट उत्पादित सामान बिक्री गरिदिन सरकार र निजी क्षेत्रले सघाउने

घ) ज्येष्ठ नागरिकलाई निश्चित उमेरपछि बैङ्कले ऋण नदिने, बिमा कम्पनीले बिमा नगर्ने जस्ता अभ्यास रहेकाले ज्येष्ठ नागरिकले दिने धितो र ऋण सम्बन्धमा सम्पत्तिको निश्चित अंशसम्म परिवारका सदस्यको सहमति चाहिने व्यवस्था हटाउने र ऋण र बिमा सेवा कार्यान्वयन गर्ने

३. ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र सुविधा विस्तार गर्ने

ज्येष्ठ नागरिक उमेर तथा स्वास्थ्यका कारण अन्य उमेर समूहभन्दा कमजोर हुने हुँदा विशेष सुविधाको आवश्यकता पर्छ; यसका लागि पूर्वाधार ज्येष्ठ नागरिकमैत्री हुनु आवश्यक छ भने यातायात तथा स्वास्थ्य सेवामा समेत पहुँच विस्तारका लागि देहायका नीति अवलम्बन गर्दै जाने

क) असहाय र बेसहारा ज्येष्ठ नागरिकका लागि प्रत्येक प्रदेशमा वृद्धाश्रम स्थापना गर्ने, वृद्धाश्रमको भौतिक व्यवस्था, सञ्चालन मापदण्ड र कार्यविधि सबै (सरकारी, निजी तथा सामुदायिक) मा एकरूपता हुने गरी निर्माण गरी कार्यान्वयन गर्ने; यसको निरीक्षण, सुपरिवेक्षण र अनुगमन नियमित रूपमा गर्ने

ख) वृद्धाश्रमको निरीक्षण तथा अनुगमन जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, ज्येष्ठ नागरिक महासङ्घको जिल्ला प्रितिनिधिसमेत रहने गरी समिति गठन गर्ने

ग) स्थानीय सरकारका प्रत्येक वडामा ज्येष्ठ नागरिक दिवा सेवा/मिलन केन्द्र/पार्क/चौताराको व्यवस्था गर्दै लैजाने

४. स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउने

क) ज्येष्ठ नागरिकको उपचारका लागि विज्ञ चिकित्सक र उपकरणको व्यवस्थासहित प्रत्येक अस्पतालमा जेरियार्टिक वार्डको स्थापना गर्दै लैजानुपर्छ; १०० बेड माथिका सबै अस्पतालमा जेरियार्टिक वार्ड स्थापना गर्ने सरकारको घोषणा कार्यान्वयन गर्ने साथै सङ्घीय तहमा एउटा अत्याधुनिक सेवा सुविधासहितको विशिष्टीकृत छुट्टै राष्ट्रिय अस्पताल निर्माण गर्ने र प्रदेशस्तरमा क्रमशः जेरियार्टिक अस्पताल बनाउँदै जाने नीति लिने

ख) नेपाल सरकारले ७५ वर्षमाथि उमेर समूहका मुटुरोगी विपन्न भएमा निःशुल्क अपरेसन गरिदिने व्यवस्था गरेको छ; यो उमेर ७० वर्षमा झार्ने

ग) ज्येष्ठ नागरिकका सबै प्रकारका उपचारमा सरकारी र सामुदायिक अस्पतालमा विशेष छुटमा सेवा पाउने व्यवस्था गर्दै जाने र सो व्यवस्था क्रमशः निजी क्षेत्रमा अवलम्बन गराउँदै लैजाने

घ) हाल, अल्जाइमर रोगको उपचारका लागि रु. एक लाख उपलब्ध गराउने गरी नौओटा अस्पताललाई यो अधिकार तोकिएकामा यस्तो अधिकार १०० बेडमाथिका सबै अस्पतालमा विस्तार गर्ने

ङ) ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई वर्षमा एक पटक निःशुल्क रूपमा निमोनिया फ्लु भ्याक्सिन लगाउने प्रबन्ध गर्ने

च) योगदानमा आधारित स्वास्थ्य बिमाका लागि ज्येष्ठ नागरिकको प्रिमियम सरकारले तिर्ने गरिरहेको विद्यमान व्यवस्था कायम राखी बिमा रकम वृद्धि र उपचारको दायरा बढाउँदै लैजाने

५. सार्वजनिक यातायातमा छुट सुविधाको सुनिश्चितता गर्ने

ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा दिइएको सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउन देहायबमोजिमको नीति अवलम्बन गर्ने :

क) हाल सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७० जारी भई प्रत्येक बसमा दुई सिट छुट्याउने र सबै ज्येष्ठ नागरिकलाई ५० प्रतिशत भाडामा छुट दिने व्यवस्था छ; यसका लागि नागरिकता, पेन्सनपट्टा, मतदाता परिचयपत्र, फोटोसहितको उमेर खुल्ने जुनसुकै परिचयपत्र वा ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्थाबाट जारी भएको परिचयपत्रलाई मान्यता दिई सहज रूपमा सुविधा पाउने प्रबन्ध गर्ने

ख) यस्तो सुविधा सार्वजनिक सडक यातायात र हवाई यातायातमा समेत प्रदान गर्ने व्यवस्था गर्ने

६. ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गर्ने

ज्येष्ठ नागरिकका विशेष अवस्थाअनुसार आवश्यकता पनि फरक फरक हुने गर्छन् । ती आवश्यकता कतिपय पारिवारिक, आर्थिक, मनोसामाजिक, कानुनीलगायत हुने हुँदा उनीहरूको सहज जीवनयापन तथा सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितताका लागि देहायबमोजिमका नीति अवलम्बन गर्नु आवश्यक छ :

क) ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने

हाम्रो मुलुकले अख्तियार गरेको सकारात्मक विभेदको नीतिअनुसार ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिई सेवा प्रवाहमा ज्येष्ठ नागरिकको सहज पहुँच बनाउनका लागि देहायबमोजिम गर्नेः

(अ) सार्वजनिक सेवा प्रवाह हुने सबै ठाउँमा ज्येष्ठ नागरिकको छुट्टै लाइनको व्यवस्था मिलाउने

(आ) सामाजिक क्षेत्रमा आयोजना गरिने सबै कार्यक्रममा ज्येष्ठ नागरिकलाई बस्नका लागि विशेष स्थानको व्यवस्था गर्ने प्रबन्ध मिलाउने

ख) ज्येष्ठ नागरिकको सम्पत्तिलगायत अन्य कानुनी हक सुरक्षित गर्ने

ज्येष्ठ नागरिकलाई सम्पत्तिको कारणबाट हुने दुर्व्यवहारबाट सुरक्षित गराउन वर्तमान कानुनी, सामाजिक मूल्य र मान्यतामै सुधार ल्याउन देहायका नीति अवलम्बन गर्ने :

(अ) ज्येष्ठ नागरिकको मानव अधिकार उपयोग र मर्यादित जीवन निर्वाह गर्न; उनीहरूमाथि हुने हिंसा, दुर्व्यवहार रोक्न तथा ज्येष्ठ नागरिकको जीवन मर्यादित र सुखमय बनाउन ज्येष्ठ नागरिकले आर्जेको सम्पत्तिलाई इच्छापत्रअनुसार हस्तान्तरण हुने कानुनी व्यवस्था गर्ने; सामाजिक सांस्कृतिक दायित्वसमेत निर्वाह गर्ने हुँदा इच्छापत्रको पहिलो प्राथमिकता आफ्नो सन्ततिलाई प्रदान गर्ने र सन्ततिले भरणपोषण गर्न नसकेको/नगरेको अवस्थामा विभिन्न विकल्पको व्यवस्थासहितको कानुन निर्माण गर्ने; सन्तति भएको नाताले मात्र सम्पत्ति हत्याउने व्यवस्थामा नियन्त्रण र नियमन गर्ने

(आ) पैतृक सम्पत्ति बेचबिखन गरेर विदेश लैजान नपाउने व्यवस्था कानुनबाट व्यवस्थित गर्न ज्येष्ठ नागरिकसँग रहेका चलअचल सम्पत्तिमा निजहरू जीवित छउन्जेल सन्ततिमा अंश नलाग्ने प्रस्ट कानुनी व्यवस्था गर्ने

(इ) हाल नेपालमा श्रीमान् श्रीमतीको हकमा माना चामल भराउने कानुनी व्यवस्था रहेको छ; यसैअनुरूप आफूसँग सम्पत्ति नहुने तर छोराछोरी आर्थिक रूपमा सक्षम छन् भने ज्येष्ठ नागरिकले छोराछोरीको आर्थिक हैसियतअनुसार मानाचामल दाबी गर्न पाउने कानुनी व्यवस्था गर्ने

(ई) ज्येष्ठ नागरिकलाई हेरचाह नगर्ने, क्रुर तथाअमानवीय व्यवहार गर्ने वा ज्येष्ठ नागरिकको सम्पत्ति हिनामिना गर्ने परिवार (सार्वजनिक पद धारण गरेका) का सदस्यलाई मुलुकी फौजदारी संहितामा भएको व्यवस्थामा थप गरी सजायको व्यवस्था गर्ने

(उ) ज्येष्ठ नागरिकउपर हुने यौनदुर्व्यवहार भएको सजायमा थप सजाय गर्ने र त्यस्तो व्यक्ति सार्वजनिक पद धारण गरेको व्यक्ति रहेछ भने निजलाई विभागीय सजाय गर्ने व्यवस्था गर्ने र त्यस्ता व्यक्तिलाई राजनीतिक पदमा उम्मेदवार हुनबाट वञ्चित गर्ने

(ऊ) ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा ज्येष्ठ नागरिकलाई मर्का परेमा उजुरी दिन सक्ने व्यवस्था छ; यसको प्रभावकारी कार्यान्वयनका लागि टोल फ्री नम्बर र सहायता कक्ष स्थापना गर्ने; साथै प्रत्येक वडामा स्थापना गरिने ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा पनि उजुरी दिन सकिने प्रबन्ध मिलाउने

७. घर, जग्गा, अपार्टमेन्ट खरिदमा सुविधा प्रदान गर्ने

क) ज्येष्ठ नागरिकको नाममा घर, जग्गा र अपार्टमेन्ट खरिद गर्दा राजश्वमा हाल सरकारले महिलाको नाममा रजिस्ट्रेसन पारित गर्दा दिएअनुसार सुविधा प्रदान गर्ने

ख) ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक रहेका परिवार बसोबास गर्ने आवासीय भवनमा लाग्ने सम्पत्ति करमा छुट दिने नीति अवलम्बन गर्ने

८. सामाजिक रूपान्तरण गर्ने

कानुनमा ज्येष्ठ नागरिकप्रति सम्मान गर्नुपर्ने कुरा उल्लेख भए पनि सबै ज्येष्ठ नागरिकले उचित सम्मान, हेरचाह तथा सुविधाको अनुभूति गर्न पाएको अवस्था छैन त्यसैले ज्येष्ठ नागरिकका सम्बन्धमा सामाजिक रूपान्तरणका लागि देहायका नीति अवलम्बन गर्नेः

क) परिवारले ज्येष्ठ नागरिकको सम्मान तथा स्याहार सुसार गर्ने वातावरण निर्माण गर्न समाजमा व्यापक बहस, छलफल चलाउने तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

ख) विद्यालय तह र उच्च शिक्षासम्मका पाठ्यसामग्रीमा ज्येष्ठ नागरिकलाई सम्मान, हेरचाह र दायित्वबोध हुने प्रकृतिका विषयवस्तु समावेश गर्ने

ग) ज्येष्ठ नागरिकलाई जीवन जिउने सिप र कलाको तालिम दिने

घ) स्थानीय तहमा ज्येष्ठ नागरिकलाई कसरी स्याहार गर्ने भनी परिवारका सदस्यलाई अनिवार्य र नियमित रूपमा तालिम दिने

ङ) समाजमा योगदान पुऱ्याएका प्रतिष्ठित ज्येष्ठ नागरिकको नाममा पनि सडक, पार्क, चौतारा, विद्यालय, कलेजलगायतको नामकरण गर्ने

च) सार्वजनिक तथा निजी क्षेत्रमा पनि क्रमश: ज्येष्ठ नागरिकमैत्री पूर्वाधार (भऱ्याङ कोठा, शौचालय आदि) निर्माण गर्दै जाने

छ) स्थानीय तहमा ज्येष्ठ नागरिकमैत्री सेवा व्यवस्थापनको मूल्याङ्कन गरी उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने

९. सुविधासम्पन्न एवम् नमुना मिलन केन्द्र स्थापना गर्ने

बेसहारा ज्येष्ठ नागरिक जसलाई आश्रयको खाँचो छ, तिनीहरूलाई वृद्धाश्रममा राख्नुपर्छ तर तमाम ज्येष्ठ नागरिकहरू केवल भेटघाटको थलो, भेला हुने ठाउँ, ज्ञान लिने र दिने केन्द्रको खोजीमा रहेकाले देहायका नीति अवलम्बन गर्नुपर्छ :

क) ज्येष्ठ नगरिकका लागि प्रत्येक स्थानीय तहको कम्तीमा वडास्तरमा ज्येष्ठ नागरिकको भेटघाट, अनुभवको आदानप्रदान, मनोरञ्जनलगायतका लागि ज्येष्ठ नागरिक अत्याधुनिक दिवा सेवा केन्द्र, मनोरञ्जन एवम् शारीरिक योग तथा व्यायाम गर्नका लागि व्यायाम सामग्रीसहितको ज्येष्ठ नागरिक वाटिका, पार्क, एकीकृत आरोग्य आश्रम, मिलन केन्द्र, ज्येष्ठ नागरिक चौतारोलगायत व्यवस्था गर्दै जाने

ख) ज्येष्ठ नागरिकको स्रोत केन्द्र, सूचना केन्द्र, पुस्तकालयसमेत स्थानीय तहमा स्थापना गर्दै जाने

१०. सामाजिक सुरक्षा भत्तामा सुधार गर्ने

क) उमेरअनुसार ज्येष्ठ नागरिकको शारीरिक स्वास्थ्य, आवश्यकता र सक्रियता फरक पर्ने भएकाले उहाँहरू उमेर र हैसियतका आधारमा वर्गीकरण गरी सामाजिक संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने; ज्येष्ठ नागरिकको वर्गीकरण उमेरका आधारमा निम्नबमोजिम गर्नेः

६०–६९ वर्ष

७०–८० वर्ष

८०–८९ वर्ष

९०–९९ वर्ष

१०० वर्षमाथि

ख) ज्येष्ठ नागरिकलाई प्रदान गरिँदै आएको सामाजिक सुरक्षा भत्तामा समायानुकूल पुनरवलोकन गरी न्यूनतम जीवन निर्वाहयोग्य बनाउँदै लैजाने र दीर्घकालमा यस्ता भत्तालाई सामाजिक पेन्सनका रूपमा रूपान्तरण हुन सक्ने गरी सामाजिक सुरक्षा नीतिको अवलम्बन गर्ने

ग) मासिक भत्ता आवश्यक नपर्ने ज्येष्ठ नागरिकले आफूले रोजेको सामाजिक सुरक्षा क्षेत्रमा स्वेच्छाले रकम स्थानान्तरण गराउने व्यवस्था गर्ने वा ज्येष्ठ नागरिक कल्याण कोषमा पठाउने; यसरी स्वेच्छाले मासिक भत्ता नलिनेलाई विशेष सम्मानस्वरूप वार्षिक रूपले सार्वजनिक गर्दै लैजाने नीति अवलम्बन गर्ने

घ) सामाजिक कल्याण तथा सामाजिक सुरक्षा कार्यक्रम प्रदान गर्दा अशक्त ज्येष्ठ नागरिक, अपाङ्गता भएका ज्येष्ठ नागरिकका लागि घरगाउँमै सेवा उपलब्ध गराउन घुम्ती सेवासमेत सञ्चालन गर्ने व्यवस्था स्थानीय तहले मिलाउने

ङ) नागरिकता नबनेका कारणले ज्येष्ठ नागरिक सेवा, सुविधाबाट वञ्चित नेपाली नागरिकलाई यथाशीघ्र नागरिकता दिने व्यवस्था गर्ने साथै यस्ता नागरिकलाई उमेर पहिचानका आधारमा सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने

११. ज्येष्ठ नागरिक कल्याणकारी कोष र कार्यक्रमसम्बन्धी

१२. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १७ मा ज्येष्ठ नागरिक कल्याण कोष खडा गर्नुपर्ने कानुनी व्यवस्था छ। ज्येष्ठ नागरिक कल्याण कोषलाई दिगो बनाउन तथा सरकारको दीर्घकालीन आर्थिक दायित्वको भार कम गर्नसमेत निम्न व्यवस्था अवलम्बन गर्दै जाने नीति लिनु आवश्यक छः

क) ज्येष्ठ नागरिक कल्याणकोष स्थापना गर्ने

ऐनको दफा १७ मा व्यवस्था भएको कल्याणकोषमा तीन तहका सरकारले प्रदान गर्ने रकमका अतिरिक्त देहायका व्यवस्था समावेश गरी कोष परिचालन गर्नेः

(अ) नेपालमा रहेका बैङ्कहरूमा खोलिएका खातामा रहेको रकम लामो समयदेखि कसैले पनि दाबी गरेको छैन भने यस्तो रकम ज्येष्ठ नागरिक विशेष कोषमा सारिदिने व्यवस्था गर्ने

(आ) ज्येष्ठ नागरिकले आफ्नो शेषपछि सम्पत्ति ज्येष्ठ नागरिक विशेष कोषमा जाने गरी इच्छापत्र गर्ने कानुनी व्यवस्था गरी वा आफ्नो ज्येष्ठ नागरिक भत्ता नलिई यस कोषमा पठाउन सकिने व्यवस्था गर्ने

ख) सामाजिक उत्तरदायित्व कार्यक्रमबाट लगानी बढाउने

बैङ्क तथा वित्तीय संस्थाले सञ्चालन गर्नुपर्ने संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रमको निर्देशिकामा आवश्यक संशोधन गरी ज्येष्ठ नागरिकको कल्याणका क्षेत्रमा लगानी वृद्धि गर्न सकिने हुँदा देहायका नीति अवलम्बन गर्नेः

(अ) सामाजिक परियोजनाहरूमा हुने खर्चमा ज्येष्ठ नागरिकसम्बन्धी कार्यरत सङ्घसंस्था, वृद्धाश्रम र दिवा सेवा केन्द्र थप गर्ने

(आ) प्रत्यक्ष अनुदान खर्चतर्फ अति विपन्न वर्ग पछि ज्येष्ठ नागरिक भन्ने वाक्यांश थप गर्ने

(इ) बैङ्क तथा वित्तीय संस्थामा पछि ज्येष्ठ नागरिकसम्बन्धी छाता सङ्गठनका रूपमा कार्यरत महासङ्घ, सङ्घ र वृद्धाश्रम, दिवा सेवाकेन्द्र पनि थप गर्ने

(ई) व्यावसायिक रूपमा स्थापना भएका भन्नेमा ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र, राष्ट्रिय स्तरको छाता सङ्गठन महासङ्घ, सङ्घ पनि थप गर्ने

१३. संविधान, कानुन र तीनै तहका सरकारको प्रतिबद्धताको कार्यान्वयन

ग) नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको हक उल्लेख छ भने ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था रहेको छ; यसअनुकूल हुने गरी विद्यमान ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा संशोधन गर्ने

घ) ज्येष्ठ नागरिकसम्बन्धी नीति जारी गर्ने ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली, पन्ध्रौँ पञ्चवर्षीय योजनाअनुसार वार्षिक विनियोजन गरी कार्यान्वयन गर्ने

## ६. अपाङ्गता भएका व्यक्तिसम्बन्धी नीति सिफारिस सम्बन्धमा

अपाङ्गता भएका व्यक्तिका लागि विद्यमान कानुन, नीति, रणनीति र कार्यनीति कार्यान्वयनको प्रयास भइरहेको स्थितिमा यसलाई अझ प्रभावकारी तथा नतिजामूलक बनाउनका लागि कार्यक्रमहरूमा समेत स्पष्टता हुनु उपयुक्त रहेकाले तिनको प्रभावकारी कार्यान्वयन गर्न यस आयोगले निम्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था सिफारिस गरेको थियो :

क) सूचनामा पहुँच/ सचेतना (सरकारी, गैरसरकारी, सम्बन्धित व्यक्ति)

- अपाङ्गता भएका व्यक्तिहरूको सूचनाको हक सुनिश्चित गर्न तथा सूचनामा पहुँच पुऱ्याउन सबै सरकारी कार्यालयका वेबसाइट पहुँचयुक्त (अपाङ्गमैत्री) बनाउँदै लैजाने; निजी क्षेत्रलाई समेत वेबसाइटहरूमा राखिएका सामग्री सुन्न मिल्ने प्रविधि साङ्केतिक भाषा, सचित्र सरल ठुला छापा, क्यापसनिङ, स्पर्श सङ्केतको व्यवस्थाका लागि प्रोत्साहन गर्ने
- सरकारद्वारा सञ्चालित टेलिभिजनका विभिन्न कार्यक्रमहरू साङ्केतिक भाषामा समेत प्रसारण गर्ने व्यवस्था मिलाउने साथै निजी सञ्चार माध्यमलाई समेत अपाङ्गता समावेशी कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने
- अपाङ्गमैत्री सार्वजनिक सेवा प्रवाहका लागि दोभासेको व्यवस्था गर्न दरबन्दी सिर्जना गर्ने

- अपाङ्गता भएका व्यक्तिहरूका लागि श्रव्यदृश्य सामग्री उत्पादन गर्ने,वेबसाइट निर्माण गर्ने तथा साङ्केतिक भाषा अनुवादक तथा प्रशिक्षकको संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने
- अपाङ्गता भएका व्यक्तिका लागि तयार गरिएको सहयोग सामग्री तथा विधालाई प्रोत्साहन गर्ने
- अपाङ्गता भएका व्यक्तिको हकअधिकार तथा राज्यबाट पाउने सुविधाबारे स्थानीय जनप्रतिनिधिलाई अभिमुखीकरण गर्दै स्थानीय तहका नीति, कानुन, योजना तथा कार्यक्रम अपाङ्गमैत्री बनाउन प्रेरित गर्ने
- सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने

ख) पहुँचयुक्त पूर्वाधार व्यवस्था

- सार्वजनिक यातायातका साधनहरू पहुँचयुक्त बनाउन नयाँ दर्ता हुने सार्वजनिक यातायातका साधनहरू अनिवार्य रूपमा अपाङ्गतामैत्री हुनुपर्ने व्यवस्था गर्ने तथा सञ्चालनमा रहेका सार्वजनिक यातायातका साधनसमेत क्रमश: अपाङ्गतामैत्री बनाउँदै लैजाने
- दृष्टिविहीन व्यक्तिहरूले बैङ्क तथा वित्तीय संस्थाहरूमा बैङ्क खाता खोल्न नपाउने, एटिएम सुविधा उपभोग गर्न नपाउने अवस्थाको अन्त्य गर्दै बैङ्क खाता खोल्न पाउने र एटिएम बुथहरू पहुँचयुक्त बनाउँदै सहज बैङ्किङ सेवा पाउने अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- सार्वजनिक सडक यातायात र हवाई यातायातमा अपाङ्गता भएका व्यक्तिलाई विशेष छुट दिने व्यवस्था गर्ने
- सार्वजनिक शौचालय पहुँचयुक्त बनाउने तथा अपाङ्गता भएका व्यक्तिका सवारी साधन पार्किङका लागि सार्वजनिक पार्किङ क्षेत्रमा अनिवार्य ठाउँ छुट्याउने व्यवस्था गर्ने
- निजी तथा व्यावसायिक क्षेत्रलाई सामाजिक उत्तरदायित्वअन्तर्गत अपाङ्गता मैत्री सार्वजनिक शौचालय, पार्क, सडकपेटी, यात्रु प्रतीक्षालय आदि निर्माण गर्न प्रोत्साहित गर्ने
- अपाङ्गता भएका व्यक्तिले आफ्नो नाममा घर, जग्गा खरिद गर्दा लाग्ने राजश्व तथा सम्पत्ति करमा छुट दिने नीति अवलम्बन गर्ने
- प्रदेशस्तरमा अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता सशक्तीकरण केन्द्र स्थापना गर्ने तथा पालिकास्तरमा उपचार र थेरापी केन्द्र विस्तार गर्ने; उपचार तथा थेरापी गर्न आउने अपाङ्गता भएका व्यक्ति र उनीहरूका सहयोगी वा अभिभावकलाई अल्पकाल ( उपचार अवधि वा थेरापी अवधिभर) का लागि बस्ने आवासगृह स्थापना गर्ने
- अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन प्रत्येक प्रदेशले सिप विकास, तालिम तथा व्यवसाय प्रवर्धन केन्द्रहरूको स्थापना गर्ने
- सरकारी र सार्वजनिक संरचनाका नक्सा पास गर्दा पहुँचयुक्त संरचनाको सुनिश्चितता गर्ने व्यवस्था मिलाउने

ग) घरेलु र सामाजिक व्यवहार परिवर्तन (नैतिक आयाम सुधार)

- अपाङ्गता भएका व्यक्तिको स्याहार तथा हेरचाहका विषयमा स्थानीय तहले उक्त परिवारका सदस्य तथा स्वास्थ्यकर्मीहरूलाई अनिवार्य र नियमित रूपमा तालिम दिने
- स्थानीय तहको अपाङ्गतामैत्री सेवा / व्यवस्थापनको मूल्याङ्कन गरी उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत  गर्ने व्यवस्था गर्ने
- अपाङ्गता भएका व्यक्तिलाई समुदाय वा परिवारमै पुनःस्थापित गर्न राज्यले अपाङ्गता भएका व्यक्तिको परिवारलाई सहयोग गर्ने र उनीहरूबाट सहयोग लिने नीति अवलम्बन गर्ने

घ) निःशुल्क कानुनी सेवा, सहायक सहायता तथा सूचना / उजुरी र गुनासो संयन्त्रको सुधार

- अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच पुऱ्याउन तीनै तहको सरकारले निःशुल्क कानुनी सहायताको व्यवस्था मिलाउने
- स्थानीय तहले स्वयम्सेवकको रूपमा अपाङ्गता भएका व्यक्तिलाई सहायता प्रदान गर्ने समूह तयार गरी आवश्यकताका आधारमा परिचालन गर्ने नीति अवलम्बन गर्ने
- स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिका लागि २४ सै घण्टा सेवा प्रदान गर्ने गरी सहायता केन्द्र स्थापना गरी टोल फ्री नम्बर उपलब्ध गराउने

ङ) राज्यबाट सूचीकरण, नियमन र दण्ड सजायको प्रयोग

- अपाङ्गता भएका व्यक्तिको वर्गीकरणअनुसार खण्डीकृत तथ्याङ्क तयार गरी वर्गीकरणअनुसार समावेशिताको क्षेत्र र विभिन्न संरक्षण कार्यक्रम कार्यान्वयन गर्ने

च) सामाजिक संरक्षण र सामाजिक सुरक्षा

- अपाङ्गता  भएका व्यक्तिको शारीरिक स्वास्थ्य अवस्था र  आवश्यकता फरक फरक पर्ने भएकाले अपाङ्गताको वर्गीकरण गरी सामाजिक संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्ने साथै सामाजिक सुरक्षाभत्ता न्यूनतम जीवन निर्वाहयोग्य बनाउँदै लैजाने
- अपाङ्गता भएका व्यक्तिहरूलाई बिमित हुन नपाउने व्यवस्थाको अन्त्य गर्दै अपाङ्गता नभएका व्यक्तिसरह सबै प्रकारका बिमा योजनामा संलग्न हुन पाउने व्यवस्था मिलाउने
- नियमित हेरचाहको आवश्यकता पर्ने पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि दिवा सेवा तथा हेरचाह केन्द्र स्थापना गरी सेवा दिने व्यवस्था मिलाउने

छ) अपाङ्गता  भएका व्यक्तिको क्षमता, अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहनको व्यवस्था (विज्ञान, खेलकुद, साहित्य, कला, सङ्गीत, राजनीति)

- अपाङ्गता भएका व्यक्तिद्वारा नै अपाङ्गता भएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने र त्यसका लागि दक्ष जनशक्ति उत्पादन गर्न स्थानीय, प्रदेश तथा केन्द्रीय स्तरबाटै क्षमता तथा सिप विकासका लागि कार्यक्रमहरू ल्याउने

- अपाङ्गता भएका व्यक्तिहरूले गरेका अनुसन्धान, साहित्यिक सिर्जना, लेख तथा रचना प्रकाशन गरिदिने तथा पुरस्कृत गर्ने नीति अवलम्बन गर्ने
- स्थानीय तह तथा प्रदेशस्तरमा अपाङ्गतामैत्री खेलकुद प्रतियोगिता तथा अपाङ्गता भएका व्यक्तिहरूको कला प्रवर्धनका लागि सांस्कृतिक महोत्सव सञ्चालन गर्ने
- अपाङ्गता भएका व्यक्तिको सबै तहमा राजनीतिक प्रतिनिधित्वको सुनिश्चितताका लागि अनिवार्य तथा विशेष व्यवस्था ल्याउने

ज) हिंसा, दुर्व्यवहार, शोषण रोक्ने र पीडितलाई दण्डित गर्ने व्यवस्थामा थप कडाइ गर्ने

- अपाङ्गता भएका व्यक्तिलाई बेवारिसे छोड्ने र उनीहरूको सम्पत्ति हिनामिना गर्ने परिवार वा अभिभावकलाई कडा सजायको व्यवस्था गर्ने
- अपाङ्गता भएका व्यक्तिउपर अपराध गरेमा अहिले भएको व्यवस्थामा थप सजायको व्यवस्था गर्ने
- अपाङ्गता भएका व्यक्तिउपर हुने अपराधको मुद्दाको सुनुवाइ फास्ट ट्रयाकबाट हुने व्यवस्था मिलाउने
- अपाङ्गता भएका व्यक्ति लक्षित संरक्षणगृहले दातृ निकायबाट लिएका सहयोग हिनामिना गरी लाभ लिएको पाइएमा त्यस्ता संस्था खारेज गरी संस्थापकलाई कारबाहीको दायरामा ल्याउने
- अपाङ्गता भएका व्यक्तिलाई यात्रा गर्न सहयोग नगर्ने तथा छुट सुविधा नदिने सार्वजनिक सवारी साधनलाई दण्डको व्यवस्था मिलाउने

झ) उद्धार र पुनःस्थापना

- पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई परिवारमै पुनःस्थापना गर्न परिवारलाई सहयोग गर्ने नीति लिने र अभिभावकविहीन र बेसहारा अपाङ्गता भएका व्यक्तिलाई भने उद्धार गरी समुदायमै स्थापित पुनःस्थापना केन्द्रमा पुनर्स्थापना गर्ने
- हिंसामा परेका अपाङ्गता भएका महिला तथा किशोरीलाई पुनःस्थापना केन्द्रमा राख्न हाल देखिएको जटिलताको अन्त्य गर्दै पुनर्स्थापित हुन पाउने व्यवस्था मिलाउने

ञ) संस्थागत सुधार र क्षमता विकास (सरकारी, गैरसरकारी, प्रहरी तथा अदालत)

- निजामती किताबखानामा रहेको कर्मचारीको विवरणमा अपाङ्गता भएका बहालवाला कर्मचारी र सेवानिवृत्त कर्मचारीको सूचना उपलब्ध हुने गरी अद्यावधिक गर्ने; सुरक्षा निकायका कर्मचारी विवरणमा समेत सेवा प्रवेशपछि अपाङ्गता भएका व्यक्तिहरूको विवरण र उनीहरूले प्राप्त गरिरहेको सामाजिक सुरक्षाबारे अद्यावधिक गर्ने व्यवस्था मिलाउने
- अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको विवरण तथा उनीहरूले काम गर्ने अपाङ्गताको क्षेत्र र भौगोलिक क्षेत्रबारे विस्तृत विवरणसहितको डाइरेक्टरी तयार गर्ने साथै अपाङ्गता भएका व्यक्तिहरूको अभिभावकको समूह तथा पैरवी गर्ने संस्थाहरूको विवरणसमेत यसमा समावेश गर्ने

- अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्ने संस्था तथा संरक्षण गृहहरूको मापदण्ड निर्धारण गरी नियमित अनुगमनको व्यवस्था गर्ने

ट) आर्थिक समुन्नति

- अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्था तथा उद्योगलाई विशेष सुविधा र सहुलियत प्रदान गरी प्रोत्साहन गर्ने
- अपाङ्गता भएका व्यक्तिलाई व्यवसाय सञ्चालनका लागि ऋण प्रवाह गर्न छुट्टै कोष खडा गरी सहुलियतपूर्ण व्याज, अनुदान वा बिउ पुँजी दिने प्रबन्ध मिलाउने
- अपाङ्गता भएका व्यक्तिले उत्पादन गरेका सामग्रीहरूको बिक्रीवितरणका लागि बिक्रीकक्षको स्थापना गर्ने
- अपाङ्गता भएका ज्येष्ठ नागरिकका लागि विशेष हेरचाह कार्यक्रम तथा थप सहयोग कार्यक्रम सञ्चालन गर्ने
- अपाङ्गता भएका व्यक्तिलाई रोजगारी प्रदान गर्ने निजी क्षेत्रका प्रतिष्ठानलाई उनीहरूको योगदान हेरी पुरस्कृत गर्ने व्यवस्था मिलाउने
- सबै प्रकारका आयआर्जनका कार्यक्रमहरू तर्जुमा गर्दा अपाङ्गता समावेशी कार्यक्रमको समेत व्यवस्था मिलाउने

ठ) अनुसन्धान र अध्ययनमा लगानी (आयोगहरूको क्षमता वृद्धि गर्ने)

- अपाङ्गता भएका व्यक्तिहरूको विशेष अवस्था, आवश्यकता र क्षमता पहिचानका लागि तीनै तहका सरकारले अध्ययन तथा अनुसन्धानका लागि लगानी बढाउने
- अपाङ्गताको क्षेत्रमा काम गर्ने आयोग, मन्त्रालय, कार्यालयहरूको अध्ययन तथा अनुसन्धान कार्यका लागि आर्थिक, भौतिक तथा मानव संशाधनको क्षमता वृद्धिका लागि लगानी बढाउने
- अपाङ्गता भएका व्यक्तिहरूले अनुसन्धान गर्ने, प्रयोगात्मक अभ्यास गर्ने र अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा अनुसन्धान गर्ने गरी राष्ट्रिय स्तरमा अनुसन्धान केन्द्रको व्यवस्था गर्ने

ड) शिक्षा, स्वास्थ्य र पोषण

- अपाङ्गता भएका व्यक्ति तथा उनीहरूको हक अधिकार, उनीहरूप्रति राज्य, समाज र परिवारको दायित्व र जिम्मेवारीलगायतका विषय समावेश हुने गरी स्थानीय पाठ्यक्रम विकास गर्ने
- अपाङ्गता भएका बालबालिकाको अध्ययनलाई सहजीकरण हुने मोबाइल एप तथा वेबसाइट निर्माण गर्ने
- अपाङ्गता भएका व्यक्तिको शैक्षिक अधिकार सुनिश्चत गर्न विद्यालय स्तर तथा विश्वविद्यालयहरूमा अपाङ्गता लक्षित अनिवार्य दूरशिक्षा कार्यक्रम सञ्चालन गर्ने
- अपाङ्गता भएका बालबालिकाको शैक्षिक सामग्री तथा पोषण सुधारका लागि थप सुविधा उपलब्ध गराउने

- अपाङ्गता भएका बालबालिकालाई घरमै शिक्षा उपलब्ध गराउन दक्ष जनशक्ति उत्पादन गर्न सबै तहले लगानी गर्ने; अपाङ्गता भएका विद्यार्थीलाई पढाउने विज्ञ शिक्षकको स्थायी दरबन्दी सिर्जना गर्ने
- अपाङ्गता भएका महिलाका लागि मर्यादित महिनावारीलगायत प्रजनन स्वास्थ्यसम्बन्धी विषयमा अभिभावक तथा हेरचाह गर्ने व्यक्तिहरूलाई जानकारी तथा तालिम प्रदान गर्ने
- अपाङ्गताको दर न्यूनीकरण गर्न प्रजनन उमेरका किशोर, किशोरी, गर्भवती, सुत्केरी लगायतलाई पोषण तथा खोपका बारेमा जनचेतना अभिवृद्धि गराउने
- समावेशी शिक्षा नीति २०७३ मा अपाङ्गता भएका व्यक्तिको शिक्षाका लागि भएका नीति रणनीतिहरू राष्ट्रिय शिक्षा नीति २०७६ ले खारेज गरेकाले उक्त समावेशी शिक्षा नीति २०७३ मा भएका व्यवस्थाहरू पुन राष्ट्रिय शिक्षा नीति २०७६ मा थप गर्ने व्यवस्था मिलाउने

ढ) सहायक सामग्रीमा पहुँच र छुट सुविधा

- अपाङ्गता भएका बालबालिकाको शिक्षामा योगदान दिइरहेका निजी विद्यालयलाई आवश्यक शैक्षिक सामग्री तथा खेलौनाहरू उपलब्ध गराउने; पुस्तकालय निर्माणका लागि अनुदानको व्यवस्था गर्ने;
- अपाङ्गता भएका व्यक्तिहरूको सहज जीवनयापनका लागि विश्वमा आएका नयाँ प्रविधिसहितको सहायक सामग्री वितरण गर्ने साथै त्यस्ता सामग्री उत्पादन गर्ने तथा मर्मत केन्द्रहरू सञ्चालन गर्न स्वदेशी उद्योगहरूलाई प्रोत्साहन गर्ने

ण) विविध

- अपाङ्गता भएका व्यक्तिहरूको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनको अवस्थाबारे सिआरपिडी समितिले नेपाल सरकारलाई गरेको सिफारिस कार्यान्वयनको समीक्षा गरी योजना बनाउने व्यवस्था मिलाउने
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ को दफा ४२ अनुसार बन्ने समन्वय समितिलाई सोही ऐनको दफा ४३ मा तोकिएका अधिकार उपयोग गर्न वा गराउन निर्देशन दिने व्यवस्था मिलाउने
- अपाङ्गता न्यूनीकरणसम्बन्धी आवश्यक निरोधात्मक कार्यक्रमहरू निर्माण गर्ने व्यवस्था मिलाउने

## आ.व.०७९/८० मा आयोगबाट गरेको सिफारिसः

### १. पिछडिएको क्षेत्रको सामाजिक तथा भौतिक विकाससम्बन्धी ः

नेपालको संविधानले परिकल्पना गरेको समावेशीकरण, समानुपातिक समावेशिता र विकासको अवधारणाअनुसार भौगोलिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पिछडिएको क्षेत्र तोकिएका नौ (९) जिल्लाका नागरिकलाई राज्यका हरेक क्षेत्रमा समावेश गर्दै विकास र समृद्धितर्फ उन्मुख गराउनु राज्यको दायित्व हो । कानुनबमोजिम पिछडिएको क्षेत्र भनी तोकिएका नौ (९) ओटा जिल्लामा रहेको पछौटेपनलाई हटाई अन्य क्षेत्रसरह लैजानका लागि तपसिलबमोजिमका क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि यस आयोगले नेपाल सरकारसमक्ष सिफारिस गरेको थियो :

१. पिछडिएको क्षेत्रअन्तर्गत बझाङ, बाजुरा, अछाम, कालिकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु र डोल्पा जिल्लाको सर्वाङ्गीण विकास गर्न त्यस क्षेत्रको पछौटेपन घटाउन र ती जिल्लाहरूलाई अरू जिल्लासरह पुऱ्याउन शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, विकास, रोजगारी र चेतनामूलक कार्यक्रम एकीकृत रूपमा सञ्चालन गर्न केन्द्रमा पिछडिएको क्षेत्र विकास समिति वा विकास प्राधिकरण गठन गरी प्रत्येक जिल्लामा कार्यालय स्थापना गरी विकासका एकीकृत कार्यक्रम सञ्चालन गर्ने
२. पिछडिएका क्षेत्रका रूपमा रहेका नौ (९) ओटा जिल्लामा नै कम्तीमा एउटा निःशुल्क, गुणस्तरीय र व्यवस्थित आवासीय विद्यालय सञ्चालन गर्ने
३. कक्षा आठभन्दा माथि उत्तीर्ण युवा बेरोजगारहरूका लागि पिछडिएको क्षेत्रमै व्यवसाय गर्न विभिन्न सिपमूलक तालिम केन्द्र सञ्चालन गरी फलफूल खेती, पशुपालन, जडीबुटी खेती र प्रशोधन केन्द्र, पर्यटनसँग सम्बन्धित होमस्टे, होटेल, रिसोर्ट, साहसिक खेल, माछापालन र आधुनिक खेती गर्न सरकारबाट बिउ पुँजी र बैङ्क तथा वित्तीय संस्थाबाट ऋण उपलब्ध गराउने प्रबन्ध मिलाउने
४. पर्यटन पूर्वाधारमा पहुँच बढाउन बझाङ - चैनपुर - ताक्लाकोट र हिल्सा - सिमकोट सडकको विस्तार एवम् स्तरोन्नति गर्ने
५. पिछडिएका क्षेत्रका सबै जिल्लामा कृषि सडक विस्तार गर्ने
६. पिछडिएका जिल्लाको उपयुक्त स्थानमा खस सङ्ग्रहालय स्थापना गर्ने
७. विपन्न खस आर्यको पहिचान गरी सरकारी सेवामा आरक्षणका लागि छुट्टै समूह निर्माण गरी यथाशीघ्र कार्यान्वयन गर्ने

### २. किसानका हक, अधिकार र जीवनस्तर सुधारसम्बन्धी

आयोगको कार्यक्षेत्रभित्र किसान र श्रमिकसमेत भएकाले कृषिको आधुनिकीकरण र व्यावसायीकरण गरी किसान र कृषि श्रमिकको हक, अधिकारको संरक्षण गर्नुपर्छ । खाद्यान्नमा आत्मनिर्भर बनाउने महत्त्वपूर्ण क्षेत्र हुनाको नाताले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन पनि कृषिको भूमिका महत्त्वपूर्ण रहन्छ । तसर्थ, कृषि पेसामा संलग्न हुने किसानको

सम्मानका साथै समग्र कृषि प्रणालीमा सुधार गर्न आवश्यक देखिएकाले आयोगले तपसिलअनुसारको सिफारिस नेपाल सरकारलाई गरेको छ :

**तपसिलः**

१. कृषिलाई समृद्धिको मूल आधार र अर्थतन्त्रको मेरुदण्ड बनाउन कृषिक्षेत्रको सर्वाङ्गीण विकासका लागि सम्पूर्ण पक्ष समेटी कृषि ऐन तत्काले बनाउनुपर्ने

२. कृषिसम्बन्धी नीति निर्माण गर्दा किसानको सहभागिता सुनिश्चितताका साथै खाद्य सम्प्रभुता, पोषण र आर्थिक विकासलाई ध्यान दिनुपर्ने; विद्यमान कृषि विकास रणनीतिको शासकीय संरचना समयसापेक्ष रूपमा परिमार्जन गर्दै प्रभावकारी बनाउनुपर्ने

३. नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) लाई किसान र कृषिक्षेत्रका समस्या पहिचान गरी समाधानका लागि अध्ययन अनुसन्धान गर्न देशका सबै पालिकामा काम गर्ने अधिकार दिने र विज्ञहरूलाई विशेष सुविधा दिएर प्रोत्साहनसहित जिम्मेवार रूपमा देशभित्रै परिचालन गर्नुपर्ने

४. नेपाल सरकार तथा सार्वजनिक संस्थाको स्वामित्वमा रहेका (ऐलानी, पर्ती जग्गा) खेतीयोग्य बाँझो जमिनको लगत खडा गरी जमिन नहुने साना, गरिब तथा सीमान्तकृत किसानलाई कार्यविधि निर्माण गरेर लिजमा दिने व्यवस्था गर्नुपर्ने

५. तरकारी उत्पादक कृषकलाई अर्गानिक तरकारी उत्पादनमा हौसला र प्रोत्साहनस्वरूप उत्पादनका आधारमा अनुदान दिनुपर्ने; आयातित एवम् उत्पादित तरकारी तथा फलफूल बजारमा ल्याउनुपूर्व विषादी परीक्षण गरी सफा गरेर मात्र ल्याउनुपर्ने; आयातित तरकारी, फलफूलको नियमन गरी आत्मनिर्भर हुनेतर्फ जोड दिनु पर्ने; तरकारी र दुधसमेतले अपेक्षित मूल्य नपाएकाले कृषि कार्यमा संलग्न किसानका उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी बिक्रीवितरण गर्नुपर्ने व्यवस्था गर्ने

६. सबै पालिकामा खेतीयोग्य जमिनको माटो परीक्षण गरी मौसम र माटोअनुसार बढी उत्पादन हुने बाली लगाउने व्यवस्था गर्नुपर्ने; रासायनिक मल एवम् जीवनाशक र कीटनाशक औषधीको अत्यधिक प्रयोगले माटोको उर्वराशक्तिमा ह्रास आइरहेकाले “माटो जोगाऔँ”अभियान सञ्चालन गर्नुपर्ने

७. कृषि उत्पादन र उत्पादकत्वका आधारमा पकेट क्षेत्र घोषणा गरी आधारभूत राष्ट्रिय खाद्यान्नमा आत्मनिर्भर हुने (जस्तैः धान, गहुँ, मकै, कोदो, दलहन, तेलहन) योजना तथा कार्यक्रम निर्धारण गर्नुपर्ने

८. कृषि सडकलाई स्तरोन्नति गरी बाह्रै महिना र सबै मौसममा चालु हुन सक्ने सडक बनाई आधारभूत कृषि उपजको कृषि सहकारीमार्फत बजारीकरण र चिस्यान केन्द्रसम्म पुऱ्याउने व्यवस्था गर्ने; चिस्यान केन्द्रमा उपयुक्त तापक्रममा भण्डारण गर्ने व्यवस्था गर्न कम्तीमा एक पालिका एक चिस्यान केन्द्र अवधारणा तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने

९. भूमिहीन, सीमान्तकृत एवम् साना, मझौला र ठुला व्यावसायिक किसानको पहिचान एवम् वर्गीकरण गरी छिटोभन्दा छिटो परिचयपत्र दिनुपर्ने; निर्वाहमुखी र साना किसानलाई कृषि औजार एवम् उत्पादनमा आधारित

अनुदान दिनुपर्ने; मझौला र ठुला एवम् व्यावसायिक किसानलाई कृषि औजार, सहुलियतपूर्ण कर्जा, कर छुट र प्रविधिमा सहायता गर्ने नीति लिनुपर्ने

१०. किसानको हक अधिकारका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समावेश गर्ने नीतिगत व्यवस्था गरी तुरुन्त कार्यान्वयन गर्ने; प्रत्येक स्थानीय तहमा कृषकको सहयोगीका रूपमा कृषि एवम् पशुपन्छी पालनका लागि प्राविधिक सेवा उपलब्ध गराउने

११. कीटनाशक र रोगनाशक औषधीको प्रयोग र यसले पार्ने प्रतिकूल प्रभावका विषयमा किसानलाई जानकारी गराई कृषकको सूचनामा पहुँच एवम् सेवा प्रवाहको प्रत्याभूत गर्न (कृषि तथा पशुपन्छीका लागि) सूचनामूलक पुस्तक बनाएर स्थानीय तहमार्फत किसानलाई निःशुल्क रूपमा वितरण गर्ने

१२. मलका सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेः

   क) खेती लगाउने समयमा रासायनिक मल नपाउने समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने; रासायनिक मलकारखाना स्थापनाका लागि सात पटकसम्म सम्भाव्यता अध्ययन भइसक्दा पनि निष्कर्षमा पुग्न सकेको देखिँदैन तसर्थ आर्थिक र प्राविधिक रूपमा सम्भाव्य भए राष्ट्रिय स्तरमा कम्तीमा एउटा जलविद्युतमा आधारित रासायनिक मल कारखानाको स्थापना गर्नुपर्ने

   ख) रासायनिक मलमा दिइँदै आएको अनुदानलाई स्वदेशी प्राङ्गारिक मल उत्पादक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा अन्य उद्योग, कम्पनीलाई पनि उपलब्ध गराउने एवम् जैविक विषादी प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने

   ग) स्थानीय तहबाट उत्सर्जन हुने फोहोर तथा स्थानीय कच्चा पदार्थ, पतकर, वनमारा एवम् गोबर मल (गौशालाबाट प्राप्त हुने मल) उपयोग गरी प्रत्येक स्थानीय तहले कम्तीमा एउटा मलकारखाना स्थापना गरी उत्पादित प्राङ्गारिक मल सहुलियत मूल्यमा समयमै कृषकलाई उपलब्ध गराउनु पर्ने

१३. व्यावसायिक किसानलाई सबै कृषि बालीको अनिवार्य बिमा गर्ने व्यवस्था गरी प्राकृतिक विपत्तिबाट हुने क्षतिको राहत वितरण गर्न सबै पालिकामा विपत् कोष खडा गरी कार्यान्वयनमा ल्याउनुपर्ने

१४. किसानलाई प्रदान गर्ने सेवा सुविधालाई एकद्वार प्रणालीमार्फत वितरण गर्ने; हरेक स्थानीय तहमा हुने उत्पादन र व्यावसायिक किसानको सूचीकरण गर्ने; वैदिक, पारिवारिक, सामूहिक खेती प्रणालीलाई पनि प्रभावकारी र वैज्ञानिक बनाउनुपर्ने; सफल कृषकका सफलताका कथालाई प्रचारप्रसार गर्नुका साथै योगदान गर्ने कृषकलाई पुरस्कृत र सम्मान गर्ने पद्धतिको विकास गर्नुपर्ने

१५. स्वदेशमै उपयोग हुने कृषि औजार कारखाना सञ्चालन गरी कृषि कार्यमा प्रयोग हुने औजार खरिदमा किसानलाई उपयुक्त अनुदान दिनुपर्ने

१६. वनजन्य उद्यमहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वनक्षेत्रमा फलफूल खेती, डालेघाँस, भुइँघाँस, लोप हुँदै गएको जङ्गली फलफूल जस्तैः ऐँसेलु, चुत्रो, बयर, काफल संरक्षण गरी जङ्गलका खाली ठाउँमा व्यावसायिक रूपमा खेती गर्न प्रोत्साहन र व्यवस्थापन गर्नुपर्ने

१७. पानीका मुहान एवम् स्रोतको संरक्षण र पुन:भरण गर्न चुरिया क्षेत्रलगायतका जङ्गलको उपयुक्त स्थानहरू हेरेर वर्षायामको पानी सङ्कलन गर्न पोखरी निर्माण गर्ने; चुरे संरक्षणका लागि जङ्गलभित्र ठाउँ ठाउँमा पोखरी निर्माणलाई अभियानका रूपमा सञ्चालन गर्नुपर्ने; वनजङ्गललाई आगलागीबाट बचाउन पहल गर्नेलाई प्रोत्साहनस्वरूप पुरस्कारको व्यवस्था गरी आगो लगाउनेलाई दण्डित गर्नुपर्ने

१८. बाँदर, बँदेल, दुम्सी, मृग, गैँडा, हात्ती जस्ता जङ्गली जनावरबाट बालीनाली जोगाउन एवम् तिनले नखाने कागती रुद्राक्ष, बोधिवृक्ष, हर्रो, बर्रो, तितेपाती, थाकल, भलायो, श्रीखण्ड, रक्तचन्दनको व्यवसायिक खेती र बजार प्रवर्धन गर्नुपर्ने; जैविक विविधतालाई संरक्षण र प्रवर्धन गर्न दुर्लभ र लोपोन्मुख वन्यजन्तु संरक्षणका लागि जङ्गलभित्र घाँसे मैदान सिमसार क्षेत्रको संरक्षण र वैज्ञानिक दिगो व्यवस्थापन गरी स्वस्थ पारिस्थितिकीय प्रणालीको विकास गरी जङ्गली जनावरबाट कृषिमा पुग्ने क्षतिलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्नुपर्ने

१९. हिमाली भेगमा पशुपालनका लागि चरनक्षेत्र भित्र भेडा, च्याङ्ग्रा, चौँरीगाई र मान्छेका लागि छाप्रा एवम् टहरा निर्माण गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

२०. कर्णालीको गुची च्याउ संरक्षण, प्रवर्धन र बजारीकरण गर्नुपर्ने। केशर, चिराइतो, पाँचऔँले, जटामसी, सेतो चिनी, यार्सागुम्बा जस्ता बहुमूल्य जडीबुटीको व्यावसायिक खेती गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको बजारीकरणको व्यवस्था मिलाउनुपर्ने

२१. मत्स्यपालन गर्न निःशुल्क रूपमा माछाका भुरा उपलब्ध गराई सामुदायिक वनमा पोखरी निर्माण गरी व्यावसायिक माछापालन गर्न प्रोत्साहन गर्ने एवम् समुदायबाटै प्रभावकारी अनुगमन गरी नियमन गर्नुपर्ने

२२. कृषि विषय अध्ययनरत विद्यार्थीका लागि कृषि कार्यमै Internship गर्ने, पढ्दै कमाउँदै कार्यक्रम विस्तार गरी अभियानका रूपमा लैजान अध्ययनलाई कृषि उत्पादन र उत्पादकत्वसँगै जोडी हौसला प्रदान गर्दै कृषिमै रोजगारीको सुनिश्चितता गर्नुपर्ने

२३. साना किसानलाई रु. २५ लाखसम्मको कृषि परियोजना ऋण सहुलियत व्याजदरमा उपलब्ध गराउने व्यवस्था गर्ने; अनुदान वितरण गर्दा सिधै किसानको हातमै पुग्ने विधि/प्रक्रिया मिलाउनुपर्ने

२४. कृषि व्यवसायलाई हस्तान्तरण र पुस्तान्तरण गर्न कृषिको आधुनिकीकरण, व्यावसायीकरणका साथै वैदेशिक रोजगारीमा गएर कृषिसम्बन्धी काम गरी ज्ञान र सिप हासिल गरेका युवालाई लक्षित गरी कृषिका लागि गाउँ फर्क अभियान सञ्चालन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने

२५. विद्यालय तहको पाठ्यक्रममा कृषि समावेश गराउनुपर्ने; कृषिसम्बन्धी ज्ञान र अवधारणा विकास गर्न प्रेरणा/हौसला अभिवृद्धि गर्नुपर्ने

२६. खेतीयोग्य जमीनको खण्डीकरण तत्काल रोक्नुपर्ने; कृषियोग्य भूमिको दुरूपयोग रोकी व्यावसायिक खेतीका लागि स्थानीय तहको सिफारिसमा जग्गाको हदबन्दीको विद्यमान व्यवस्थामा पुनरवलोकन गर्नुपर्ने; वैज्ञानिक र सुरक्षित आवास क्षेत्रको मापदण्ड र योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने

२७. जल, जङ्गल, जमिन र सिँचाइसँग सम्बन्धित कार्यालयलाई समायोजन गरी ती निकायबिच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन एउटै छातामुनि राखेर नतिजामुखी र जिम्मेवार बनाउनुपर्ने

२८. कृषिका लागि लाभदायी जिवाणु, कीटाणुहरूको संरक्षणका लागि आवश्यक योजना बनाई लागु गर्नुपर्ने; स्थानीय र रैथाने बिउको संरक्षण, प्रवर्धन र विकास गर्न आवश्यक अनुसन्धान गर्ने; बिउ र बिरुवामा आत्मनिर्भर हुन बिउ अनुसन्धान एवम् उत्पादन केन्द्र एवम् बिरुवा उत्पादन केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याउनुपर्ने

२९. मौरीपालन, महको गुणस्तर र ब्रान्डिङ गरेर मात्र बजारीकरण गर्नुपर्ने; जलचर प्राणीको संरक्षणमा जोड दिई व्यवसायिकता प्रवर्धन गर्नुपर्ने; बालीनालीमा लाग्ने रोग एवम् पशुपन्छीमा लाग्ने रोगको अनुसन्धान गरी रोग नियन्त्रण गर्ने संयन्त्रको विकास गर्नुपर्ने

### ३. राष्ट्रिय कृषि नीतिसम्बन्धी सिफारिस ः

कृषि प्रणालीमा समयानुकूल परिमार्जन एवम् आधुनिकीकरण गर्न आवश्यक देखिएकाले नेपाल सरकारबाट तर्जुमा हुने राष्ट्रिय कृषि नीतिमा तपसिलबमोजिम विषयहरू आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ :

१. भूमिहीन किसान, कृषि श्रमिक, साना किसान, मझौला किसान, कृषि उद्यमी र ठुला किसान सबैलाई समेट्ने गरी किसानलाई ठोस आधारसहित वर्गीकरण गरिने छ जसबाट कृषि उत्पादनमा प्रत्यक्ष रूपमा संलग्न किसानलाई मात्र उत्पादनमा आधारित भएर अनुदान उपलब्ध गराउने

२. किसानको पहिचान एवम् वर्गीकरण गरी भूमिहीन एवम् सीमान्त, साना, मझौला र ठुला एवम् व्यावसायिक गरी चार वर्गमा छुट्याइने छ जसमा निर्वाहमुखी साना किसानलाई अनुदान र कृषि औजारमार्फत सहयोग र संरक्षण गरी मझौला र ठुला किसानलाई कृषि औजार, सहुलियतपूर्ण कर्जा, उत्पादनमा आधारित अनुदान, कर छुट र प्रविधिमा सहायता गरिने छ जसबाट व्यावसायिक किसान, कृषि उद्यमी, कृषि सामग्री निर्यातकर्ता लगायतका वर्गलाई विशेष प्याकेजमा सहुलियत उपलब्ध गराउने

३. रासायनिक मलमा दिइँदै आएको अनुदान जस्तैः मानव एवम् पशुपन्छी स्वास्थ्य, दिगो कृषि, दिगो वातावरण तथा माटोको गुणस्तरलाई संवर्धन एवम् प्रवर्धन गर्ने गरी प्राङ्गारिक मलका लागि समेत उपलब्ध गराउने; यस्तो अनुदान स्वदेशी प्राङ्गारिक मल उत्पादक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा अन्य उद्योग, कम्पनीलाई समान रूपमा उपलब्ध गराउने

४. सरकारले दिने अनुदानमा कृषकको एकल पहुँचलाई समेत समूह, कम्पनी, सहकारी, फर्मलाई जस्तै समान रूपमा व्यवहार गर्ने; कृषकले सदियौँदेखि बचाएको स्थानीय बिउ, बेर्ना, नश्ल तथा स्थानीय उत्पादनका सामग्री प्रयोग गर्ने आयातित प्रविधिलाई भन्दा बढी प्राथमिकता दिई सुविधा उपलब्ध गराउने

५. जलवायुमैत्री र वातावरणमैत्री परापूर्व कालदेखिका रैथाने प्रविधिहरू, स्थानीय जात तथा नश्लहरू, परम्परागत कृषि प्रविधिहरू र पूर्वजहरूद्वारा लिपिबद्ध वैदिक कृषि प्रविधिहरूको वैज्ञानिक खोज अनुसन्धानका लागि

नेपाल कृषि अनुसन्धान परिषद् तथा विश्वविद्यालयहरूमा उपयुक्त संरचनागत सुधार गरी प्रविधिको विकास गर्ने

६. जलवायु जोखिमका हिसाबले उत्कृष्ट रैथाने बालीहरू, जातहरू, स्थानीय नश्लहरूको उपयुक्त विधिले अध्ययन गरी तिनका विशेषताका आधारमा जातीय विकास, पञ्जीकरण तथा उन्मोचन गर्ने कार्यलाई राष्ट्रिय अभियानका रूपमा सञ्चालन गर्ने

७. कृषकद्वारा अनुसन्धान गरी विकास गरिएका साना, सजिला, कम खर्चिला र प्रभावकारी प्रविधिलाई राष्ट्रिय, प्रादेशिक वा स्थानीय रूपमा माग आह्वान गरी प्रतिस्पर्धात्मक रूपमा सम्मान एवम् पुरस्कृत गर्ने

८. कृषि पेसामा विज्ञता हासिल गरी सेवानिवृत्त रहेका वरिष्ठ विज्ञहरूको ज्ञान, सिप र क्षमताको उपयोग गर्नका लागि विज्ञताको पहिचानसहित मन्त्रालय र विभागमा उनीहरूको सूची तयार गरी प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गर्ने र त्यस्ता विज्ञहरूले कृषि प्रसारको कार्यलाई निजी तवरबाट समेत अगि बढाई कृषि विकासमा सहयोग पुऱ्याउन सक्ने वातावरण निर्माण गर्ने

९. मेसिनरीको प्रयोगलाई अनुदान दिने नीतिअनुरूप त्यसका नकारात्मक पाटाहरू पनि उजागर हुन थालेकाले वातावरणमैत्री हरित पशुजन्य ऊर्जा र अन्य वैकल्पिक स्रोतहरूको प्रयोगलाई पनि विनाभेदभाव संरक्षण गरिने छ साथै कृषि औजार कारखाना पुनः सञ्चालनमा ल्याई किसानलाई आवश्यक कृषि औजारहरू सहुलियत रूपमा देशभित्रै उपलब्ध गराउने

१०. आयातमुखी कृषि अर्थतन्त्र (बिउ, हाइब्रिड, बेर्ना, फूल, मल, सूक्ष्म जीवलगायत उत्पादनका सामग्रीहरू सबै) लाई प्रतिस्थापन गर्ने खालका स्थानीय प्रविधिहरूको प्रयोगलाई सरकारी कार्यालयहरूले प्रोत्साहन गर्ने गरी कार्यक्रम सञ्चालन गर्न कार्यक्रम कार्यान्वयन तरिकामा परिवर्तन गरिने छ जसमा निर्यातमुखी अर्थन्त्रमा विशेष जोड दिने

११. किसानलाई प्रदान गर्ने सेवा सुविधालाई एकद्वार प्रणालीमार्फत वितरण गर्ने व्यवस्था मिलाउने

१२. वनजन्य उद्यमहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वन क्षेत्रमा फलफूल खेती, डालेघाँस, भुइँघाँस, जङ्गली फलफूलको व्यावसायिक खेती (जस्तैः ऐँसेलु, चुत्रो, काफल आदि) गर्ने वातावरण तयार गर्दा प्रोत्साहन गर्ने

१३. पानीको मुहान एवम् स्रोतको संरक्षण र पुन:भरण गर्न स्थानीय तहका सबै वडाका उपयुक्त स्थानमा पोखरी निर्माण गर्ने; समुदायस्तरबाट चुरे संरक्षणका लागि जङ्गलभित्र पोखरी निर्माण गर्ने कार्यलाई अभियानका रूपमा कार्यान्वयन गर्नुपर्ने; आगलागीबाट जङ्गल जोगाउन जनचेतना जगाउने र वनजङ्गल आगलागी रोक्नका लागि पहल गर्नेलाई प्रोत्साहनस्वरूप पुरस्कारको व्यवस्था गर्ने

१४. आधारभूत कृषि उपजको आयात निरुत्साहित गर्न सफल कृषकको सफलताको कथा बनाई प्रचारप्रसार गर्ने; सफल कृषकलाई पुरस्कृत गर्ने पद्धतिको विकास गर्ने; कृषि व्यवसायमा पुस्तान्तरणलाई प्राथमिकतामा राखी युवा जनशक्तिलाई आधुनिक कृषिमा आकर्षित गराउने कार्यक्रम सञ्चालन गर्ने

१५. बाँदर, बँदेल, दुम्सी, मृग जस्ता जङ्गली जनावरबाट कृषिजन्य बालीनाली जोगाउन एवम् पारिस्थितिकीय प्रणालीलाई असर नपर्ने गरी बाँदर तथा जङ्गली जनावरको व्यवस्थापन गर्ने

१६. कृषि विषय पढ्ने विद्यार्थीका लागि कृषि कार्यमै Internship गर्ने व्यवस्था गर्ने एवम् पढ्दै कमाउँदै कार्यक्रमलाई अभियानका रूपमा कार्यान्वयन गर्ने; कृषि अध्ययनलाई कृषिकै उत्पादन र उत्पादकत्वसँगै जोडी प्रमाणपत्र दिने व्यवस्था मिलाउने;

१७. आधारभूत कृषि उपजको आयात प्रतिस्थापन हुने तरिकाले उत्पादन, उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड दिने

१८. कृषिका लागि "घर फर्क अभियान" मार्फत कृषि क्षेत्रलाई प्रवर्धन गर्ने

१९. नगदे रुखहरू जस्तैः रुद्राक्ष, बोधिवृक्ष, श्रीखण्ड, रक्तचन्दनको व्यावसायिक खेती र बजार प्रवर्धन गर्ने नीति बनाई कार्यान्वयनमा ल्याउने

२०. गौचर र गौशालाको संरक्षण गरी गौशालामा उत्पादन हुने गोबर मलको बिक्रीवितरण सरल र सहज रूपमा गर्ने व्यवस्था मिलाई रासायनिक मल कमीको पूर्ति गर्दै माटो सुधार एवम् प्राङ्गारिक कृषि प्रणालीको प्रवर्धन गर्दै जाने व्यवस्था मिलाउने

२१. विद्यालय तहको पाठ्यक्रममा वैदिक शिक्षा एवम् वैदिक कृषि प्रणालीको अध्ययन गराउने गरी व्यवस्था मिलाउने

२२. स्थानीय र लोपोन्मुख जातका गाईको संरक्षण गर्न अभियान सञ्चालन गर्ने

२३. वैदेशिक रोजगारीमा गएर कृषिसम्बन्धी काम गरी ज्ञान र सिप हासिल गरेका युवालाई लक्षित गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने

## आ.व.०८०/८१ मा गरेको सिफारिसः

**१. विपन्न खस आर्यको पहिचानसम्बन्धी सिफारिस**

नेपालको संविधानको धारा १८, समानताको हक र धारा ४२, सामाजिक न्यायको हकअन्तर्गत आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हकको व्यवस्था रहेको छ । तसर्थ आयोगले आर्थिक रूपले विपन्न खस आर्यको सम्बन्धमा देहायबमोजिम हुन नेपाल सरकारलाई सिफारिस गरेको थियो :

क) आर्थिक रूपमा विपन्न खस आर्यलाई नेपालको संविधानको धारा ४२ बमोजिम राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको व्यवस्थाका लागि आर्थिक रूपले विपन्न खस आर्यको पहिचान गर्न आवश्यक कानुनी व्यवस्था गर्ने

ख) आर्थिक रूपमा विपन्न खस आर्यको पहिचान गर्ने कानुनी व्यवस्था नहुन्जेलसम्मका लागि सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा विपन्न खस आर्यका रूपमा मान्यता दिई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको व्यवस्था गर्ने

**२. राजनितिक समावेशितासम्बन्धी सिफारिस**

न्यायोचित प्रतिनिधित्वको सिद्धान्त अवलम्बन गर्ने निर्वाचन पद्धति विकास गरी लोकतन्त्रलाई विसंस्कृत हुन रोकी संवैधानिक अभीष्ट पूरा गर्न तथा राजनीतिक सुशासन कायम गर्न देहायबमोजिमको व्यवस्था गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ :

क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि दलहरूले उम्मेदवार तय गर्दा नेपालको इतिहास,भूगोल, संस्कृति बुझेको, राजनीतिक सुझबुझ भएको, राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान गरेको, सक्षम र योग्य व्यक्तिलाई सिफारिस गर्ने अभ्यास गर्ने; यसका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने

ख) नेपाली समाजको बनोटका आधारमा कुनै कारणबाट राज्यको मूल प्रवाहीकरणमा आउन नसकेका र पछि परेका जातजाति, वर्ग, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व गराउन सङ्घीय संसदमा वि.सं २०६३ देखि वि.सं २०७९ चैतसम्म एक जना पनि प्रतिनिधित्व नभएका देहायको तालिकाबमोजिमका विभिन्न जात, जातिहरूको समूह बनाई उक्त समूहबाट आगामी प्रतिनिधि सभा, प्रदेश सभा सदस्य निर्वाचन र राजनीतिक नियुक्तिहरूमा अनिवार्य प्रतिनिधित्व गराउन आवश्यक व्यवस्था मिलाउने

वि.स. २०६३ देखि वि.सं २०७९ चैत्रसम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका जात/जाति र उनीहरूको २०७८ सालको राष्ट्रिय जनगणना बमोजिमको जनसङ्ख्या:

| क्र.सं. | जातहरू | जनसङ्ख्या |
|---|---|---|
| १ | नुराङ | ३६ |
| २ | बनकरिया | १८० |
| ३ | कुसुन्डा | २५३ |
| ४ | सुरेल | ३१८ |
| ५ | ल्होमी | ३५५ |
| ६ | बालुङ | ४८१ |
| ७ | राउटे | ५६६ |
| ८ | तोप्केगोला | ६४२ |
| ९ | कोचे | ८४७ |
| १० | फ्री | ९२१ |
| ११ | कलार | ९३१ |
| १२ | ल्होपा | १३९० |
| १३ | किसान | १४७९ |
| १४ | चिडिमार | १६१५ |
| १५ | करमारोङ | १६६३ |
| १६ | पन्जाबी/शिख | १८४६ |
| १७ | मुगल/मुगम | २१२४ |
| १८ | डोने | २१२५ |
| १९ | ढाँडी | २३३९ |
| २० | कमार | २५३२ |
| २१ | लोहोरुङ | २५९८ |
| २२ | नटुवा | २८९६ |
| २३ | हलखोर | २९२९ |
| २४ | बेलदार | ३०३७ |
| २५ | हायु | ३०६९ |
| २६ | पत्थरकट्टा/कुशवाडिया | ३३४३ |
| २७ | लेप्चा | ३५७८ |
| २८ | मुन्डा | ३५८९ |
| २९ | धन्कार/धरिकार | ४०९० |
| ३० | चुम्बा नुब्री | ४४१४ |
| ३१ | चाई/खुलौत | ४८०५ |

| क्र.सं. | जातहरू | जनसङ्ख्या |
|---|---|---|
| ३२ | साङपाङ | ४८४१ |
| ३३ | राजी | ५१२५ |
| ३४ | व्याँसी/सौका | ५७१८ |
| ३५ | मेवाहाङ बाला | ५७२७ |
| ३६ | सतबरिया | ५७९३ |
| ३७ | डोल्पो | ५८१८ |
| ३८ | आठपहरिया | ५८७८ |
| ३९ | खालिङ | ५८८९ |
| ४० | थुलुङ | ६२३९ |
| ४१ | बाहिङ | ६५४७ |
| ४२ | गाइने | ६९७१ |
| ४३ | नाछिरिङ | ७३०० |
| ४४ | केवरत | ८८०९ |
| ४५ | याम्फू | ९१११ |
| ४६ | खटिक | ९१५२ |
| ४७ | ह्योल्मो | ९८१९ |
| ४८ | बोटे | ११२५८ |
| ४९ | चाम्लिङ | १२१७८ |
| ५० | बङ्गाली | १३८०० |
| ५१ | राजधोब | १५३९१ |
| ५२ | भोटे | १५८१८ |
| ५३ | याक्खा | १७४६० |
| ५४ | माली | १९६०५ |
| ५५ | डोम | १९९०१ |
| ५६ | कोरी | २०६७० |
| ५७ | राजभर | २९२४० |
| ५८ | कुलुङ | ३३३८८ |
| ५९ | गडेरी/भेडियार | ३५४९७ |
| ६० | लोध | ३९८७२ |
| ६१ | गनगाई | ४१४४६ |
| ६२ | बढई | ५२४३७ |
| ६३ | कथवानिया | ५२४६६ |

| क्र.सं. | जातहरू | जनसङ्ख्या |
|---|---|---|
| ६४ | बानियाँ | ५३६५५ |
| ६५ | कहार | ५९८८२ |
| ६६ | बरई | ६८०११ |
| ६७ | हलुवाई | ७१७९६ |
| ६८ | राना थारू | ८३३०८ |
| ६९ | सोनार | ९३३८० |
| ७० | कुम्हार | ९५७२४ |
| ७१ | लोहार | १००६८० |

| क्र.सं. | जातहरू | जनसङ्ख्या |
|---|---|---|
| ७२ | सुडी | १०७३८० |
| ७३ | नुनीया | १०८७२३ |
| ७४ | घर्ती/भुजेल | १२०२४५ |
| ७५ | मल्लाह | २०७००६ |
| ७६ | मुसहर | २६४९७४ |
| **जम्मा** जनसङ्ख्या | | २०३४९१९ |
| जनसङ्ख्या **प्रतिशत** | | ६.९८% |

१. संविधानको धारा १८ र ४२ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न विद्यमान कानुनद्वारा तोकिएका ६ ओटा क्लस्टरका अतिरिक्त राष्ट्रिय जीवनमा उल्लेख्य योगदान दिई उत्कृष्टता हासिल गरेका कला, साहित्य, कानुन, समाजसेवा, अर्थशास्त्र, चिकित्सा विज्ञान, भौतिक विज्ञान, शिक्षा, श्रमिक, किसान, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत क्षेत्रका प्रतिष्ठित व्यक्ति र बुद्धिजीवीको छुट्टै क्लस्टर बनाउन उपयुक्त हुने

२. राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान गरेका व्यक्तिहरूलाई समेट्ने गरी राष्ट्रिय सभाको निर्वाचन तथा मनोनयनबाट छनोट गर्न नेपालको विविधता र वर्गीयतालाई विचार गरी निर्धारित प्रतिशतका दरले विशेष समूहको छुट्टै क्लस्टर खडा गरी कार्यान्वयन गर्ने

३. कुनै तहको निर्वाचनमा पराजित उम्मेदवारलाई सोही कार्यकालभित्र राष्ट्रिय सभामा निर्वाचित वा मनोनीत हुन नपाउने व्यवस्था मिलाउन उपयुक्त हुने

४. देहायको तालिकाबमोजिम २०६३ वैशाखदेखि २०७९ चैतसम्म सङ्घीय व्यवस्थापिका र कार्यपालिकामा रहेको समुदायगत प्रतिनिधित्वको औसत स्थितिलाई विश्लेषण गर्दै उनीहरूको जनसङ्ख्याका आधारमा राजनीतिक क्षेत्रमा प्रतिनिधित्व हुने गरी आरक्षणको व्यवस्था मिलाउने

**२०६३ वैशाखदेखि २०७९ चैतसम्म सङ्घीय व्यवस्थापिका र कार्यपालिकामा रहेको समुदायगत प्रतिनिधित्वको औसत स्थिति:**

| क्र.सं. | समुदाय | राष्ट्रिय जनगणना, २०७८ मा रहेको जनङ्ख्या प्रतिशत | सङ्घीय व्यवस्थापिकामा रहेको प्रतिनिधित्वको सङ्ख्या | व्यवस्थापिकामा प्रतिनिधित्वको औसत प्रतिशत | कार्यपालिकामा प्रतिनिधित्वको औसत प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खस आर्य | ३०.११ | १०३+१०९+१३७+११४+१२२+१३०+१२+१४+३७+१६३ = ९४१ | ९४१/२१९९ = ४२.७९% | ४४.७२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | आदिवासी जनजाति | २८.५८ | ८०+६३+१०७+४७+११५+ ६६+६९+२+३+९ = ५६२ | ५६१/२१९९ = २५.५६% | २१.७४ | |
| ३ | दलित | १३.३५ | ५+३६+१+३४+१८+१६+२ +३+७+१६ = १३८ | १३८/२१९९ = ६.२८% | ४.७३ | |
| ४ | थारू | ६.२० | १९+१४+२०+१८+२२+१६ +१३+०+०+१ = १२३ | १२३/२१९९ =५.६०% | ५.८० | |
| ५ | मधेसी | १६.३९ | ४७+५४+८४+३७+६२+४७ +४२+३+०+४ = ३८० | ३८०/२१९९ = १७.२८% | २०.०८ | |
| ६ | मुस्लिम | ४.८६ | ४+६+१२+५+१३+९+५+०+० +१ = ५५ | ५५/२१९९ = २.५०% | २.९० | |
| ७ | महिला | ५१.४४ | २८+१६३+७+१५२+९१+९ +८२+७+७+२२+५७ = ६२५ | ६२५/२१९९ = २८.४२% | १५.३२ | |

५. व्यवस्थापिका र  कार्यपालिकामा जातीय र सामुदायिक सन्तुलनका अतिरिक्त क्षेत्रीय, प्रादेशिक, भौगोलिक एवम् सांस्कृतिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने

६. समावेशी समूह (Cluster) भित्र समानुपातिक निर्वाचन प्रणालीतर्फ अवसर पाउनेमा तत् तत् वर्ग, समुदाय र जातिका माथिल्लो तप्का (Creamy Layer) ले मात्र पटक पटक अवसर पाइरहेको देखिएकाले यसरी अवसर पाइसकेका वर्ग, समुदाय वा जातिको सूची (Exclusion List) तयार गर्ने; उक्त सूचीलाई क्रमश: अद्यावधिक गर्दै लैजाने र सो सूचीका आधारमा उक्त अवधिसम्म अवसर नपाएका वर्ग वा समुदायका लागि सम्बन्धित समावेशी समूहभित्र समावेशी उपसमूह (Sub-Cluster) बनाई उक्त समूहबाट उम्मेदवार सिफारिस गर्दा ती समावेशी उपसमूहबाट अनिवार्य प्रतिनिधित्व गराउन आवश्यक व्यवस्था मिलाउने

७. राज्य संयन्त्रमा लक्षित समुदायको प्रतिनिधित्व गराउने औजार केवल समानुपातिक प्रतिनिधित्व मात्र हो कि जस्तो भएको छ; समुदायभित्र नै चुनावमा प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिको विकास र पहिचान हुन आवश्यक छ तसर्थ समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित व्यक्तिलाई हेर्ने सामाजिक मनोविज्ञानलाई थप सकारात्मक तुल्याउन त्यस्ता व्यक्तिको सशक्तीकरणका लागि आवश्यक प्रबन्ध गर्ने

८. समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवार सिफारिस गर्दा सम्बन्धित राजनीतिक दलको कार्यकारी पदमा रहेका पदाधिकारीका एकाघरका परिवार र नातेदारलाई एकैपटक उम्मेदवार सिफारिस गर्न नपाउने व्यवस्था मिलाउने; उक्त प्रणालीतर्फ एकैपटक एउटै राजनीतिक दलबाट एकै परिवारका एक जनाभन्दा बढी सदस्यलाई उम्मेदवार सिफारिस गर्न नपाउने व्यवस्था  मिलाउने

९. राजनीतिक दलहरूमा एकै व्यक्ति वा परिवारका सदस्यले पटक पटक अवसर पाउँदा अन्य आकाङ्क्षीहरूमा नैराश्य उत्पन्न हुन सक्ने र कतिपय सक्षम र उर्जाशील व्यक्ति प्रतिस्पर्धा गर्ने अवसरबाट वञ्चित हुन सक्ने देखिएकोले तल्लो तहको पदबाट माथिल्लो तहको पदमा जानेबाहेक एक जना व्यक्तिले एक पटकभन्दा बढी समानुपातिक पद्धतिबाट प्रतिनिधित्वको अवसर नपाउने व्यवस्था लागु गर्न आवश्यक व्यवस्था मिलाउने

१०. नेपालको संविधानले सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको सन्दर्भमा संविधानको मर्मअनुसार महिलाको सहभागिता सुनिश्चित गर्न व्यवस्थापिका संसदको प्रतिनिधि सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यमध्ये कम्तीमा एक तिहाइ महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा भाग लिने दलले उम्मेदवार सिफारिस गर्दा तीन वा सोभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लाको कम्तीमा एक तिहाइ निर्वाचन क्षेत्र (उदाहरणका लागि ३ ओटा निर्वाचन क्षेत्र भएको जिल्लामा १ ओटा क्षेत्र, ४ देखि ६ ओटा निर्वाचन क्षेत्र भएको जिल्लामा २ ओटा क्षेत्र र ७ वा सोभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा ३ ओटा क्षेत्र) मा महिलालाई सिफारिस गर्ने गरी व्यवस्था मिलाउने

११. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा उम्मेदवार भएपश्चात् प्रचारप्रसारका लागि अत्याधिक रकम खर्च हुने गरेको देखिएको र कतिपय उम्मेदवारले निर्वाचनका लागि दलको तर्फबाट मनोनयन पत्र (टिकट) पाउँदासमेत आर्थिक अभावका कारण निर्वाचनमा प्रतिस्पर्धा गर्नबाट पछि हट्नुपर्ने अवस्था देखिन आएको हुँदा उम्मेदवारको निर्वाचन प्रचारप्रसार कार्यलाई सरल, सहज र कम खर्चमा सम्पन्न गर्न सक्ने व्यवस्था मिलाउन आवश्यक प्रबन्ध गर्ने

## ३. आरक्षण व्यवस्था सम्बन्धमा सिफारिस ः

सार्वजनिक प्रशासनमा पनि अति सीमान्तकृत वर्गको प्रतिनिधित्व अत्यधिक न्यून रहेको पक्षलाई ध्यानमा राखी आयोगले २०७८ सालमा गरेको "विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन" समेतका आधारमा आरक्षण व्यवस्थाका सम्बन्धमा गरेको सिफारिशलाई मिति २०८१/१०/०६ गतेको आयोगको बैठकले संसोधन गरी  देहायबमोजिम सिफारिस गरेको थियो :

१. आरक्षण व्यवस्थाबाट लाभ लिने कार्यलाई एकै ठाउँमा  थिग्रिन नदिई विस्तारित गर्न आरक्षणअन्तर्गत सार्वजनिक सेवामा सबल र आर्थिक रूपमा सम्पन्न व्यक्ति वा परिवारको उपस्थितिलाई न्यायपूर्ण बनाउन र आरक्षणलाई सामाजिक न्यायको दृष्टिकोणबाट उपयुक्त बनाउन  देहायबमोजिमका व्यक्तिलाई आरक्षण व्यवस्थाअन्तर्गत सेवा प्रवेशको सुविधा प्रदान नगर्ने :

क) निजामती तथा अन्य सार्वजनिक सेवातर्फ राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो तहमा सेवारत वा निवृत्त भएका कर्मचारीका  सन्तति (छोरा/छोरी)

ख) पति, पत्नी वा दुवैले वर्षको कम्तीमा दुईलाख आय कर तिर्ने व्यवसायी, व्यापारी, उद्योगी, वा डाक्टर, इन्जिनियर, वकिल जस्ता पेसा गर्ने बाबुआमाका सन्तति

ग) विश्वविद्यालयका वर्तमान तथा पूर्व कुलपति तथा उपकुलपति र विश्वविद्यालयमा विशिष्ट श्रेणीको पदमा काम गरेका प्राध्यापकका सन्तति

घ) बुबा र आमामध्ये एक वा दुवै संयुक्त राष्ट्र सङ्घलगायत अन्तर्राष्ट्रिय सङ्घसंस्थामा अधिकृतस्तरमा सेवारत व्यक्तिका सन्तति

ङ) हाललाई पाँच करोड रुपियाँभन्दा बढी मूल्यको सम्पत्ति भएका व्यक्ति वा निजका सन्तति,

च) नेपालको नागरिकता त्यागी विदेशी मुलुकको पासपोर्ट (नागरिकता) लिएको व्यक्ति र निजका सन्तति,

छ) आरक्षणको सुविधा एक व्यक्तिलाई एक पटक मात्र उपलब्ध गराउने,

२. पिछडिएको क्षेत्रबाट आरक्षणको सुविधा प्राप्त गर्न त्यस्ता व्यक्ति वा निजको बाबु, आमाको नाममा आफ्नो जिल्ला बाहिरका महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकामा घरजग्गा हुन नहुने

३. आरक्षण दाबी गर्ने व्यक्तिले आरक्षण सुविधाका लागि बुँदा नं. १ र २ मा उल्लिखित वर्गमा नपर्ने भनी अनिवार्य रूपमा स्वघोषणा गर्नुपर्ने

## ४. खस आर्य र पिछडा वर्गको थर सूचीकरण सम्बन्धमा सिफारिस

नेपालको संविधानअनुसार पिछडा वर्ग राष्ट्रिय समावेशी आयोगको कार्यक्षेत्रभित्र रहेको तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार खस आर्य र पिछडा वर्गभित्र रहेका थरहरू सूचीकरण गर्ने कार्यादेश यस आयोगमा रहेकाले खस आर्य र पिछडा वर्गको थर सूचीकरणका सम्बन्धमा यसअगि नेपाल सरकारलाई देहायबमोजिम सिफारिस गरिएको थियो :

१. खस आर्यभित्रको दशनामी समुदायको गिरी थरमा भृगुलातस्य गोत्र नहुने भएकाले हटाइदिन नेपाल दशनामी समाजबाट पत्राचार भएको हुँदा उक्त गोत्रलाई हटाउने; दशनामी समुदायको थर, गोत्र, उपगोत्र, मढीका अलावा सूत्र र शाखा उल्लेख नभएमा पहिचानमै समस्या हुने भएको हुँदा सबै उल्लेख गरी थरहरूको सूची तयार गर्ने

२. आयोगले मिति २०७९/१२/१४ र २०८०/०२/०८ मा सिफारिस गरेका खस आर्यका थरहरूको सूचीमा बुँदा नं. १ र २ बमोजिम भएका संशोधनअनुसारको अनुसूची १ (पाना-१७) मा उल्लिखित खस आर्यका ६६७ थरहरूको सूची नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने

३. आयोगबाट मिति २०८०/१०/०८ मा सिफारिस गरिएको पिछडा वर्गका थरहरूको सूचीमा भाषिक शुद्धता कायम गरी पिछडा वर्गअन्तर्गत पर्ने संलग्न अनुसूची २ (पाना-२) मा उल्लिखित ५० जातका ४०१ थरहरूको सूची नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने

४. संशोधनसहितको निर्णय आयोगको वेबसाइटमा प्रकाशन गर्ने

आयोगले मिति २०७९।१२।१४ र मिति २०८०।०२।०८ मा सिफारिस गरेका खस आर्यका थरहरूमाथि मिति २०८०।११।३० मा भएको संशोधनपश्चात् सिफारिस भएका खस आर्यका थरहरूको सूची :

## १ ब्राम्हण जातिका थर, गोत्रहरू

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १. | अगस्ती | अत्री |
| २. | अचार्ज | कौडिन्य/कौण्डिन्य, गर्ग |
| ३. | अधिकारी | अत्री/ आत्रेय, कश्यप / काश्यप, भारद्वाज, माण्डव्य |
| ४. | अर्याल | अत्री/आत्रेय |
| ५. | अगस्थी | अत्री/आत्रेय |
| ६. | अवस्थी/ अबस्थी | अत्री/आत्रेय, काश्यप/ कश्यप, कौडिन्य/ कौण्डिन्य, गर्ग, भार्गव, भृगु, साङ्कृत्य |
| ७. | आचार्य | कौडिन्य/कौण्डिन्य, कुण्डिन, गर्ग |
| ८. | आपागाई/ आपागाँइ/ अम्गाई/ अम्मै | कौशिक, घृतकौशिक |
| ९. | ईटनी/ ईटेनी | भारद्वाज |
| १०. | उपाध्याय | अत्री/आत्रेय, गर्ग/ भारद्वाज/ कौशिक/ अनेकौँ |
| ११. | उप्रेती/उप्रेती भाट | उपमन्यु, मौद्गल्य/मुद्गल |
| १२. | ओझा | अत्री/आत्रेय, इन्द्रप्रमद, कश्यप/काश्यप, कौशिक, पराशर, भारद्वाज, सनकस, हरित |
| १३. | ओडारी | वशिष्ठ |
| १४. | ओस्ती/ ओस्थी/ वोस्ती | भारद्वाज ,अत्री/आत्रेय |
| १५. | ओलिया | भारद्वाज |
| १६. | ओली/वली | उपमन्यु, कौशिल्य |
| १७. | कँडेल | भारद्वाज |
| १८. | कटेल | पराशर |
| १९. | कडरिया | कृष्णाअत्री |
| २०. | कपाडी | गौतम |
| २१. | कमली | भारद्वाज |
| २२. | कलौनी | कश्यप/काश्यप |
| २३. | कसारे | वशिष्ठ |
| २४. | काप्री/काप्री रानाभाट | भारद्वाज |
| २५. | काफ्ले | शाण्डिल/शाण्डिल्य/ सावर्णी |
| २६. | कालाखेती | भारद्वाज |
| २७. | कुँइकेल | मौद्गल्य |
| २८. | कुकुरकटेल | पराशर/मौद्गल्य |
| २९. | कुकुरकाटे/ कुकुरकोटे | धनञ्जय |
| ३०. | कुमाई | भारद्वाज |
| ३१. | कुलकर्णी | अत्री/आत्रेय |
| ३२. | कैनी | भारद्वाज |
| ३३. | कोइराला | मौद्गल्य |
| ३४. | क्वाइँतोला जोशी | गर्ग |
| ३५. | खकुरेल | कृष्णात्री |
| ३६. | खतिवडा | अत्री/आत्रेय |
| ३७. | खनाल/ खंदाल | घृतकौशिक |
| ३८. | खनिया | वशिष्ठ |
| ३९. | खराल | वत्स |
| ४०. | खरेल | वशिष्ठ |

| | | |
|---|---|---|
| ४१. | खिडकीसैनी | कश्यप/काश्यप |
| ४२. | खुलाल | धनञ्जय, वत्स |
| ४३. | गजुरेल/ गजुर्याल | गर्ग |
| ४४. | गर्तौला/ गड्तौला | कश्यप/काश्यप |
| ४५. | गाग्ले | कौण्डिन्य/कौडिन्य |
| ४६. | गुरागाँई/ गौरागाईँ | धनञ्जय |
| ४७. | गेलाल | अत्री/आत्रेय, भारद्वाज |
| ४८. | गेवाली | माण्डव्य |
| ४९. | गैरे | कौण्डिन्य |
| ५०. | गैली/गौली | अत्री/आत्रेय, आङगिरस |
| ५१. | गोतामे/ गौतम | अत्री/आत्रेय |
| ५२. | गोदार | अत्री/आत्रेय |
| ५३. | गोरा | अत्री/आत्रेय |
| ५४. | गौडेल | कौशिक/कौशिल्य |
| ५५. | घिमिरे | कश्यप/काश्यप |
| ५६. | घोडासैनी | काश्यप/कश्यप, कौशिक, जैमिनी, माण्डव्य |
| ५७. | घोरासैनी/ घोरसाई/ घोरसाइने/ घोरासाइनी | जैमिनी |
| ५८. | चटोत/चटौत | कश्यप/काश्यप |
| ५९. | चट्टोपाध्याय | मौद्गल्य |
| ६०. | चतुर्वेदी | भारद्वाज |
| ६१. | चदौला | पराशर |
| ६२. | चपाई | अत्री/आत्रेय |
| ६३. | चम्करिया | भारद्वाज |
| ६४. | चम्याल | भारद्वाज |
| ६५. | चम्लागाईँ | भारद्वाज |
| ६६. | चर्टर्जी/ चक्रवती | मौद्गल्य |
| ६७. | चलाउने | वशिष्ठ |
| ६८. | चापागाईँ | अत्री/आत्रेय |
| ६९. | चालिसे | वशिष्ठ |
| ७०. | चिमरिया/ चिमोरिया | भारद्वाज |
| ७१. | चिमाली | कौशिक |
| ७२. | चिलुवाल | गर्ग |
| ७३. | चुँडाल | गर्ग |
| ७४. | चुँदाली | अत्री/आत्रेय |
| ७५. | चुकुडाल | गर्ग |
| ७६. | चुवाई | भारद्वाज |
| ७७. | चुहान | वत्स |
| ७८. | चौँसली | भारद्वाज |
| ७९. | चौलागाईँ | भारद्वाज |
| ८०. | च्वाई | भारद्वाज |
| ८१. | छत्कुली | कौशिक |
| ८२. | छत्याल | कुशिक/कौशिक |
| ८३. | छिमाल | गर्ग |
| ८४. | जमरकट्टेल/ जमकट्टेल/ जेमकट्टेल | भारद्वाज |
| ८५. | जुम्ली | भारद्वाज |
| ८६. | जंगम | वसुमन |
| ८७. | जैसी | अत्री/आत्रेय, कश्यप/काश्यप, कौशिल्या, कौशिक,गर्ग, गौतम भारद्वाज, अनेकौँ |
| ८८. | जोशी | अत्री/आत्रेय, अङ्गिरा, आयत, उपमन्यु, अङ्गीरस, कश्यप/काश्यप, कौशिक, गर्ग, गौतम, भारद्वाज, माण्डव्य, वशिष्ठ, शाण्डिल्य/ शाण्डिल्य, अनेकौँ |

| | | |
|---|---|---|
| ८९. | जोसी | जैमन |
| ९०. | टण्डन | अङ्गीरस, कौशिक, ताण्डिन |
| ९१. | डल्लाकोटी | भारद्वाज |
| ९२. | डाँगी | अत्री/आत्रेय, कौशिक/ कौशिल्य |
| ९३. | डुम्रे | धनञ्जय |
| ९४. | डोँगरे | पराशर |
| ९५. | डोटेल | अत्री/ आत्रेय |
| ९६. | डौलिया | भारद्वाज |
| ९७. | ढकाल | उपमन्यु |
| ९८. | ढाँट | धनञ्जय |
| ९९. | ढुङ्गाना/ ढुंगाना | कौशिक |
| १००. | ढुङ्गेल/ ढुङ्ग्याल | अगस्ती |
| १०१. | ढोडारी | गौतम, भारद्वाज |
| १०२. | तिमलसेना/ तिम्सेना/ तिम्सिना/ तिमल्सिना तिमल्सेना/ तिमिल्सेना/ तिमिल्सिना/ | मौद्गल्य |
| १०३. | तिवारी/ तेवारी | कश्यप/काश्यप, कौशिक, गौतम, श्रीमुख शाण्डिल्य/ शाण्डिल्य सावर्ण |
| १०४. | त्रिताल | कौडिन्य |
| १०५. | त्रिपाठी | गौतम |
| १०६. | थपलिया | भारद्वाज |
| १०७. | थलारी | अत्री/ आत्रेय |
| १०८. | थानी | कौडिन्य |
| १०९. | दङ्गाल | गौतम |
| ११०. | दनै | उपमन्यु |
| १११. | दमासे | अत्री/ आत्रेय |

| | | |
|---|---|---|
| ११२. | दयाल | वत्स |
| ११३. | दर्नाकाटी | अत्री/ आत्रेय |
| ११४. | दवाडी/ दुवाडी | अत्री/आत्रेय, वशिष्ठ/ वशिष्ठ |
| ११५. | दाहाल | वत्स, वशिष्ठ |
| ११६. | दीक्षित | कौण्डिन्य/ कौडिन्य |
| ११७. | दुलाल | अत्री/ आत्रेय, उपमन्यु, भारद्वाज |
| ११८. | दुवाल | उपमन्यु |
| ११९. | दुवे | भारद्वाज |
| १२०. | देवकोटा | भारद्वाज |
| १२१. | देशपाडे | साङ्ख्यायन |
| १२२. | दैनी | उपमन्यु |
| १२३. | धनुक | कश्यप/काश्यप |
| १२४. | धमला | गर्ग, धनञ्जय |
| १२५. | धरेल | गौतम |
| १२६. | धामी | गौतम |
| १२७. | धिताल | कौशिक, माण्डव्य |
| १२८. | नकाल | भारद्वाज |
| १२९. | नागिला | वाल्मीकि |
| १३०. | निउरे/न्युरे | मौद्गल्य |
| १३१. | निरौला | भारद्वाज |
| १३२. | नेउपाने/ न्यौपाने | कौडिन्य, कुण्डिन |
| १३३. | नेगी | कश्यप/काश्यप, गौतम , भारद्वाज |
| १३४. | नेपाल | कौशिक, घृतकौशिक |
| १३५. | नैनावस्ती | मौद्गल्य |
| १३६. | नौलखा | भारद्वाज |
| १३७. | पकुवाल/पुकुवाल | धनञ्जय |
| १३८. | पंगेनी/पङ्गेनी/पैनी | धनञ्जय |
| १३९. | पचभैया | उपमन्यु |
| १४०. | पडाल | गौतम |

| | | |
|---|---|---|
| १४१. | पण्डित | उपमन्यु, आसोलायन, कौशिक, घृतकौशिक, पराशक/पराशर |
| १४२. | पनेरु/पँदेरु/पदेरु | अत्री/आत्रेय, कौण्डिन्य/ कौडिन्य |
| १४३. | पन्त | अत्री/आत्रेय, उपमन्यु, गर्ग, वशिष्ठ, वत्स, पराशर, भारद्वाज |
| १४४. | पन्थ | पराशर, भारद्वाज |
| १४५. | पन्थी | भारद्वाज, माण्डव्य |
| १४६. | पराजुली | कौडिन्य, कुण्डिन |
| १४७. | पहाडी | अतस्य/आलस्तय, अत्री/आत्रेय |
| १४८. | पहारी | अत्री/आत्रेय |
| १४९. | पाठक | उपमन्यु, कौण्डिन्य/ कौडिन्य, कौशिक, कौशल्य, वशिष्ठ, शाण्डिल्य |
| १५०. | पाण्डे | उपमन्यु, कश्यप/काश्यप, पराशर, वशिष्ठ, |
| १५१. | पाण्डेय | अत्री/आत्रेय, उपमन्यु, कश्यप/काश्यप, गर्ग, वत्स, भारद्वाज, |
| १५२. | पाध्या | कौशिक, भारद्वाज, शाण्डिल्य/अनेकौं |
| १५३. | पार्धे | सावर्ण/सावर्णी |
| १५४. | पोखरेल/ पोख्रेल | अत्री/आत्रेय, गर्ग, भारद्वाज |
| १५५. | पुडासैनी | कौशिक |
| १५६. | पुञ्जाली/ पुन्जाली | कौडिन्य |
| १५७. | पुलामी | भारद्वाज |
| १५८. | पोडवाल | अत्री/आत्रेय |

| | | |
|---|---|---|
| १५९. | पौडेल/ पौड्याल/ पौड्यालय | अत्री/आत्रेय |
| १६०. | प्याकुरेल/ पेकुरेल | कुण्डिन, कौडिन्य |
| १६१. | प्रसाईँ | साण्डिल्य/साण्डिल |
| १६२. | फुयाँल/ फुँएल | कौशिक |
| १६३. | फुलारा | उपमन्यु |
| १६४. | बख्रेल/ बखरेल | धनञ्जय |
| १६५. | बगाले | मौद्गल्य |
| १६६. | बजगाईँ/ बजाइ | माण्डव्य |
| १६७. | बजाल | गर्ग |
| १६८. | बडाल | कश्यप/काश्यप |
| १६९. | बडु/बढु | कश्यप/काश्यप, कौशिक |
| १७०. | बडुवाल/ बरुवाल | कौसिल्य, कुशिक, घृतकौशिक |
| १७१. | बन्जाड/ बन्जाडे/ बञ्जाडे | कौडिन्य/ कुण्डिन |
| १७२. | बन्जारा/ बञ्जारा | कौडिन्य |
| १७३. | बराकोटी | भारद्वाज |
| १७४. | बराल | कौशिक, घृतकौशिक |
| १७५. | बर्तौला | उपमन्यु |
| १७६. | बर्मा | कौशिक |
| १७७. | बलायर/ बलाईर | भारद्वाज |
| १७८. | बसिया | शाण्डिल्य |
| १७९. | बसौला | मौद्गल्य |
| १८०. | बस्ताकोटी | कौशिक |
| १८१. | बस्याल/बसेल | धनञ्जय |
| १८२. | बाघ | कश्यप/काश्यप |
| १८३. | बाजुरी | कश्यप/काश्यप |
| १८४. | बास्कोटा | कौडिन्य |
| १८५. | बास्तोला | गर्ग |

| | | |
|---|---|---|
| १८६. | बाह्रकोटी | भारद्वाज |
| १८७. | बिडारी/ बिणारी | कौशिक |
| १८८. | बिमली | भारद्वाज |
| १८९. | बुर्लाकोटी | भारद्वाज |
| १९०. | बेलकाँणी | मौद्गल्य |
| १९१. | बेलवासी/ बेलबासे | कश्यप/काश्यप, मौद्गल्य |
| १९२. | बैध | कश्यप/काश्यप, गर्ग/ गार्ग्य |
| १९३. | भट्ट | अत्री/आत्रेय, अगस्ति, उपमन्यु, कश्यप/काश्यप, गर्ग, गौतम, घृतकौशिक, वशिष्ठ, विश्वामित्र, भारद्वाज, वत्स, |
| १९४. | भट्टराई/ भट्टराय | कपिल, कश्यप/ काश्यप, वशिष्ठ |
| १९५. | भट्टाचार्य | भारद्वाज, मौद्गल्य |
| १९६. | भण्डारा | गौतम |
| १९७. | भण्डारी/ भँडारी | कश्यप/काश्यप काँसी, कौशल्य, कौशिक, कौण्डिन्य, धनञ्जय, वशिष्ठ, भारद्वाज, मान्धाता, माण्डव्य, |
| १९८. | भण्डारे | कश्यप/काश्यप |
| १९९. | भाट | कौशल्य, कौशिक |
| २००. | भुर्तेल | गर्ग |
| २०१. | भुसाल | धनञ्जय, वशिष्ठ |
| २०२. | भेटुवाल/ भेटवाल | गर्ग |
| २०३. | भ्वमी | कश्यप/काश्यप |
| २०४. | मजगाईं/ मजगैयाँ | भारद्वाज |
| २०५. | मरहट्टा/ मरहठ्ठा | पराशर |
| २०६. | मरासिनी | कौडिन्य, धनञ्जय, कुण्डिन |
| २०७. | महरा | पराशर, वशिष्ठ |
| २०८. | मिश्र | अत्री/आत्रेय, उपमन्यु, कश्यप/काश्यप, कात्यायन, भारद्वाज, भार्गव, वत्स, शाण्डिल्य, |
| २०९. | मुडभरी/ मुडबरी | कश्यप/काश्यप, कौशिक, वशिष्ठ |
| २१०. | मैनाली | उपमन्यु |
| २११. | मोरासानी / मोरासैनी/ मरासिनी | कुण्डित, कौण्डिन्य |
| २१२. | रकाल/ रखाल | गर्ग |
| २१३. | रजौरिया | भारद्वाज |
| २१४. | रताला | कौशिक |
| २१५. | राजोपाध्याय | कौडिन्य, कौशिक, गर्ग, भरद्वाज, |
| २१६. | राताटिङ्गुली | उपमन्यु |
| २१७. | रिजाल | धनञ्जय |
| २१८. | रिमाल | कौशिक |
| २१९. | रिसाल | गर्ग |
| २२०. | रुपाखेती | वत्स |
| २२१. | रेग्मी | कश्यप/काश्यप ,कौशिक |
| २२२. | रोइला | पराशर |
| २२३. | लम्साल | वत्स |
| २२४. | लामिछाने | गर्ग |
| २२५. | लुइटेल/ लुइँटेल | कौशिक |
| २२६. | लेखक | कश्यप/काश्यप |
| २२७. | लोहनी | भारद्वाज |
| २२८. | लौडारी | भारद्वाज |
| २२९. | वस्ती/ओस्ती | अत्री/आत्रेय, भारद्वाज |

| | | |
|---|---|---|
| २३०. | वाग्ले | भारद्वाज |
| २३१. | विष्ट | कपिल, कृष्नाधी/ कृष्णत्रेय, कौशिक, भारद्वाज, मौद्गल्य, शाण्डिल्य |
| २३२. | शिवाकोटी/ सिवाकोटी | भारद्वाज |
| २३३. | शुक्ल | गौतम |
| २३४. | शोणारी/ शोडारी | कश्यप/काश्यप |
| २३५. | संग्रौला/ सङ्ग्रौला | भारद्वाज |
| २३६. | सञ्जेल/ सञ्ज्याल/ सज्जेल | कौशिक, गौतम |
| २३७. | सत्याल | कौण्डिन्य |
| २३८. | साका | शाण्डिल्य |
| २३९. | साँखी | अत्री |
| २४०. | सापकोटा | कौण्डिन्य/कौडिन्य |
| २४१. | सिग्देल | अत्री/आत्रेय |
| २४२. | सिटौला | कश्यप/काश्यप |
| २४३. | सिम्खडा/ सिंखडा | मौद्गल्य |
| २४४. | सिलवाल | भारद्वाज |
| २४५. | सुवेदी | भारद्वाज |
| २४६. | सेढाँई/ सेढाई/ सेडाई | अङ्गिरा |
| २४७. | सोती | वशिष्ठ |
| २४८. | शर्मा | कश्यप / काश्यप, कौशिक, अनेकौं |
| २४९. | हमाल | कश्यप/काश्यप |
| २५०. | हड्खले | भारद्वाज |
| २५१. | होमेगाई/ हुमागाईँ/ होमागाई | धनञ्जय |
| २५२. | ज्ञवाली/ ज्ञावाली | भारद्वाज, माण्डव्य |

## २. खस क्षेत्री/क्षेत्री जातिका थर, गोत्रको सूची

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १. | अट्याल | कश्यप/काश्यप |
| २. | अत्री | अत्री / आत्रेय, कौण्डिन्य/ कौडिन्य |
| ३. | अधिकारी | अत्री/आत्रेय, कश्यप/काश्यप, भारद्वाज |
| ४. | आचार्य/ आचार्ज | कौडिन्य/कौण्डिन्य, गर्ग, कुण्डिन |
| ५. | अर्याल | अत्री/आत्रेय |
| ६. | ईटनी/ ईटेनी | भारद्वाज |
| ७. | उप्रेती | उपमन्यु, कश्यप/काश्यप, मौद्गल्य |
| ८. | ऐडी | वशिष्ठ, कश्यप/काश्यप |
| ९. | ऐर/ऐरी | कश्यप/ काश्यप, गौतम, भारद्वाज |
| १०. | ओइरे | कश्यप/काश्यप |
| ११. | ओझा | अत्री/आत्रेय, इन्द्रप्रमद, कश्यप/काश्यप, कौशिक, भारद्वाज, सनकस, हरित, |
| १२. | ओली/वली | अत्री/आत्रेय, उपमन्यु, कश्यप/ काश्यप, कौशिल्य, गौतम |
| १३. | कटुवाल | माण्डव्य, शाण्डिल/शाण्डिल्य |
| १४. | कट्टेल | कश्यप/काश्यप |
| १५. | कठायत | अत्री/आत्रेय, कश्यप/काश्यप, काँसी, कौशिक, मुद्गल/मौद्गल, गौतम |
| १६. | कर्टाईन | मुद्गल/मौद्गल |
| १७. | कठेत | कौशिक |
| १८. | कडायत | अत्री/आत्रेय, कश्यप/काश्यप, कौशिक, कौशिल्या/कौसिल्य |
| १९. | कडुवाल | कश्यप/काश्यप |
| २०. | कडेल | कश्यप/काश्यप, भारद्वाज |

| | | |
|---|---|---|
| २१. | काप्री | भारद्वाज |
| २२. | काफ्ले | शाण्डिल/शाण्डिल्य |
| २३. | कार्की | कश्यप/काश्यप, कौशिल्या, कौशिक, घृतकौशिक, धनञ्जय, पराशर, भारद्वाज, मौद्गल्य |
| २४. | कालाखेती | कश्यप/काश्यप |
| २५. | कालीकोटे | अत्री/आत्रेय |
| २६. | कालीकोटे खड्का | अत्री/आत्रेय |
| २७. | कुँवर | अत्री/आत्रेय, गौतम, धनञ्जय, वत्स |
| २८. | कुवँर | अत्री/आत्रेय, शिव |
| २९. | कुँवर | शिव, कश्यप/काश्यप |
| ३०. | कुँवर/ कँवर/ कमर | काशी, कश्यप/काश्यप, आत्रेय, कौशिक, मचकल्ले, शिव, आलख्य, निरन्जन/ निरञ्जन |
| ३१. | कुडमला | कौशिल्य |
| ३२. | कुन्जेडा | कौशिक |
| ३३. | कुमाल | अत्री/आत्रेय |
| ३४. | कुर्माल | कश्यप/काश्यप |
| ३५. | के.सी. | अत्री/आत्रेय, कश्यप/काश्यप, गौतम, घृतकौशिक |
| ३६. | कैला | कौशिल्य |
| ३७. | कोइराला | मौद्गल्य |
| ३८. | कोट्टारी | कश्यप/काश्यप |
| ३९. | खडका | कश्यप/काश्यप, गर्ग, भारद्वाज |
| ४०. | खडायत | भारद्वाज, कश्यप/काश्यप |
| ४१. | खड्का | अत्री/आत्रेय, कपिल, कश्यप/ काश्यप, कौडिन्य, कौशिक, कौशिल्य/ कौशिल्या, गर्ग धनञ्जय, भारद्वाज, वत्स |
| ४२. | खतिवडा | अत्री/आत्रेय |
| ४३. | खत्री | अत्री/आत्रेय, कश्यप/काश्यप, कौण्डिन्य/कौडिन्य, कौशिक, गौतम, घृतकौशिक, भारद्वाज, वशिष्ठ |
| ४४. | खनाल | घृतकौशिक |
| ४५. | खनियाँ | वशिष्ठ |
| ४६. | खप्परी | कौशिक |
| ४७. | खरेल | वशिष्ठ |
| ४८. | खवास | कश्यप/काश्यप |
| ४९. | खराल | वत्स |
| ५०. | खाती | कपिल, कश्यप/काश्यप, कौशिक, भारद्वाज |
| ५१. | खुलाल | धनञ्जय, वत्स |
| ५२. | खोच्याल | कश्यप/काश्यप |
| ५३. | ख्वास | कश्यप/काश्यप |
| ५४. | गागले थापा क्षेत्री | वशिष्ठ |
| ५५. | गडाल | कश्यप/काश्यप |
| ५६. | गर्तौला/ गड्तौला | कश्यप/काश्यप |
| ५७. | गुर्धामी/ गुरुधामी | कश्यप/काश्यप |
| ५८. | गेलाल | अत्री/आत्रेय, भारद्वाज |
| ५९. | गैरे | कौण्डिन्य/कौडिन्य |
| ६०. | गैली | अत्री/आत्रेय |
| ६१. | गोतामे | अत्री/आत्रेय |
| ६२. | गोदार | कश्यप/काश्यप |
| ६३. | गोरा | अत्री/आत्रेय |
| ६४. | गौतम | अत्री/आत्रेय |
| ६५. | गौली | आङ्गिरस |
| ६६. | घत्री | अत्री/आत्रेय |
| ६७. | घरडी | कश्यप/काश्यप |
| ६८. | घर्ती | कश्यप/काश्यप, कौशिल्य/ कौशिल्या, वशिष्ठ, भारद्वाज |
| ६९. | घिमिरे | कश्यप/काश्यप |
| ७०. | घुसाल धामी | गौतम |

| | | |
|---|---|---|
| ७१. | घोरसाने/ घोर्साई | जैमिनी |
| ७२. | चलाउने | वशिष्ठ |
| ७३. | चाड | कौशिक |
| ७४. | चापागाईँ | अत्री/आत्रेय |
| ७५. | चिमाली | कौशिक |
| ७६. | चुँडाल | गर्ग |
| ७७. | चुहान | वत्स |
| ७८. | चैँसिर | कश्यप/काश्यप |
| ७९. | चोखाल | भारद्वाज |
| ८०. | चौलागाईँ | भारद्वाज |
| ८१. | चौहान | वत्स |
| ८२. | च्वान | गौतम |
| ८३. | छत्कुली | कौशिक |
| ८४. | जप्रेल | कश्यप/काश्यप |
| ८५. | जमरकट्टेल/ जमकट्टेल / जेमकट्टेल | भारद्वाज |
| ८६. | ज.ब.रा. | वत्स |
| ८७. | जङ्गम | वसुमन |
| ८८. | जागरी/ जागिरी | कश्यप/काश्यप |
| ८९. | जाग्री | कश्यप/काश्यप |
| ९०. | जुम्ली | भारद्वाज |
| ९१. | जेठारा | कश्यप/काश्यप, कौशिक, काँसी, कौशिल्य |
| ९२. | झप्रेल | कश्यप/काश्यप |
| ९३. | टेर | कश्यप/काश्यप |
| ९४. | ठकुल्ला | कश्यप/काश्यप, कौशिल्या, कौशिक, गौतम, भारद्वाज, सुवर्ण |
| ९५. | ठकुराठी | कश्यप/काश्यप |
| ९६. | ठगुन्न/ ठगुन्ना | कश्यप/काश्यप, गौतम, भारद्वाज |
| ९७. | ठेकरे | कश्यप/काश्यप |
| ९८. | डल्लाकोटी | भारद्वाज |
| ९९. | डाँगर | कौशिल्य |

| | | |
|---|---|---|
| १००. | डाँगा | कश्यप/काश्यप |
| १०१. | डाँगी | कौशिक/कौशिल्य |
| १०२. | डेउडा | भारद्वाज |
| १०३. | डोँगरे | पराशर |
| १०४. | डोटेल | अत्री/आत्रेय |
| १०५. | ढकाल | उपमन्यु |
| १०६. | ढाट/ढाँट | कश्यप/काश्यप, धनञ्जय |
| १०७. | ढुङ्गाना | कौशिक |
| १०८. | ढुङ्गाल/ ढुङ्गेल/ ढुङ्ग्याल | अगस्ती |
| १०९. | ढोडारी | गौतम |
| ११०. | ताडी | कश्यप/काश्यप |
| १११. | तिमलसेना/ तिम्सेना/ तिम्सिना/ तिमल्सेना/ तिमिल्सेना/ तिमिल्सिना/ तिमलसिना | मौद्गल्य |
| ११२. | तिवारी/ तेवारी | कश्यप/काश्यप, गौतम, कौशिक |
| ११३. | तोथ्याल धामी | कश्यप/काश्यप |
| ११४. | त्रिपाठी | गौतम |
| ११५. | थपलिया | भारद्वाज |
| ११६ | थलारी | अत्री/आत्रेय |
| ११७. | थलाल | गौतम |
| ११८. | थापा | अत्री/आत्रेय, कपिल, कश्यप/ काश्यप, कौशिल्या कौडिन्य/ कौण्डिन्य, गर्ग, भारद्वाज, भारदारी, मौदगल/मौद्गल्य, वशिष्ठ, साण्डिल्य, |
| ११९. | थापापाल | अत्री/आत्रेय |
| १२०. | थामी | कश्यप/काश्यप, कौशिक, भारद्वाज, शाण्डिल्य |

| | | |
|---|---|---|
| १२१. | दङ्गाल | गौतम |
| १२२. | दनै | उपमन्यु |
| १२३. | दयार/ दियार | कश्यप/काश्यप |
| १२४. | दवाडी/<br>दुवाडी | अत्री/आत्रेय, वशिष्ठ |
| १२५. | दशैदी/<br>दशौदी | कौशिल्य |
| १२६. | दहनी | कश्यप/काश्यप |
| १२७. | दाहाल | वत्स |
| १२८. | दुलाल | अत्री/आत्रेय, भारद्वाज |
| १२९. | दुवाल | उपमन्यु, कौशिल्य/कौशिल्या |
| १३०. | देउखुरी | अत्री/आत्रेय |
| १३१. | देउजा | कश्यप/काश्यप |
| १३२. | देउवा/<br>देउपा | भारद्वाज, कश्यप/काश्यप |
| १३३. | देवकोटा | भारद्वाज |
| १३४. | देशपाडे | साङ्ख्यायन |
| १३५. | दैनी | उपमन्यु |
| १३६. | दौलेल/<br>दौल्याल | कश्यप/काश्यप |
| १३७. | द्वाल | कश्यप/काश्यप |
| १३८. | धमेना | कश्यप/काश्यप |
| १३९. | धराला | गौतम |
| १४०. | धरेल | गौतम |
| १४१. | धनुक/धानुक/<br>धानुष्क | कश्यप/काश्यप, कौशिल्य |
| १४२. | धामी | अत्री/आत्रेय, कश्यप/काश्यप,<br>कौशिक, गौतम, कौशिल्या/<br>कौशिल्य, भारद्वाज, शाण्डिल्य |
| १४३. | धिताल | कौशिक, माण्डव्य |
| १४४. | नकाल/ नगाल | कौशिल्य |
| १४५. | नायक | कौशिक, कौशिल्या/कौशिल्य |
| १४६. | निउरे | मौद्गल्य |
| १४७. | निरौला | भारद्वाज |
| १४८. | नेउपाने/<br>न्यौपाने | कौडिन्य |
| १४९. | नेगी | कश्यप/काश्यप, काँसी, गौतम,<br>भारद्वाज |
| १५०. | पंदेरु | कौडिन्य |
| १५१. | पकुवाल | धनञ्जय |
| १५२. | पछाई | कश्यप/काश्यप |
| १५३. | पण्डित | आसोलाइन, घृतकौशिक,<br>पराशर |
| १५४. | पनेरु | अत्री/आत्रेय, काशीराम |
| १५५. | पन्त | वशिष्ठ, वत्स/पराशर, भारद्वाज |
| १५६. | पन्थ | भारद्वाज |
| १५७. | पन्थी | भारद्वाज, माण्डव्य |
| १५८. | पराजुली | कौडिन्य |
| १५९. | पाठक | अत्री/, उपमन्यु, कौण्डिन्य,<br>कौशिक, कौशल्य, वशिष्ठ,<br>शाण्डिल्य, |
| १६०. | पाण्डे/पाँडे/<br>पाण्डेय | उपमन्यु, कश्यप/काश्यप,<br>कौडिन्य, गौतम, घृतकौशिक,<br>भारद्वाज, साङ्ख्यायन |
| १६१. | पुजारा | कश्यप/काश्यप, गर्ग |
| १६२. | पुंवार कार्की | पराशर |
| १६३. | पुंवार थापा | अत्री/आत्रेय |
| १६४. | पुवार थापा | कपिल |
| १६५. | पोख्रेल/<br>पोखरेल | अत्री/आत्रेय, गर्ग, भारद्वाज |
| १६६. | पौडेल/<br>पौड्याल | अत्री/आत्रेय |
| १६७. | फडेरा | कौशिल्या/कौशिल्य |
| १६८. | फर्सेल बुढा | वसित |
| १६९. | फुलारा | उपमन्यु |
| १७०. | बखती/<br>बखेती | कश्यप/काश्यप, कौशिक |
| १७१. | बटाला | अत्री/आत्रेय, गौतम |
| १७२. | बडुवाल | कुशिक, कौशिल्य |
| १७३. | बरुवाल | कौशिल्य, घृतकौशिक/ कौशिक |
| १७४. | बनताला | कश्यप/काश्यप |
| १७५. | बनियाँ | कश्यप/काश्यप |

| | | |
|---|---|---|
| १७६. | बञ्जाडे/ बन्जाडे | कौडिन्य, कुण्डिन |
| १७७. | बन्जारा/ बञ्जारा | कौडिन्य |
| १७८. | बम | शौनक, सुनानाम |
| १७९. | बयक | वशिष्ठ |
| १८०. | बराल | घृतकौशिक |
| १८१. | बर्मा | कुशिक |
| १८२. | बलाएर/ बलाइर/ बलाईर/ बलायर | भारद्वाज |
| १८३. | बसिया | शाण्डिल्य |
| १८४. | बस्नेत | कौशिक, धनञ्जय, भारद्वाज |
| १८५. | बस्याल/ बस्सेल/ बसेल | धनञ्जय |
| १८६. | बहिक | अत्री/आत्रेय |
| १८७. | बाजुरी | कश्यप/काश्यप |
| १८८. | बनियाँ | कश्यप/काश्यप, कौशिक |
| १८९. | बानिया | कश्यप/काश्यप |
| १९०. | बिजले | कश्यप/काश्यप |
| १९१. | बिष्ट/ विष्ट | उपमन्यु, कपिल, कश्यप/ काश्यप, कृष्णाञ्जनी, कृष्णात्रेय कौशिक, कौशिल्य गौतम, वशिष्ठ, भारद्वाज, माण्डव्य, मौद्गल्य, वत्स, शाण्डिल्य |
| १९२. | बुडथापा | अत्री/आत्रेय, कश्यप/काश्यप, कौशिक, कौशल्य, धनञ्जय, वत्स |
| १९३. | बुडा क्षेत्री | |
| १९४. | बुडा थापा | |
| १९५. | बुढा | अत्री/आत्रेय, कश्यप/काश्यप, कौशल्य/कौशिल्य, कौशिक, गौतम |
| १९६. | बुढा क्षेत्री | कौशिल्या, घृतकौशिक |
| १९७. | बुढा बिसी | कौशिल्या |
| १९८. | बुढाथोकी | अत्री/आत्रेय, कपिल, कश्यप/ काश्यप, कौशिक, गौतम, घृतकौशिक, धनञ्जय, वत्स, शाण्डिल्य |
| १९९. | बुध | कौशिल्य |
| २००. | बुर्लाकोटी | भारद्वाज |
| २०१. | बेलाल | कश्यप/काश्यप |
| २०२. | बेलबासे | मौद्गल्य |
| २०३. | बोगटी | कौशल्य, कौशिक, शौनक, सुवर्ण |
| २०४. | बोहरा | कपिल, कश्यप/काश्यप |
| २०५. | बोहोरा | कपिल, कश्यप/काश्यप |
| २०६. | बैदबार | भारद्वाज |
| २०७. | भक्री | रवी |
| २०८. | भट्ट | अत्री/आत्रेय, उपमन्यु, कश्यप/ काश्यप, गर्ग, विश्वामित्र, वशिष्ठ, भारद्वाज, वत्स |
| २०९. | भट्टराई | वशिष्ठ |
| २१०. | भट्टाडी | कश्यप/काश्यप |
| २११. | भण्डारी/ भंडारी/ भडारी | अतासे, आतथ्य, आतश्य, कश्यप/काश्यप कौशल्य/ कौशिल्य, कौडिन्य/कौण्डिन्य, कौशिक, गौतम, भारद्वाज, मान्धाता, माण्डव्य, वशिष्ठ |
| २१२. | भण्डारे | कश्यप/काश्यप |
| २१३. | भाट | अत्री/आत्रेय, कश्यप/काश्यप, भारद्वाज, कौडिन्य |
| २१४. | भाम | कौशिल्य |
| २१५. | भुर्तेल | गर्ग |
| २१६. | भुसाल | धनञ्जय |
| २१७. | मडे/मडै | कश्यप/काश्यप |
| २१८. | मण्डेल | कश्यप/काश्यप |
| २१९. | मन्याल | कश्यप/काश्यप |
| २२०. | मरहट्ठा | पराशर |
| २२१. | मरासिनी | कौडिन्य, धनञ्जय , कुण्डिन |

| | | |
|---|---|---|
| २२२. | मलासी | कश्यप/काश्यप |
| २२३. | मल्ल | सुनानाम |
| २२४. | महत | शाण्डिल्य, गौतम |
| २२५. | महता | अत्री/आत्रेय कौशिक, गौतम, पराशर |
| २२६. | महतारा | कश्यप/काश्यप |
| २२७. | महतारो | कौशिल्य |
| २२८. | महर | कश्यप/काश्यप |
| २२९. | महरा | कश्यप/काश्यप, गौतम, पराशर, वशिष्ठ, |
| २३०. | माझीक्षेत्री | कश्यप/काश्यप |
| २३१. | मार्माल | कश्यप/काश्यप |
| २३२. | माल | कश्यप/काश्यप |
| २३३. | मिश्र | अत्री/आत्रेय |
| २३४. | मेघी | साउनथ/शौनक |
| २३५. | मोर | गौतम |
| २३६. | मौनी | कश्यप/काश्यप |
| २३७. | रजक | कश्यप/काश्यप |
| २३८. | रतोकी | कश्यप/काश्यप |
| २३९. | राइभाट | कपिल |
| २४०. | राउत | वशिष्ठ, भारद्वाज |
| २४१. | राउल | कौण्डिन्य, भारद्वाज, माण्डव्य, शाण्डिल्य, |
| २४२. | राणा/ राणाजी | कश्यप/काश्यप, धनञ्जय, वत्स |
| २४३. | रानाभाट/ रानाभाट क्षेत्री/ राना क्षेत्री | अत्री/ आत्रेय, कश्यप/काश्यप, भारद्वाज |
| २४४. | राय | कौशिक |
| २४५. | रायमाझी | कश्यप/काश्यप, कौशिक |
| २४६. | रायाक्षेत्री | कौशिक |
| २४७. | रावत | कश्यप/काश्यप, कौशिक, गौतम, भारद्वाज, भारदारी, वशिष्ठ |
| २४८. | रावल | कश्यप/काश्यप, कौशल्य, कौशिक, गौतम, भारद्वाज, रवि, वत्स, शौनक, शाण्डिल्य |
| २४९. | रावल गुन्पाली | गौतम |
| २५०. | राहुत | वशिष्ठ |
| २५१. | रिमाल | कौशिक |
| २५२. | रिसाल | गर्ग |
| २५३. | रुपाखेती | वत्स |
| २५४. | रुमे कार्की क्षेत्री | मौद्गल्य |
| २५५. | रेग्मी | कौशिक |
| २५६. | रैकाल | कश्यप/काश्यप |
| २५७. | रोकाय/ रोकाया | कश्यप/काश्यप, कौशिक, कौशिल्य, गर्ग |
| २५८. | रोकाया क्षेत्री | कौशिक |
| २५९. | रोकाहा | गर्ग |
| २६०. | रोक्का | कश्यप/काश्यप |
| २६१. | रौले | कश्यप/काश्यप |
| २६२. | लम्साल | वत्स |
| २६३. | लामिछाने/ लामिछाने बस्नेत | गर्ग |
| २६४. | लुम्थ्याल धामी | कश्यप/काश्यप |
| २६५ | लोथ्याल | कश्यप/काश्यप |
| २६६. | लोहनी | भारद्वाज |
| २६७. | बडाहित | कौशिक |
| २६८. | बडुवाल | कश्यप/काश्यप |
| २६९. | बडैला | सुनानाम |
| २७०. | बयक | कौशिक |
| २७१. | वली/ओली | काशिल, कौशिल्य, उपमन्यु |

| | | |
|---|---|---|
| २७२. | वस्ती | अत्री/आत्रेय, भारद्वाज |
| २७३. | वाग्ले | भारद्वाज |
| २७४. | बिठाडी | काँसी |
| २७५. | विनायकी भण्डारी | अत्री/आत्रेय |
| २७६. | शिवकोटी | भारद्वाज |
| २७७. | श्रीमाल/ श्रीमाली | कश्यप/काश्यप |
| २७८. | सङ्ग्रौला | भारद्वाज |
| २७९. | सञ्जेल | कौशिक |
| २८०. | सत्याल | कौण्डिन्य/कौडिन्य |
| २८१. | साउद/ साउँद/ साँउद | अत्री/ आत्रेय, कश्यप/ काश्यप, कौशल्य/ कौशल्या, कौशिक, कौशिल्या, गौतम, भारद्वाज, वशिष्ठ |
| २८२. | साकी | शाण्डिल्य |
| २८३. | सापकोटा | कौण्डिन्य/ कौडिन्य |
| २८४. | सामन्ती/ सामन्त | शाण्डिल्य |
| २८५. | सामरी | भारद्वाज/ भारद्वारी |
| २८६. | सावद | कौशिल्ल, कश्यप/ काश्यप |
| २८७. | सिंह | कश्यप/ काश्यप, कौशिक |
| २८८. | सिग्देल | अत्री/आत्रेय |
| २८९. | सिजापति | कौशिल्ल, भारद्वाज/भारद्वारी |
| २९०. | सिटौला | कश्यप/काश्यप |
| २९१. | सिरादी | कश्यप/काश्यप |
| २९२. | सिरिमाल | काँसी |
| २९३. | सिलवाल | भारद्वाज |
| २९४. | सुतार | घृतकौशिक |
| २९५. | सुवेदी | भारद्वाज |
| २९६. | सेट्टी | कश्यप/काश्यप |
| २९७. | सेढाईँ | अङ्गिरा |
| २९८. | सोराडी | कश्यप/काश्यप |
| २९९. | स्वाँर | कौशिक, माण्डव्य |
| ३००. | हुम्ली | कश्यप/काश्यप |
| ३०१. | ज्ञवाली/ ज्ञावली | भारद्वाज, माण्डव्य |

## ३. ठकुरी जातिका थर , गोत्रहरू

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १. | अछामी | कौशिक |
| २. | आँस्या | अत्री/आत्रेय |
| ३. | उच्चै | वशिष्ठ |
| ४. | कल्याल | वत्स |
| ५. | कुम्भईराना | कश्यप/काश्यप |
| ६. | खाँण/खाँड/खान | भारद्वाज |
| ७. | गहलोत | शोनाम |
| ८. | चन/चन्द | गौतम, कश्यप, कौशिका, भारद्वाज |
| ९. | चन्यो/चन्चो/ चम्पो/ चन्वो/ चल्ल | वशिष्ठ |
| १०. | छत्याल | कश्यप/काश्यप |
| ११. | ज्यू | भारद्वाज,काश्यप, कपिल |
| १२. | पाल | कश्यप/काश्यप, भारद्वाज, गर्ग, मौद्गल्य |
| १३. | फत्ता | कश्यप/काश्यप |
| १४. | वंशी | अत्री/आत्रेय, कश्यप/ काश्यप, भारद्वाज |
| १५. | बम/बम्ब/बम्म | कश्यप/काश्यप, वशिष्ठ, शौनक, कौशिक, अत्री/ आत्रेय |
| १६. | ब्रह्म/ब्रम्हा | कश्यप/काश्यप |

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १७. | मल्ल | आत्सय, शौनक, रवि, अत्री/आत्रेय, कश्यप/काश्यप, माण्डव्य, गर्ग, भारद्वाज, शुनक |
| १८. | मेधाशी | कश्यप/काश्यप, अत्री/आत्रेय |
| १९. | राउलो | कश्यप/काश्यप |
| २०. | राठौर | कश्यप/काश्यप |
| २१. | राय/राया | कश्यप/काश्यप |
| २२. | रास्कोट्या | अत्री/आत्रेय, रवि, माण्डव्य |
| २३. | रुचाल | गर्ग, कौशल्या, कश्यप/काश्यप |
| २४. | रैका | गर्ग |
| २५. | शाह | रवि, माण्डव्य, गर्ग, कश्यप/काश्यप, अत्री/आत्रेय, भारद्वाज |
| २६. | शाही | रवि, शौनक, कश्यप/काश्यप, गर्ग, भारद्वाज,सगुनी, अत्री/आत्रेय, वत्स |
| २७. | श्रीणेत/श्रीनेत | शौनक |
| २८. | सनेवाल | भारद्वाज |
| २९. | समाल | अत्री/आत्रेय |
| ३०. | सिंह | कश्यप/काश्यप, गर्ग, शाण्डिल्य, भारद्वाज, आतस्य, अत्री/आत्रेय, शाण्डिल्य, कश्यप/काश्यप |
| ३१. | सेन | कश्यप/ काश्यप, कौशल्य, बैसम्पायन |
| ३२. | सिन | सौनाम |
| ३३. | सोनाम | शौनाक/शौतक |
| ३४. | सोमवंशी | अत्री/आत्रेय |
| ३५. | हमाल | अत्री/आत्रेय/अनेकौँ |
| ३६. | राक्से | अत्री/आत्रेय |
| ३७. | रगाली | घृतकौशिक, भारद्वाज |

## ४. सन्यासी (दशनामी) भित्र पर्ने थर,गोत्र, उपगोत्र, मढी, सूत्र र शाखाहरू

| क्र.सं. | थर | गोत्र | उपगोत्र | मढी | सूत्र | शाखा |
|---|---|---|---|---|---|---|
| १. | वन | कश्यप | जमदग्नि | श्याम सुन्दर वन | - | आश्वालायन |
| | | कश्यप | गौतम | गङ्गासनी वन | - | - |
| | | कश्यप | अत्री | गोपाल वन | - | - |
| | | कश्यप | विष्णुवृद्ध | रामचन्द्र वन | - | - |
| २. | अरण्य | कश्यप | मुद्गल | - | साङ्ख्यायन | - |
| ३. | तीर्थ | ऋविगत | अत्री | - | गोभित्र | कोथुमी |
| ४. | आश्रम | ऋविगत | जमदग्नि | - | गोभित्र | कोथुमी |

| क्र.सं. | थर | गोत्र | उपगोत्र | मढी | सूत्र | शाखा |
|---|---|---|---|---|---|---|
| ५. | गिरी | भृगु | जमदग्नि | ऋद्धिनाथी | कौशिक | शौनकी |
| | | | | सञ्जीवनीनाथी | - | - |
| | | | | दुर्गानाथी | - | - |
| | | | | वैकुण्ठनाथी | - | - |
| | | | | ब्रह्मनाथी | - | - |
| | | भृगु | उपमन्यु | नागेन्द्रनाथी | - | - |
| | | | | सेजनाथी | - | - |
| | | | | मोहननाथी | - | - |
| | | | | बालेन्द्रनाथी | - | - |
| | | | | रूद्रनाथी | - | - |
| | | | | कुसुमनाथी | - | - |
| | | | | अघोरीनाथी | - | - |
| | | | | भावनाथी | - | - |
| | | | | सागरनाथी | - | - |
| | | भृगु | भारद्वाज | सरभङ्गनाथी | - | - |
| | | | | ज्ञाननाथी | - | - |
| | | | | माननाथी | - | - |
| | | | | बलभद्रनाथी | - | - |
| | | | | अपारनाथी | - | - |
| | | भृगु | कश्यप | ओमकारीनाथी | - | - |
| | | | | परमानन्दी | - | - |
| | | भृगु | वत्स | रामदत्ती | - | - |
| | | भृगु | अगत्स्य | पाटम्बरनाथी | - | - |
| | | भृगु | हरित | सिंहस्याममती | - | - |
| | | भृगु | वशिष्ठ | चन्दननाथी बोदला | - | - |
| | | भृगु | अत्री, आत्रेय | रत्ननाथी | - | - |
| ६. | पर्वत | भृगु | भारद्वाज | - | कौशिक | शौनकी |
| ७. | सागर | भृगु | भारद्वाज | - | कौशिक | शौनकी |

| क्र.सं. | थर | गोत्र | उपगोत्र | मढी | सूत्र | शाखा |
|---|---|---|---|---|---|---|
| ८ | पुरी | भुर्भव | जमदग्नि | केवल पुरी | कात्यायन | माध्यदिन |
| | | | | अचिन्त्य पुरी | - | - |
| | | | | मथुरा पुरी | - | - |
| | | | | माधव पुरी | - | - |
| | | भुर्भव | उपमन्यु | जगदेव पुरी | - | - |
| | | | | ऋषिकेश पुरी | - | - |
| | | | | रामचन्द्र पुरी | - | - |
| | | | | बैकुण्ठ पुरी | - | - |
| | | भुर्भव | शरद्धन | श्याम सुन्दर पुरी | - | - |
| | | | | जडभरत पुरी | - | - |
| | | | | गङ्गा दरिया पुरी | - | - |
| | | | | सिंहदरिया पुरी | - | - |
| | | भुर्भव | वशिष्ठ | भगवान् पुरी | - | - |
| | | | | भगवन्त पुरी | - | - |
| | | | | सुज पुरी | - | - |
| | | | | मेघनाथ पुरी | - | - |
| ९ | भारती | भुर्भव | अत्री | नृसिंह भारती | कात्यायन | आयस्तव |
| | | | | मनुमुकुन्द भारती | - | - |
| | | | | मनमहेश भारती | - | - |
| | | | | विशवम्भर भारती | - | - |
| १० | सरस्वती | भुर्भव | हरित | - | कात्यायन | काण्ड |

## ५. सन्यासी (बाह्रपन्थीसमेत) का थर, गोत्रहरू

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १. | कँवरयोगी | कौशिल्या |
| २. | कङ्कर | कश्यप |
| ३. | कँमर | कश्यप |
| ४. | कवर | कौशिल्या |
| ५. | कुवर | कौशिल्या |
| ६. | कुवर जोगी | पराशर |
| ७. | जङ्गम | वसुमन |
| ८. | जोती | कश्यप |
| ९. | नाथ | शिवनाम |
| | | धनञ्जय |
| | | अत्री/आत्रेय |
| | | कौशिल्या |
| | | शिव |

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १०. | नाथ योगी | कौशिल्या |
| | | रुद्र |
| ११. | नेगी | निरञ्जन |
| १२. | योगी | शिवनाम |
| | | निरञ्जना |
| | | निराज |
| | | शिव |

## ६. रानाभाट/ भाट समुदायका थर, गोत्रहरू

| क्र.सं. | थर | गोत्र |
|---|---|---|
| १. | अधिकारी | अत्री/आत्रेय, कश्यप/ काश्यप |
| २. | अबस्थी/अवस्थी | अत्री/आत्रेय |
| ३. | आचार्य | कौडिन्य, गर्ग |
| ४. | आशपटेल | भारद्वाज |
| ५. | ओझा | अत्री/आत्रेय, कश्यप/काश्यप |
| ६. | कँडेल | अबी, अत्री/आत्रेय, भारद्वाज |
| ७. | कनियल | अत्री/आत्रेय |
| ८. | कुमैया भाट | कपिल/कपिला |
| ९. | खनाल | घृतकौशिक |
| १०. | खतिवडा | अत्री |
| ११. | गर्खालभाट | भारद्वाज |
| १२. | घिमिरे | कश्यप/काश्यप, गौतम |
| १३. | चौरेली | अत्री/आत्रेय |
| १४. | चौलागाईँ | भारद्वाज |
| १५. | जैसी भाट | कश्यप/काश्यप |
| १६. | ढुंगाना | कौशिक |
| १७. | तस्याल | कासिब |
| १८. | तिवारी | गौतम |
| १९. | दसौदी | कौशल्या |
| २०. | देवकोटा | देवश्री, भारद्वाज |
| २१. | निरौला | भारद्वाज |
| २२. | नेपाल भाट | घृतकौशिक |
| २३. | पण्डित | घृतकौशिक |
| २४. | पतियानी | भारद्वाज |
| २५. | पतेनी भाट | भारद्वाज |
| २६. | पन्त | भारद्वाज, वशिष्ठ |
| २७. | पपने | अङ्गीरस |
| २८. | पाण्डे | गौतम |
| २९. | पिन्गलामुखी | कपिल/कपीला |
| ३०. | पोखरेल | भारद्वाज |
| ३१. | पौडेल | अत्री/आत्रेय |
| ३२. | बजगाईँ | माण्डव्य |
| ३३. | बन्जारा/बञ्जारा | अत्री/आत्रेय, भारद्वाज |
| ३४. | बराल | घृतकौशिक |
| ३५. | बि.सि. भाट | कश्यप/काश्यप, कौशिल्या, कौसिला, कौशिक, गर्ग |
| ३६. | बिम्कोटे भाट | घृतकौशिक |
| ३७. | भट्ट | कश्यप/काश्यप, वशिष्ठ, गर्ग, भारद्वाज |
| ३८. | भट्टराई | वशिष्ठ |
| ३९. | भण्डारी | धनन्जय, भारद्वाज |
| ४०. | भाट | अत्री/ आत्रेय कश्यप/ काश्यप कौडिन्य/ कौण्डिन्य, कौशिल्या लोमश भारद्वाज |
| ४१. | भाट जमाल | कौशिला |
| ४२. | मङ्गलामुखी | कपिल/ कपिला |
| ४३. | मुढबरी/मुडभरी | कश्यप/ काश्यप, कौशिक, वशिष्ठ |
| ४४. | राईभाट | लोमस, वशिष्ठ |
| ४५. | राजभाट | अत्री/ आत्रेय, अङ्गीरस, कश्यप/काश्यप, कौण्डिन्य / कौडिन्य, कौशिल्या, गर्ग, देवश्री, भारद्वाज, वशिष्ठ |
| ४६. | रानाभाट | अत्री/आत्रेय, अङ्गीरस, कश्यप/ काश्यप, कौण्डिन्य/ कौडिन्य, कौशिल्या, गर्ग, देवश्री, भारद्वाज, वशिष्ठ, लोमस |
| ४७. | रिजाल | अत्री/आत्रेय, धनञ्जय |
| ४८. | रिमाल | कौशिक, गर्ग |
| ४९. | रेग्मी | कौशिक |
| ५०. | लामिछाने | गर्ग |
| ५१. | लौडारी | भारद्वाज |
| ५२. | सन्ज्याल/सन्जेल | गौतम |
| ५३. | सापकोटा | कश्यप/काश्यप,कौडिल्या |
| ५४. | सिंह | कश्यप/काश्यप |
| ५५. | सुवेदी | भारद्वाज |

आयोगले मिति २०७९।१०।०८ मा सिफारिस गरेका पिछडा वर्गका थरहरूको सूचीमा मिति २०८०।११।३० मा भाषिक शुद्धता कायम गरेपश्चात् सिफारिस भएका पिछडा वर्गका थरहरूको सूची :

## पिछडा वर्गको थर सूची

| क्र.स. | जात | थरहरू |
|---|---|---|
| १. | कुशवाहा/कोइरी | कुशवाहा, महतो, मेहता, सिंह, सिन्हा, कोइरी, वर्मा, मौर्य, सैनी, गहलोत, मुराउ, डाँगी, भगत, प्रसाद |
| २. | कुर्मी | कुर्मी, मण्डल, चौधरी, राय, राउत, पटेल, बर्मा, सिंह, राढ, |
| ३. | कुम्हार | पण्डित, प्रजापति, कुम्भकार, कुम्हार, कोहार, पण्डित, कुम्हाल, कुम्हाले, कुमाल, वर्मा, चक्रधारी, चक्रवर्ती, पाल |
| ४. | कहार | महतो, कहार, भुज, गुप्ता |
| ५. | केवट | कामत, मण्डल, केवट, कियोट, कामती, कामैत, केउट, कापर, कापरी |
| ६. | कानु | कानु, साह, शाहगुप्ता, कान्दु, कान्दोइ |
| ७. | कलवार | साह, कलवार, भगत, चौधरी, प्रसाद, गुप्ता, जयसवाल, व्याहुत |
| ८. | तेली | साह, शाह, साहु, तेली, गुप्ता, नायक, सेठ, चाई, राठोर, निसाढ, तैंलिक, मोदी, राथौड |
| ९. | नुनिया | साह, महतो, नुनिया, नोनिया, लोनिया, चौहान |
| १०. | बनियाँ | साह, गुप्ता, बनिया, बर्णवाल, ओमारवैश्य, कशौधन, कान्दु, अग्रहरी, पटनवार, पटेल, बर्मा, दास, चौधरी, कथबनियाँ, सिन्दुरिया, सेनुरिया, बानिया, कायस्थ, श्रीवास्तव, सिंह, कसेरा, पोरवाल, वैश्य, पोछार, देव, केशरी, केशखानी, प्रसाद |

| क्र.स. | जात | थरहरू |
|---|---|---|
| ११. | बढई | ठाकुर, शर्मा, सुतिहार, बरही, विश्वकर्मा, बढैई, बढई, नागवंशी, बरई, चौरसिया |
| १२. | भेडिहर | पाल, भेडीहर, राउत, भगत, दनेरी, गडेरी, गडेरिया |
| १३. | माली | महतो, मालाकार, भण्डारी, माली, सैनी |
| १४. | मल्लाह | सहनी, मुखिया, चौधरी, मल्लाह, गोडिया, बोट, गोठी |
| १५. | यादव/गुवार | यादव, अधिकारी, खड्गा, अरगरिया, अहिर, यदुवंशी, गोप, मरबैता, गोइत, दास, लगरवार, विराजी, बहरखेर, सुनरैत, खिरहैर, महतमान, गोहितमान, भिन्डवार, मसैता, बनैता, भदेसवार, आब, मान, मरिक, चनरैत, गोहिवार, मैरता, सुरैत, झखरैत, राय, कैबार, रान, हजरा, मण्डल, बनरैत, चौधरी, कुशियैत |
| १६. | राजभर | चौधरी, राजभर |
| १७. | राजधोव | राजधोव, हजरा, राउत, इसर, मडर, मण्डल, मरर, खडगा, गाईम, गामी, माझी, पैकरा, विश्वास, कापैर, लौगी, प्रमाणी, सन्त, परिहस्त, अधिकारी, पाइक, दास, पैरा, पाँडे ,रावत |
| १८. | रौनियार | साह, रौनियार, गुप्ता, आजाद |
| १९. | लोहार | ठाकुर, शर्मा, लोहार, विश्वकर्मा, सुतिहार, मिस्त्री, वर्मा |
| २०. | लोध | लोध, वर्मा |

| क्र.स. | जात | थरहरू |
|---|---|---|
| २१. | सुडी | साह, प्रधान, खड्गा, महासेठ, नायक, प्रसाद, हाथी, गाईँगामी, मण्डल, बिच्छा, कापडी, महतो, पूर्वे, पञ्जियार, राउत, कारक, चौधरी, सुडी, भगत, कापर, महथा, गुप्ता, माझी, व्यार, खर्गा, पाण्डे, अग्रहरि, मोदी, गाड़ा, सेठ, खाँ, सतरा, निराला |
| २२. | सोनार | साह, ठाकुर, स्वर्णकार, सोनी, सोनार, बर्मा, ठठेरा |
| २३. | हजाम/नाई/ठाकुर | ठाकुर, शर्मा, नाई, नाऊ, नापित, हजाम, मर्दनिया, सिंह, नाई ब्राम्हण, कनौजिया, अवधिया, नन्दवंशी, श्रीवास्तव, सेन, सेनवंश |
| २४. | हलुवाई | साह, हलुवाई, गुप्ता, शाह, साहू, कनौजियाँ, गोठ, मधियाँ, मोदक |
| २५. | अमात | राय, राउत, अमात्य, अमात, विश्वास, शर्मा, मण्डल |
| २६. | केवरत | केवरत, मण्डल |
| २७. | सैनी | सैनी, महतो |
| २८. | बिन | मुखिया, सहनी, बिन, चौधरी, महतो, भगत |
| २९. | जोगिया | जोगिया, योगी, गिरी, गोसाई, गोश्वामी |
| ३०. | लहेरा/लहेरी | लहेरी, कौशल, वैश्य, गुप्ता, ठठेस, साह, ठठेर, ठठेरी, लहेरा, पटहार |
| ३१. | बेल्दार | बेल्दार, राउत, सिंह, शर्मा, चौहान, महतो, चौधरी |
| ३२. | नट/नटवा | नट, नटवा, बन्जारा, बञ्जारा, वैद्य, राय, राठौर |
| ३३. | कलावाज | कलावाज |
| ३४. | कथबनियाँ | दास, चौधरी, कैथल, वैश्य, कैथल वैश्य, वैश, बनिया, सिन्दुरिया, बनियाँ, गुप्ता, सेनुरिया, कथबनियाँ |
| ३५. | अरख | अरख |
| ३६. | भुर्जी | भुर्जी, सक्सेना, कनवजिया, गुप्ता, शाह |
| ३७. | राजी | घटाला, कचाले, कुइनेल, कुम्लेल, ग्रनुवाल, रघेल |
| ३८. | खैराह, गुज्जर | खैराह, गुज्जर |
| ३९. | पटवा | पटवा, दास, पटेल |
| ४०. | चनउ | सिंह, महतो, चनउ |
| ४१. | कलाल | साह, चौधरी, कलाल, जैसवाल, जयसवाल |
| ४२. | बरई | भगत, चौरसिया, पनवारिया, बरई, बरै, पनवारी |
| ४३. | वोट | वोट |
| ४४. | कशेरा/कसेरा | साह, कशेरा, कसेरा |
| ४५. | पटनवार | पटेल, वर्मा, पटनवार |
| ४६. | कमकर | कमकर, महतो, राउत, कहार |
| ४७. | कसोधन | कसोधन, कसौधन, कशौधन, कश्यप, केशवधन, वैश्य |
| ४८. | मंगता/महाउत | गुप्ता, सर्राफ, चौधरी, अग्रवाल, कौल, खत्री, मङ्गता, महाउत |
| ४९. | चौहान | चौहान, प्रसाद, महतो, चाई, चौधरी |
| ५०. | चाई | चन्द्रवंशी, मण्डल |

# आ.व. २०८१/०८२ मा गरेका सिफारिसहरू

## १. खस आर्य तथा पिछडा वर्गको थर सूचीकरण सम्बन्धमा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ८२ मिति २०८१/१०/२४ को पत्रबाट अनुरोध भएबमोजिम खस आर्यको गोत्र हटाई थरको सूची मात्र तयार गरी देहायबमोजिम सिफारिस गरिएको थियो :

१. खस आर्य समुदायमा ब्राम्मण, क्षेत्री, ठकुरी, सन्यासी (दशनामी र बाह्रपन्थी) र रानाभाटका गोत्र हटाई ६६७ थरको सूचीकरण विवरण नेपाल सरकारलाई सिफारिस गर्ने।

२. पिछडा वर्गको समुदायको हकमा साबिककै ५० जातका ४०१ थरहरूको विवरण सूचीकरणका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

**क. ब्राम्हण जातिका थरहरू**

| क्र.सं. | थर |
|---|---|
| १. | अगस्ती |
| २. | अचार्ज |
| ३. | अधिकारी |
| ४. | अर्याल |
| ५. | अगस्थी |
| ६. | अवस्थी/ अबस्थी |
| ७. | आचार्य |
| ८. | आपागाई/ आपागाँइ/ अम्गाई/अम्मै |
| ९. | ईटनी/ ईटेनी |
| १०. | उपाध्याय |
| ११. | उप्रेती/उप्रेती भाट |
| १२. | ओझा |
| १३. | ओडारी |
| १४. | ओस्ती/ ओस्थी/ वोस्ती |
| १५. | ओलिया |
| १६. | ओली/वली |
| १७. | कँडेल |
| १८. | कटेल |
| १९. | कडरिया |
| २०. | कपाडी |
| २१. | कमली |
| २२. | कलौनी |
| २३. | कसारे |
| २४. | काप्री/काप्री रानाभाट |
| २५. | काफ्ले |
| २६. | कालाखेती |
| २७. | कुँइकेल |
| २८. | कुकुरकटेल |
| २९. | कुकुरकाटे/ कुकुरकोटे |
| ३०. | कुमाई |
| ३१. | कुलकर्णी |
| ३२. | कैनी |
| ३३. | कोइराला |
| ३४. | क्वाइँतोला जोशी |
| ३५. | खकुरेल |
| ३६. | खतिवडा |
| ३७. | खनाल/ खंदाल |
| ३८. | खनिया |
| ३९. | खराल |
| ४०. | खरेल |
| ४१. | खिडकीसैनी |
| ४२. | खुलाल |
| ४३. | गजुरेल/ गजुर्याल |
| ४४. | गर्तौला/ गड्तौला |
| ४५. | गाग्ले |
| ४६. | गुरागाँई/ गौरागाईँ |
| ४७. | गेलाल |
| ४८. | गेवाली |
| ४९. | गैरे |
| ५०. | गैली/गौली |
| ५१. | गोतामे/ गौतम |

| | |
|---|---|
| ५२. | गोदार |
| ५३. | गोरा |
| ५४. | गौडेल |
| ५५. | घिमिरे |
| ५६. | घोडासैनी |
| ५७. | घोरासैनी/घोरसाई/ घोरसाइने/ घोरासाइनी |
| ५८. | चटोत/चटौत |
| ५९. | चट्टोपाध्याय |
| ६०. | चतुर्वेदी |
| ६१. | चदौला |
| ६२. | चपाई |
| ६३. | चम्करिया |
| ६४. | चम्याल |
| ६५. | चम्लागाईँ |
| ६६. | चर्टर्जी/ चक्रवती |
| ६७. | चलाउने |
| ६८. | चापागाईँ |
| ६९. | चालिसे |
| ७०. | चिमरिया/ चिमोरिया |
| ७१. | चिमाली |
| ७२. | चिलुवाल |
| ७३. | चुँडाल |
| ७४. | चुँदाली |
| ७५. | चुकुडाल |
| ७६. | चुवाई |
| ७७. | चुहान |
| ७८. | चौँसली |
| ७९. | चौलागाईँ |
| ८०. | च्वाई |
| ८१. | छत्कुली |
| ८२. | छत्याल |
| ८३. | छिमाल |
| ८४. | जमरकट्टेल/ जमकट्टेल/ जेमकट्टेल |
| ८५. | जुम्ली |
| ८६. | जंगम |
| ८७. | जैसी |
| ८८. | जोशी |

| | |
|---|---|
| ८९. | जोसी |
| ९०. | टण्डन |
| ९१. | डल्लाकोटी |
| ९२. | डाँगी |
| ९३. | डुम्रे |
| ९४. | डोँगरे |
| ९५. | डोटेल |
| ९६. | डौलिया |
| ९७. | ढकाल |
| ९८. | ढाँट |
| ९९. | ढुङ्गाना/ ढुंगाना |
| १००. | ढुङ्गेल/ ढुङ्ग्याल |
| १०१. | ढोडारी |
| १०२. | तिमलसेना/ तिम्सेना/ तिम्सिना/ तिमल्सिना तिमल्सेना/ तिमिल्सेना/ तिमिल्सिना/ |
| १०३. | तिवारी/ तेवारी |
| १०४. | त्रिताल |
| १०५. | त्रिपाठी |
| १०६. | थपलिया |
| १०७. | थलारी |
| १०८. | थानी |
| १०९. | दङ्गाल |
| ११०. | दनै |
| १११. | दमासे |
| ११२. | दयाल |
| ११३. | दर्नाकाटी |
| ११४. | दवाडी/ दुवाडी |
| ११५. | दाहाल |
| ११६. | दीक्षित |
| ११७. | दुलाल |
| ११८. | दुवाल |
| ११९. | दुवे |
| १२०. | देवकोटा |
| १२१. | देशपाडे |
| १२२. | दैनी |
| १२३. | धनुक |
| १२४. | धमला |

| | |
|---|---|
| १२५. | धरेल |
| १२६. | धामी |
| १२७. | धिताल |
| १२८. | नकाल |
| १२९. | नागिला |
| १३०. | निउरे/न्युरे |
| १३१. | निरौला |
| १३२. | नेउपाने/ न्यौपाने |
| १३३. | नेगी |
| १३४. | नेपाल |
| १३५. | नैनावस्ती |
| १३६. | नौलखा |
| १३७. | पकुवाल/पुकुवाल |
| १३८. | पंगेनी/पङ्गेनी/पैनी |
| १३९. | पचभैया |
| १४०. | पडाल |
| १४१. | पण्डित |
| १४२. | पनेरु/पँदेरु/पदेरु |
| १४३. | पन्त |
| १४४. | पन्थ |
| १४५. | पन्थी |
| १४६. | पराजुली |
| १४७. | पहाडी |
| १४८. | पहारी |
| १४९. | पाठक |
| १५०. | पाण्डे |
| १५१. | पाण्डेय |
| १५२. | पाध्या |
| १५३. | पार्धे |
| १५४. | पोखरेल/ पोख्रेल |
| १५५. | पुडासैनी |
| १५६. | पुञ्जाली/ पुन्जाली |
| १५७. | पुलामी |
| १५८. | पोडवाल |
| १५९. | पौडेल/ पौड्याल/ पौड्यालय |
| १६०. | प्याकुरेल/ पेकुरेल |
| १६१. | प्रसाईँ |
| १६२. | फुयाँल/ फुँएल |
| १६३. | फुलारा |
| १६४. | बख्रेल/ बखरेल |
| १६५. | बगाले |
| १६६. | बजगाईँ/ बजाइ |
| १६७. | बजाल |
| १६८. | बडाल |
| १६९. | बड्ु/बढु |
| १७०. | बडुवाल/ बरुवाल |
| १७१. | बन्जाड/ बन्जाडे/ बञ्जाडे |
| १७२. | बन्जारा/ बञ्जारा |
| १७३. | बराकोटी |
| १७४. | बराल |
| १७५. | बर्तौला |
| १७६. | बर्मा |
| १७७. | बलायर/ बलाईर |
| १७८. | बसिया |
| १७९. | बसौला |
| १८०. | बस्ताकोटी |
| १८१. | बस्याल/बसेल |
| १८२. | बाघ |
| १८३. | बाजुरी |
| १८४. | बास्कोटा |
| १८५. | बास्तोला |
| १८६. | बाह्रकोटी |
| १८७. | बिडारी/ बिणारी |
| १८८. | बिमली |
| १८९. | बुर्लाकोटी |
| १९०. | बेलकाँणी |
| १९१. | बेलवासी/ बेलबासे |
| १९२. | बैध |
| १९३. | भट्ट |
| १९४. | भट्टराई/ भट्टराय |
| १९५. | भट्टाचार्य |
| १९६. | भण्डारा |
| १९७. | भण्डारी/ भँडारी |
| १९८. | भण्डारे |

| | |
|---|---|
| १९९. | भाट |
| २००. | भुर्तेल |
| २०१. | भुसाल |
| २०२. | भेटुवाल/ भेटवाल |
| २०३. | भ्वमी |
| २०४. | मजगाईँ/ मजगैयाँ |
| २०५. | मरहट्टा/ मरहठ्ठा |
| २०६. | मरासिनी |
| २०७. | महरा |
| २०८. | मिश्र |
| २०९. | मुडभरी/ मुडबरी |
| २१०. | मैनाली |
| २११. | मोरासानी / मोरासैनी/ मरासिनी |
| २१२. | रकाल/ रखाल |
| २१३. | रजौरिया |
| २१४. | रताला |
| २१५. | राजोपाध्याय |
| २१६. | राताटिङ्गुली |
| २१७. | रिजाल |
| २१८. | रिमाल |
| २१९. | रिसाल |
| २२०. | रुपाखेती |
| २२१. | रेग्मी |
| २२२. | रोइला |
| २२३. | लम्साल |
| २२४. | लामिछाने |
| २२५. | लुइटेल/ लुइँटेल |
| २२६. | लेखक |
| २२७. | लोहनी |
| २२८. | लौडारी |
| २२९. | वस्ती/ओस्ती |
| २३०. | वाग्ले |
| २३१. | विष्ट |
| २३२. | शिवाकोटी/ सिवाकोटी |
| २३३. | शुक्ल |
| २३४. | शोणारी/ शोडारी |
| २३५. | संग्रौला/ सङ्ग्रौला |
| २३६. | सञ्जेल/ सञ्ज्याल/ सज्जेल |
| २३७. | सत्याल |
| २३८. | साका |
| २३९. | साँखी |
| २४०. | सापकोटा |
| २४१. | सिग्देल |
| २४२. | सिटौला |
| २४३. | सिम्खडा/ सिंखडा |
| २४४. | सिलवाल |
| २४५. | सुवेदी |
| २४६. | सेढाँई/ सेढाई/ सेडाई |
| २४७. | सोती |
| २४८. | शर्मा |
| २४९. | हमाल |
| २५०. | हड्खले |
| २५१. | होमेगाई/ हुमागाईँ/ होमागाई |
| २५२. | ज्ञवाली/ ज्ञावाली |

### ख. क्षेत्री जातिका थरहरू

| क्र.सं. | थर |
|---|---|
| १. | अट्याल |
| २. | अत्री |
| ३. | अधिकारी |
| ४. | आचार्य/ आचार्ज |
| ५. | अर्याल |
| ६. | ईटनी/ ईटेनी |
| ७. | उप्रेती |
| ८. | ऐडी |
| ९. | ऐर/ऐरी |
| १०. | ओइरे |
| ११. | ओझा |
| १२. | ओली/वली |
| १३. | कटुवाल |
| १४. | कट्टेल |
| १५. | कठायत |
| १६. | कर्टाईन |
| १७. | कठेत |
| १८. | कडायत |

| | |
|---|---|
| १९. | कडुवाल |
| २०. | कर्डेल |
| २१. | काप्री |
| २२. | काफ्ले |
| २३. | कार्की |
| २४. | कालाखेती |
| २५. | कालीकोटे |
| २६. | कालीकोटे खड्का |
| २७. | कुँवर |
| २८. | कुवँर |
| २९. | कुँवर |
| ३०. | कुँवर/ कँवर/ कमर |
| ३१. | कुडमला |
| ३२. | कुन्जेडा |
| ३३. | कुमाल |
| ३४. | कुर्माल |
| ३५. | के.सी. |
| ३६. | कैला |
| ३७. | कोइराला |
| ३८. | कोट्टारी |
| ३९. | खडका |
| ४०. | खडायत |
| ४१. | खड्का |
| ४२. | खतिवडा |
| ४३. | खत्री |
| ४४. | खनाल |
| ४५. | खनियाँ |
| ४६. | खप्तरी |
| ४७. | खरेल |
| ४८. | खवास |
| ४९. | खराल |
| ५०. | खाती |
| ५१. | खुलाल |
| ५२. | खोच्याल |
| ५३. | ख्वास |
| ५४. | गागले थापा क्षेत्री |
| ५५. | गडाल |
| ५६. | गर्तौला/ गड्तौला |
| ५७. | गुर्धामी/ गुरुधामी |
| ५८. | गैलाल |
| ५९. | गैरे |

| | |
|---|---|
| ६०. | गैली |
| ६१. | गोतामे |
| ६२. | गोदार |
| ६३. | गोरा |
| ६४. | गौतम |
| ६५. | गौली |
| ६६. | घत्री |
| ६७. | घरडी |
| ६८. | घर्ती |
| ६९. | घिमिरे |
| ७०. | घुसाल धामी |
| ७१. | घोरसाने/ घोर्साई |
| ७२. | चलाउने |
| ७३. | चाड |
| ७४. | चापागाईँ |
| ७५. | चिमाली |
| ७६. | चुँडाल |
| ७७. | चुहान |
| ७८. | चौँसिर |
| ७९. | चोखाल |
| ८०. | चौलागाईँ |
| ८१. | चौहान |
| ८२. | च्वान |
| ८३. | छत्कुली |
| ८४. | जप्रेल |
| ८५. | जमरकट्टेल/ जमकट्टेल / जेमकट्टेल |
| ८६. | ज.ब.रा. |
| ८७. | जङ्गम |
| ८८. | जागरी/ जागिरी |
| ८९. | जाग्री |
| ९०. | जुम्ली |
| ९१. | जेठारा |
| ९२. | झप्रेल |
| ९३. | टेर |
| ९४. | ठकुल्ला |
| ९५. | ठकुराठी |
| ९६. | ठगुन्न/ ठगुन्ना |
| ९७. | ठेकरे |
| ९८. | डल्लाकोटी |
| ९९. | डाँगर |
| १००. | डाँगा |

| | |
|---|---|
| १०१. | डाँगी |
| १०२. | डेउडा |
| १०३. | डोँगरे |
| १०४. | डोटेल |
| १०५. | ढकाल |
| १०६. | ढाट/ढाँट |
| १०७. | ढुङ्गाना |
| १०८. | ढुङ्गाल/ ढुङ्गेल/ ढुङ्ग्याल |
| १०९. | ढोडारी |
| ११०. | ताडी |
| १११. | तिमलसेना/ तिम्सेना/ तिम्सिना/ तिमल्सेना / तिमिल्सेना/ तिमिल्सिना/ तिमलसिना |
| ११२. | तिवारी/ तेवारी |
| ११३. | तोथ्याल धामी |
| ११४. | त्रिपाठी |
| ११५. | थपलिया |
| ११६ | थलारी |
| ११७. | थलाल |
| ११८. | थापा |
| ११९. | थापापाल |
| १२०. | थामी |
| १२१. | दङ्गाल |
| १२२. | दनै |
| १२३. | दयार/ दियार |
| १२४. | दवाडी/ दुवाडी |
| १२५. | दशैदी/ दशौदी |
| १२६. | दहनी |
| १२७. | दाहाल |
| १२८. | दुलाल |
| १२९. | दुवाल |
| १३०. | देउखुरी |
| १३१. | देउजा |
| १३२. | देउवा/ देउपा |
| १३३. | देवकोटा |
| १३४. | देशपाडे |
| १३५. | दैनी |
| १३६. | दौलेल/ दौल्याल |
| १३७. | द्वाल |
| १३८. | धमेना |
| १३९. | धराला |
| १४०. | धरेल |

| | |
|---|---|
| १४१. | धनुक/धानुक/धानुष्क |
| १४२. | धामी |
| १४३. | धिताल |
| १४४. | नकाल/ नगाल |
| १४५. | नायक |
| १४६. | निउरे |
| १४७. | निरौला |
| १४८. | नेउपाने/ न्यौपाने |
| १४९. | नेगी |
| १५०. | पंदेरु |
| १५१. | पकुवाल |
| १५२. | पछाई |
| १५३. | पण्डित |
| १५४. | पनेरु |
| १५५. | पन्त |
| १५६. | पन्थ |
| १५७. | पन्थी |
| १५८. | पराजुली |
| १५९. | पाठक |
| १६०. | पाण्डे/पाँडे/पाण्डेय |
| १६१. | पुजारा |
| १६२. | पुंवार कार्की |
| १६३. | पुंवार थापा |
| १६४. | पुवार थापा |
| १६५. | पोख्रेल/ पोखरेल |
| १६६. | पौडेल/ पौड्याल |
| १६७. | फडेरा |
| १६८. | फर्सेल बुढा |
| १६९. | फुलारा |
| १७०. | बखती/ बखेती |
| १७१. | बटाला |
| १७२. | बडुवाल |
| १७३. | बरुवाल |
| १७४. | बनताला |
| १७५. | बनियाँ |
| १७६. | बञ्जाडे/ बन्जाडे |
| १७७. | बन्जारा/ बञ्जारा |
| १७८. | बम |
| १७९. | बयक |
| १८०. | बराल |
| १८१. | बर्मा |

| | |
|---|---|
| १८२. | बलाएर/ बलाइर/ बलाईर/ बलायर |
| १८३. | बसिया |
| १८४. | बस्नेत |
| १८५. | बस्याल/ बस्सेल/ बसेल |
| १८६. | बहिक |
| १८७. | बाजुरी |
| १८८. | बनियाँ |
| १८९. | बानिया |
| १९०. | बिजले |
| १९१. | बिष्ट/ विष्ट |
| १९२. | बुडथापा |
| १९३. | बुडा क्षेत्री |
| १९४. | बुडा थापा |
| १९५. | बुढा |
| १९६. | बुढा क्षेत्री |
| १९७. | बुढा बिसी |
| १९८. | बुढाथोकी |
| १९९. | बुध |
| २००. | बुर्लाकोटी |
| २०१. | बेलाल |
| २०२. | बेलबासे |
| २०३. | बोगटी |
| २०४. | बोहरा |
| २०५ | बोहोरा |
| २०६. | बैदबार |
| २०७. | भक्री |
| २०८. | भट्ट |
| २०९. | भट्टराई |
| २१०. | भट्टाडी |
| २११. | भण्डारी/ भंडारी/ भडारी |
| २१२. | भण्डारे |
| २१३. | भाट |
| २१४. | भाम |
| २१५. | भुर्तेल |
| २१६. | भुसाल |
| २१७. | मडे/मडै |
| २१८. | मण्डेल |
| २१९. | मन्याल |
| २२०. | मरहट्ठा |
| २२१. | मरासिनी |
| २२२. | मलासी |

| | |
|---|---|
| २२३. | मल्ल |
| २२४. | महत |
| २२५. | महता |
| २२६. | महतारा |
| २२७. | महतारो |
| २२८. | महर |
| २२९. | महरा |
| २३०. | माझीक्षेत्री |
| २३१. | मार्माल |
| २३२. | माल |
| २३३. | मिश्र |
| २३४. | मेघी |
| २३५. | मोर |
| २३६. | मौनी |
| २३७. | रजक |
| २३८. | रतोकी |
| २३९. | राइभाट |
| २४०. | राउत |
| २४१. | राउल |
| २४२. | राणा/ राणाजी |
| २४३. | रानाभाट/ रानाभाट क्षेत्री/ राना क्षेत्री |
| २४४. | राय |
| २४५. | रायमाझी |
| २४६. | रायाक्षेत्री |
| २४७. | रावत |
| २४८. | रावल |
| २४९. | रावल गुन्पाली |
| २५०. | राहुत |
| २५१. | रिमाल |
| २५२. | रिसाल |
| २५३. | रुपाखेती |
| २५४. | रुमे कार्की क्षेत्री |
| २५५. | रेग्मी |
| २५६. | रैकाल |
| २५७. | रोकाय/ रोकाया |
| २५८. | रोकाया क्षेत्री |
| २५९. | रोकाहा |
| २६०. | रोक्का |
| २६१. | रौले |
| २६२. | लम्साल |
| २६३. | लामिछाने/ लामिछाने बस्नेत |

| | |
|---|---|
| २६४. | लुम्थ्याल धामी |
| २६५ | लोथ्याल |
| २६६. | लोहनी |
| २६७. | बडाहित |
| २६८. | बडुवाल |
| २६९. | बडैला |
| २७०. | बयक |
| २७१. | वली/ओली |
| २७२. | वस्ती |
| २७३. | वाग्ले |
| २७४. | बिठाडी |
| २७५. | विनायकी भण्डारी |
| २७६. | शिवकोटी |
| २७७. | श्रीमाल/ श्रीमाली |
| २७८. | सङ्ग्रौला |
| २७९. | सञ्जेल |
| २८०. | सत्याल |
| २८१. | साउद/ साउँद/ साँउद |
| २८२. | साकी |
| २८३. | सापकोटा |
| २८४. | सामन्ती/ सामन्त |
| २८५. | सामरी |
| २८६. | सावद |
| २८७. | सिंह |
| २८८. | सिग्देल |
| २८९. | सिजापति |
| २९०. | सिटौला |
| २९१. | सिरादी |
| २९२. | सिरिमाल |
| २९३. | सिलवाल |
| २९४. | सुतार |
| २९५. | सुवेदी |
| २९६. | सेट्टी |
| २९७. | सेढाईँ |
| २९८. | सोराडी |
| २९९. | स्वाँर |
| ३००. | हुम्ली |
| ३०१ | ज्ञवाली/ ज्ञावली |

## ग. ठकुरी जातिका थरहरू

| क्र.सं. | थर |
|---|---|
| १. | अछामी |
| २. | आँस्या |
| ३. | उच्चै |
| ४. | कल्याल |
| ५. | कुम्भईराना |
| ६. | खाँण/खाँड/खान |
| ७. | गहलोत |
| ८. | चन/चन्द |
| ९. | चन्यो/चन्चो/ चम्पो/चन्वो/ चल्ल |
| १०. | छत्याल |
| ११. | ज्यू |
| १२. | पाल |
| १३. | फत्ता |
| १४. | वंशी |
| १५. | बम/बम्ब/बम्म |
| १६. | ब्रह्म/ब्रम्हा |
| १७. | मल्ल |
| १८. | मेधाशी |
| १९. | राउलो |
| २०. | राठौर |
| २१. | राय/राया |
| २२. | रास्कोट्या |
| २३. | रुचाल |
| २४. | रैका |
| २५. | शाह |
| २६. | शाही |
| २७. | श्रीणेत/श्रीनेत |
| २८. | सनेवाल |
| २९. | समाल |
| ३०. | सिंह |
| ३१. | सेन |
| ३२. | सिन |
| ३३. | सोनाम |
| ३४. | सोमवंशी |
| ३५. | हमाल |
| ३६. | राक्से |
| ३७. | रगाली |

### घ. सन्यासी (दशनामी) भित्र पर्ने थरहरू

| क्र.सं. | थर |
|---|---|
| १. | वन |
| २. | अरण्य |
| ३. | तीर्थ |
| ४. | आश्रम |
| ५. | गिरी |
| ६. | पर्वत |
| ७. | सागर |
| ८. | पुरी |
| ९. | भारती |
| १०. | सरस्वती |

### ङ. सन्यासी (बाह्रपन्थीसमेत) का थरहरू

| क्र.सं. | थर |
|---|---|
| १. | कँवरयोगी |
| २. | कङ्कर |
| ३. | कँमर |
| ४. | कवर |
| ५. | कुवर |
| ६. | कुवर जोगी |
| ७. | जङ्गम |
| ८. | जोती |
| ९. | नाथ |
| १०. | नाथ योगी |
| ११. | नेगी |
| १२. | योगी |

### च. रानाभाट/ भाटका थरहरू

| क्र.सं. | थर |
|---|---|
| १. | अधिकारी |
| २. | अबस्थी/अवस्थी |
| ३. | आचार्य |
| ४. | आशपटेल |
| ५. | ओझा |
| ६. | कँडेल |
| ७. | कनियल |
| ८. | कुमैया भाट |
| ९. | खनाल |
| १०. | खतिवडा |
| ११. | गर्खालभाट |
| १२. | घिमिरे |
| १३. | चौरेली |
| १४. | चौलागाईँ |
| १५. | जैसी भाट |
| १६. | ढुंगाना |
| १७. | तस्याल |
| १८. | तिवारी |
| १९. | दसौदी |
| २०. | देवकोटा |
| २१. | निरौला |
| २२. | नेपाल भाट |
| २३. | पण्डित |
| २४. | पतियानी |
| २५. | पतेनी भाट |
| २६. | पन्त |
| २७. | पपने |
| २८. | पाण्डे |
| २९. | पिन्गलामुखी |
| ३०. | पोखरेल |
| ३१. | पौडेल |
| ३२. | बजगाईँ |
| ३३. | बन्जारा/बञ्जारा |
| ३४. | बराल |
| ३५. | बि.सि. भाट |
| ३६. | बिम्कोटे भाट |
| ३७. | भट्ट |
| ३८. | भट्टराई |
| ३९. | भण्डारी |
| ४०. | भाट |
| ४१. | भाट जमाल |
| ४२. | मङ्गलामुखी |
| ४३. | मुढबरी/मुडभरी |
| ४४. | राईभाट |
| ४५. | राजभाट |
| ४६. | रानाभाट |
| ४७. | रिजाल |
| ४८. | रिमाल |
| ४९. | रेग्मी |
| ५०. | लामिछाने |
| ५१. | लौडारी |
| ५२. | सन्ज्याल/सन्जेल |
| ५३. | सापकोटा |
| ५४. | सिंह |
| ५५. | सुवेदी |

## २. अन्य सिफारिसहरु

### क. कृषि सम्बन्धमा

- किसानहरूलाई वर्गीकरणसहितको परिचयपत्र उपलब्ध गराई सोही आधारमा कृषि अनुदान वितरण गर्नुपर्ने,
- सङ्घीय कृषि ऐन तत्काल जारी गर्नुपर्ने,
- कृषि अनुदानलाई उत्पादनको आधारमा वितरण गर्ने; आगत (Inputs) को आधारमा अनुदान दिनुपर्ने भए कृषि व्याज अनुदान दिने व्यवस्था गर्नुपर्ने।

### ख. ज्येष्ठ नागरिक सम्बन्धमा

- ज्येष्ठ नागरिकहरूलाई परिचयपत्र वितरण गर्ने सफ्टवेयर प्रणालीलाई ज्येष्ठ नागरिकमैत्री बनाउनुपर्ने,
- नेपाली नागरिकताको प्रमाणपत्र नभएका, ज्येष्ठ नागरिक हेरचाह केन्द्रमा रहेका बेवारिसे ज्येष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ताबाट बन्चित हुनुपरेको हुँदा निजहरूले पाउने भत्ता बराबरको रकम सम्बन्धित संस्थालाई निश्चित सर्तसहित उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने,
- ज्येष्ठ नागरिकहरूलाई नियमित रूपमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनुपर्ने,
- ज्येष्ठ नागरिक हरेचाह केन्द्र/वृद्धाश्रमहरू सार्वजनिक निजी साझेदारीमा सञ्चालन तथा व्यवस्थापन गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने।

### ग. विविध विषयमा सिफारिस सम्बन्धमा ः

आयोगले परामर्शदाताबाट गराएको अध्ययन प्रतिवेदन तथा पदाधिकारीहरूबाट भएको स्थलगत अध्ययन अनुगमन तथा अन्तरक्रियाबाट आएको सुझावका आधारमा तपसिलका विषयमा नेपाल सरकारलाई सिफारिस गरेको थियो :

**क) श्रमिक सम्बन्धमा**

१. वैदेशिक रोजगारीमा नेपाली कामदारहरू जाने प्रमुख गन्तव्य मुलुकहरूसँग अनिवार्य रूपमा द्विपक्षीय श्रम सम्झौता गरेर मात्र श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने,

२. श्रम निरीक्षकहरू (श्रम कार्यालयहरू) को सङ्ख्या अन्तर्राष्ट्रिय मापदण्डअनुसार वृद्धि गरी अनुगमन प्रणालीलाई बलियो बनाउने व्यवस्था गर्ने,

३. असङ्गठित क्षेत्रका श्रमिकहरूको अभिलेख राख्ने, सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने तथा श्रमिक अधिकारमा पहुँचका लागि संरचनात्मक व्यवस्था गर्ने,

४. श्रमिक आपूर्तिकर्ताहरूलाई श्रम कानुनअनुसार दर्ता तथा नियमन गरी थप उत्तरदायी बनाउन कानुनी व्यवस्था गर्ने,

५. श्रमसम्बन्धी उजुरी तथा निर्णयका लागि प्रदेशस्तरमा श्रम अदालत स्थापनाको व्यवस्था मिलाउने,
६. प्रदेश सरकार र स्थानीय तहलाई श्रम प्रशासनसम्बन्धी स्पष्ट काम, कर्तव्य र जिम्मेवारी तोकी हालको श्रम कानुनमा परिमार्जन गर्ने; तीनै तहका सरकारले आफ्नो नीति तथा कार्यक्रममा श्रम सम्बन्ध र श्रमिक अधिकारलाई प्राथमिकतामा राख्ने गरी नीतिगत व्यवस्था गर्ने,
७. श्रम प्रशासनलाई प्रभावकारी बनाउने एउटा वैज्ञानिक माध्यम जवाफदेही र यथार्थपरक श्रम अडिट नै भएको हुँदा सम्पूर्ण औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरूमा श्रम अडिटलाई अनिवार्य गरी प्रतिवेदन लिने व्यवस्था गर्ने साथै श्रम अडिट गर्ने क्रममा फाराममा भरिएको उत्तरको गुणस्तर जाँच (Validity, Reliability and Third Party Verification) को व्यवस्थासमेत गर्ने; मन्त्रालयले प्रतिष्ठानहरूबाट अनलाइनमार्फत् श्रम अडिटको विवरण सङ्कलन तथा विश्लेषण गर्ने व्यवस्था मिलाउने,
८. स्थानीय तहहरूमा श्रमिक पञ्जीकरणका लागि श्रम डेस्क तथा स्पष्ट कार्य जिम्मेवारीसहितको श्रम अधिकारीको व्यवस्था गर्ने,
९. हाल स्वास्थ्य, शिक्षा, निजी क्षेत्र, एयरलाइन्स कम्पनी, वित्तीय क्षेत्रलगायत क्षेत्रमा कार्यरत श्रमिकहरूको विवरण सङ्कलन गर्ने फरक फरक निकाय रहेको हुँदा सम्पूर्ण क्षेत्रमा कार्यरत श्रमिकहरूको एकीकृत अवस्था बुझ्न एउटै डाटाबेस बनाई एउटै निकायबाट कार्यान्वयन तथा अनुगमन गर्ने व्यवस्था मिलाउने,
१०. वित्तीय संस्थाहरूबाट कुनै औद्योगिक वा व्यावसायिक प्रतिष्ठानलाई ऋण प्रवाह गर्दा अनिवार्य रूपमा करचुक्ता विवरणको अनुगमन भएजस्तै श्रम अडिटका सम्पूर्ण प्रक्रिया पूरा भए नभएको हेरेर मात्र ऋण स्वीकृत गर्ने व्यवस्था मिलाउने,
११. नियामक निकायहरूले प्रतिष्ठानको दर्ता नवीकरण गर्दा श्रम अडिटका सम्पूर्ण प्रक्रिया पूरा भए नभएको हेरेर मात्र नवीकरण गर्ने व्यवस्था गर्ने,
१२. कार्यस्थलको ढाँचासँग अनुकूल हुने गरी सबै श्रमिकलाई श्रम कानुनको दायराभित्र ल्याउने व्यवस्था मिलाउने।

**ख) राज्य संरचनामा किसानको प्रतिनिधित्व सम्बन्धमा**

१. राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट किसान सदस्य निर्वाचित हुने गरी कानुनी व्यवस्था गर्ने,
२. गाउँ तथा नगरकार्यपालिकामा कार्यपालिका सदस्यको रूपमा किसानको प्रतिनिधित्वको व्यवस्था मिलाउने,
३. कृषि श्रमिकहरूको उचित अभिलेखन हुनुपर्ने तथा सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउने व्यवस्था गर्ने।

**ग) अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा**

१. अपाङ्गताको वर्गीकरणसम्बन्धी मापदण्डमा नयाँ अपाङ्गता, जस्तै; पार्किन्सस्, छारेरोग, हात्तीपाइले, अल्बिनो, एडिएचडी (Attention Deficit Hyperactivity Disorder), डिस्लेक्सिया, डिमेन्सिया, सिकाइसम्बन्धी अपाङ्गता र एउटा मात्र आँखाले देख्ने अवस्थाको अपाङ्गताको अवस्थालाई समेत समावेश गर्ने व्यवस्था मिलाउने,

२. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था र अवरोध प्रतिशतका आधारमा सेवासुविधा प्रदान गर्ने व्यवस्था मिलाउने,

३. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान अथवा मूल्याङ्कन गर्दा चिकित्सक, मनोवैज्ञानिक, सामाजिक कार्यकर्ता, शिक्षा विज्ञसहितको समिति गठन गर्ने व्यवस्था मिलाउने,

४. अपाङ्गता वर्गीकरण प्रणालीलाई डिजिटल प्रविधिमार्फत् व्यवस्थित र पारदर्शी बनाई वर्गीकरण गलत वा पक्षपाती भएमा उजुरी दिने प्रणालीको सुनिश्चितताको व्यवस्था मिलाउने,

**घ) अल्पसङ्ख्यक जातजातिहरूको सम्बन्धमा**

१. राष्ट्रिय तहमा अल्पसङ्ख्यक जाति भए पनि स्थानीय स्तरमा बाहुल्य रहेको जातिलाई सोही स्थानीय तहमा अल्पसङ्ख्यकको मान्यता दिई आरक्षणको सुविधा नदिने र सो स्थानीय स्तरमा अल्पसङ्ख्यक भएको जातिलाई राष्ट्रिय तहमा बाहुल्य रहेको जाति भए पनि आरक्षण सुविधा दिने व्यवस्था मिलाउने,

२. हालको कानुनी व्यवस्थाअनुसार अल्पसङ्ख्यक पहिचान गर्दा जम्मा ११५ (१४२ मध्ये) जातजातिहरू अल्पसङ्ख्यकको सूचीमा पर्ने देखिएको अवस्थामा संविधानको परिभाषासमेतलाई मध्यनजर गरी अल्पसङ्ख्यक पहिचानको उपयुक्त (सङ्ख्यात्मक र गुणात्मक आधारमा) मापदण्डको व्यवस्था गर्ने।

**ङ) उच्च शिक्षामा समावेशीकरण सम्बन्धमा**

१. उच्च शैक्षिक संस्थाहरू राजधानी र मुख्य सहरमा केन्द्रित भएकाले तिनीहरूको विकेन्द्रीकरण गर्ने तथा बहिष्कृत र सीमान्तकृत नागरिकको उच्च शिक्षामा पहुँच वृद्धि गर्न आवश्यक छात्रवृत्ति र अन्य स्रोतसाधनको पर्याप्त व्यवस्था मिलाउने,

२. हाल विद्यमान उच्च शैक्षिक संस्थामा समावेशी नीतिलाई वर्गीय आधारमा लागु गरी बहिष्कृत र सीमान्तकृत नागरिकको समावेशीकरण गर्न ठोस मापदण्ड बनाई कार्यान्वयनको व्यवस्था गर्ने।

**च) पिछडिएको क्षेत्र पहिचान सम्बन्धमा**

१. बहुआयामिक गरिबी सूचकाङ्क (MPI), मानव विकास सूचकाङ्क (HDI), शिक्षा, स्वास्थ्य, आय, यातायात, सञ्चार, खानेपानी तथा भौगोलिक विकटताका आधारमा जिल्लाभन्दा पालिका तहमा पिछडिएको क्षेत्रको सूची तयार गर्ने,

२. बुँदा नम्बर १ मा उल्लिखित आधारबमोजिम समग्र रूपमा पछाडि परेका जिल्लाहरूलाई विशेष जिल्लाका रूपमा पिछडिएको क्षेत्रमा सूचीकृत गर्ने।

**छ) ज्येष्ठ नागरिक सम्बन्धमा**

१. वृद्धाश्रम तथा आवासीय सेवा केन्द्रहरूको पूर्वाधार दक्ष जनशक्ति र सेवाको गुणस्तरको आधारमा वर्गीकरण गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने,

२. असहाय र बेसहारा ज्येष्ठ नागरिकका लागि प्रदेशस्तरमा वृद्धाश्रमहरू निर्माण गरी सो को सञ्चालन सरकारी, निजी तथा सामुदायिक साझेदारीमार्फत गर्ने गरी नीतिगत तथा कानुनी व्यवस्था गर्ने,

३. वृद्धाश्रम सञ्चालनसँग सम्बद्ध जनशक्तिले अनिवार्य रूपमा जेरियाटिक तालिम लिनुपर्ने व्यवस्था गर्ने,

४. सङ्घीय सरकारले वृद्धाश्रम सञ्चालनसम्बन्धी नमुना कार्यविधि बनाउने र सोअनुसार प्रदेश सरकार र स्थानीय तहले कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

५. ज्येष्ठ नागरिकको सम्पत्ति बाँचुञ्जेल कसैले दाबी गर्न नपाउने र शेषपछि बकस दिन इच्छा (Will) सिस्टम लागु गर्ने; शेषपछिको बकस गर्ने प्रक्रियालाई सरलीकृत गर्ने व्यवस्था मिलाउने,

६. ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा उमेरलाई मात्र आधार नलिई निजको आर्थिक तथा सामाजिक अवस्थालाई समेत मध्यनजर गरी वितरण गर्ने व्यवस्था मिलाउने,

७. घुम्ती क्लिनिक, टेलिमेडिसिन आदिको माध्यमबाट सरल उपचार प्रणालीको व्यवस्था गर्ने,

८. पारिवारिक बिछोडबाट मानसिक समस्यामा परेका ज्येष्ठ नागरिकलाई उचित परामर्शको व्यवस्था गर्ने।

## आ.व. २०८२/८३ मा भएका सिफारिस ः

परामर्शदाताबाट गराएको आधारभूत तह कक्षा १-८ को सामाजिक विषयको पाठ्यक्रममा समावेशिताको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदनमा उल्लिखित सुझाव पाठ्यक्रममा समावेश गर्ने प्रयोजनका लागि आयोगले तपसिलबमोजिमको सुझाव सिफारिस गरी पाठ्यक्रम विकास केन्द्रमा पठाएको छ :

**१. आधारभूत तहको सामाजिक विषयक पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तु**

कक्षा १ देखि ८ सम्मको सामाजिक विषयसँग सम्बन्धित विषयका पाठ्यक्रमलाई अझ समावेशी बनाउने उद्देश्यले पाठ्यक्रममा समावेश गर्नुपर्ने प्रमुख विषयवस्तुहरूले सामाजिक, सांस्कृतिक, भाषिक, लैङ्गिक, शारीरिक र आर्थिक विविधतालाई सम्मान गर्दै सबै विद्यार्थीलाई सम्बोधन गर्ने शिक्षा प्रणाली निर्माणमा सहयोग पुर्‍याउँछ। समावेशी शिक्षाको दृष्टिले विश्लेषण गर्दा केही महत्त्वपूर्ण विषय क्षेत्रहरू पूर्ण रूपमा सम्बोधित नभएको हुँदा अझ प्रस्ट रूपमा थप गर्नुपर्ने देखिन्छ।

**कक्षा १-३ को हाम्रो सेरोफेरो पाठ्यक्रममा थप गर्नुपर्ने विषय क्षेत्रहरू:**

कक्षा १-३ को हाम्रो सेरोफेरो पाठ्यक्रम प्रारम्भिक बालमैत्री शिक्षा दिने उद्देश्यले तयार गरिएको छ। यसमा विविधता, संस्कृति, समुदाय, लैङ्गिक समानता र सामाजिक सहभागिताका तत्त्वहरू समेटिएका छन् तर समावेशी

शिक्षाको दृष्टिले विश्लेषण गर्दा केही महत्त्वपूर्ण विषयक्षेत्रहरू पूर्ण रूपमा सम्बोधित नभएको वा अझ प्रस्ट रूपमा थप गर्नुपर्ने देखिन्छ ।

**(क) कक्षा १-३ का लागि थप गर्नुपर्ने विषयवस्तुहरू:**

१. **म समान छु, तिमी पनि समान**: सबै मानिस बराबर छन् भन्ने आधारभूत बोध

२. **विविध परिवार र समुदाय**: जातीय, भाषिक, धार्मिक विविधता बुझाउने सरल कथाहरू

३. **सहयोग र सहभागिता**: साथीहरूको सहयोग, विविध समूहसँग खेल्न सिकाउने अभ्यास

४. **चित्र र गतिविधिमा समावेशिता**: अपाङ्गता भएका बालबालिका, विभिन्न लिङ्ग र पहिरन भएका पात्रहरू चित्रमा समावेश

५. **शारीरिक र मानसिक अपाङ्गता समावेशिता:** सबै कक्षामा सबै क्षमता भएका बालबालिकाको सहभागिताका विषय थप गर्नुपर्ने

६. **भाषिक समावेशिता:** मातृभाषा र बहुभाषिकताबारे पर्याप्त चर्चा छैन । बालबालिकाहरू फरक फरक भाषा बोल्छन् भन्ने परिप्रेक्ष्य समावेश गर्नु उचित

७. **दलित/वञ्चित समुदाय समावेशिता:** सामाजिक विभेद वा उत्पीडन विषय गहिरो रूपमा उठाइएको
छैन । दलित, सीमान्तकृत बालबालिकाको जीवनयात्रा र योगदान समेटिने पाठहरू विकास गर्नुपर्ने

८. **लैङ्गिक विविधता:** पुरुष महिलाबिच समानता मात्र समावेश, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वा लैङ्गिक विविधता उल्लेख छैन । लैङ्गिक विविधताबारे बालमैत्री, सरल भाषामा सूक्ष्म परिचय थप्नुपर्ने

९. **अल्पसङ्ख्यक धर्म/जाति समावेशिता:** मुस्लिम, किराँत, बौद्ध, आदिवासी धर्म र संस्कारप्रति सम्मान दर्साउने पाठ हुनुपर्ने

१०. **आर्थिक विविधता/गरिबीसम्बन्धी शिक्षा:** विभिन्न सामाजिक आर्थिक पृष्ठभूमिका बालबालिकाको अनुभव समावेश गरिनु आवश्यक

११. **लैङ्गिक भूमिका र कामको विभाजन:** महिलाले घरको काम गर्छन्, पुरुषले बाहिर जस्ता **यस्ता असमान सन्देश** कतै कतै देखिन्छ यस्ता धारणाको पुनरवलोकन गरी लचिलो भूमिका/समानता देखाउने पाठ निर्माण गर्नुपर्ने

१२. **बालबालिकाको आवाज/सहभागिता:** बालबालिकाको अनुभव र आवाज कम हुने; यस्ता धारणाको पुनरवलोकन गरी लचिलो भूमिका/समानता देखाउने पाठ निर्माण गर्नुपर्ने

१३. **परिवारको संरचना, नाता, ज्येष्ठ नागरिक सदस्यका रमाइला पक्ष र अनुभव:** संयुक्त परिवार, एकल परिवार, दाइ, दिदीलगायत हजुरबुबा, हजुरआमाले गाउने लोरी, कथा, उखान आदि विषय

(ख) कक्षा १-३ का लागि थप गर्नुपर्ने विषयवस्तुहरूको तालिका:

| क्र.स. | विषय क्षेत्र | सुझाव |
|---|---|---|
| १ | **शारीरिक र मानसिक अपाङ्गता समावेशिता** | सबै कक्षामा सबै क्षमता भएका बालबालिकाको सहभागिता, अपाङ्गता, भिन्न क्षमता भएका बालबालिकासँग मित्रताका विषय |
| २ | **भाषिक समावेशिता** | बालबालिका फरक भाषा बोल्छन् भन्ने परिप्रेक्ष्य समावेश गर्नु उचित साथै भाषिक विविधता स्वीकार गर्ने विषय |
| ३ | **दलित/वञ्चित समुदाय समावेशिता** | दलित, सीमान्तकृत बालबालिकाको जीवनयात्रा र योगदान समेटिने पाठहरू विकास |
| ४ | **लैङ्गिक विविधता** | लैङ्गिक विविधताको पहिचान (Gender Spectrum) वा व्यक्तिगत पहिचान, आत्मसम्मान, र सामाजिक स्थानका बारेमा, बालमैत्री, सरल भाषामा सूक्ष्म परिचय |
| ५ | **अल्पसङ्ख्यक धर्म/ जाति समावेशिता** | मुस्लिम, किराँत, बौद्ध, आदिवासीलगायत अन्य धर्म र संस्कारप्रति सम्मान दर्शाउने पाठ/विषयवस्तु |
| ६ | **आर्थिक विविधता/ गरिबीसम्बन्धी शिक्षा** | विभिन्न सामाजिक आर्थिक पृष्ठभूमिका बालबालिकाको अनुभव र पेसागत सम्मान, वर्ग आधारित भेदभाव विरुद्धका विषय |
| ७ | **लैङ्गिक भूमिका र कामको विभाजन** | यस्ता धारणाको पुनरवलोकन गरी लचिलो भूमिका/समानता देखाउने पाठ निर्माण गर्नुपर्ने |
| ८ | **बालबालिकाको आवाज/ सहभागिता** | विद्यार्थीको वास्तविक जीवनबाट कथाहरू, संवाद र सहभागी क्रियाकलापहरू, बालमैत्री ढङ्गले धार्मिक, सांस्कृतिक सहिष्णुता, बालबालिकाको स्वतन्त्र अभिव्यक्ति र सहभागिता मूल्याङ्कन गर्न सघाउने विषयक्षेत्र |
| ९ | **परिवारका ज्येष्ठ नागरिक सदस्य** | ज्येष्ठ नागरिकप्रति आदर, माया, सेवा, अनुभवको सम्मानका विषय |
| १० | **बहुभाषिक शिक्षण** | मातृभाषा प्रयोगको पर्याप्त अवसर |
| ११ | **परिवारका विविध संरचना** | परम्परागत परिवार ढाँचामै सीमित नभई वर्तमान ढाँचा |
| १२ | **लैङ्गिक भूमिकामा समानता** | खेल, कार्यविभाजन आदिमा लैङ्गिक पूर्वाग्रहको अन्त्य |
| १३ | **शारीरिक पहुँच र सहयोगी उपकरणको उपयोग** | अपाङ्गता भएका बालबालिकाको पहुँचबारे उल्लेख्य उदाहरण |

| | | |
|---|---|---|
| **१४** | **विविध संस्कृति र पहिचानको समावेश** | स्थानीय विविधताका विषयवस्तु र शिक्षण |
| **१५** | **विविध** | स्थानीय परिवेशका विशिष्ट विषय क्षेत्र |

- **कक्षा ४-५ को सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा पाठ्यक्रममा थप गर्नुपर्ने विषय क्षेत्रहरू:**

कक्षा ४-५ को सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा पाठ्यक्रममा समावेशिताका विषय क्षेत्रहरू केही हदसम्म समावेश छन् तर समावेशी शिक्षाका दृष्टिले हेर्दा अझै केही महत्त्वपूर्ण पक्षहरू नपुग्ने र थप गर्नुपर्ने छन्।

**(क) कक्षा ४-५ का लागि थप गर्नुपर्ने विषयवस्तुहरू:**

१. **स्थानीय विविधता**: आफ्नो गाउँ/सहरमा बसोबास गर्ने जातजाति, भाषा र परम्पराको जानकारी

२. **समावेशी सामाजिक मूल्यहरू**: सबैलाई आदर गर्ने, भेदभाव नगर्ने, विभिन्न संस्कार र परम्परालाई सम्मान गर्ने बानी विकास

३. **अपाङ्गता सजगता**: अपाङ्गता भएका व्यक्तिका अधिकार र आवश्यकतालाई बुझाउने विषय, शिक्षण विधि

४. **शारीरिक र बौद्धिक अपाङ्गता समावेशिता:** पाठ्यक्रममा थोरै मात्र उल्लेख; पहुँच र सहभागितामा विशेष ध्यान छैन अपाङ्गता भएका बालबालिकाको शिक्षा, पहुँच र सामाजिक सहभागितालाई स्पष्ट समावेश गर्नुपर्ने

५. **लैङ्गिक समानता**: छात्रा, छात्र सबैले समान रूपमा शिक्षा, खेलकुद, काम पाउनुपर्छ भन्ने सोचको विकास गर्ने विषय

६. **लैङ्गिक विविधता र लैङ्गिक समानता:** महिला, पुरुष समानता मात्र केन्द्रित; लैङ्गिक पहिचान र विविधता कम लैङ्गिक भिन्नता (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) र लैङ्गिक हिंसा विरुद्ध जागरुकताका विषय

७. **जातीय र सामाजिक दलित समावेशिता:** जातीय विविधता छ तर दलित र सामाजिक वञ्चित समूहप्रति गहिरो ध्यान छैन, दलित, मधेसी, थारू, आदिवासी जनजाति जस्ता वञ्चित समुदायका अधिकार र जीवनका अनुभव

८. **भाषिक समावेशिता:** मातृभाषा सम्मानका विषय केही छन् तर बहुभाषिकता र भाषिक अधिकार सीमित मातृभाषा र बहुभाषिकताको सम्मान तथा भाषिक अधिकारको थप चर्चा

९. **धार्मिक विविधता र सहिष्णुता:** धार्मिक सहिष्णुता समावेश छ तर केही अल्पसङ्ख्यक धर्मप्रति कम प्रतिनिधित्व मुस्लिम, बौद्ध, किराँतलगायतका अन्य अल्पसङ्ख्यक धार्मिक समुदायका विषय

१०. **आर्थिक सामाजिक वर्गीय समावेशिता**: गरिबी र वर्ग भेदमा सामान्य चर्चा तर व्यापक गहिराइ छैन गरिब र विपन्न परिवारका बालबालिकाका समस्या र समाधानका विषय

११. **बालबालिकाको सहभागिता:** बालबालिकाको आवाज र सहभागिता सीमित मात्रामा छ तर बाल अधिकार, बाल सहभागिता, बालबालिकाको निर्णय प्रक्रियामा सहभागिता

**१२. परिवार र समाजमा ज्येष्ठ नागरिकको भूमिका:** समाजमा ज्येष्ठ नागरिकको आवश्यकता, विशिष्ट भूमिका, अधिकार, ज्येष्ठ नागरिकहरू (वृद्धावस्था) सँग सम्बन्धित सामाजिक विषय र ज्येष्ठ नागरिकका अधिकार

१३. **भौगोलिक समावेशिता:** भौगोलिक क्षेत्रीय विविधता सीमित रूपमै समेटिएको छ तर हिमाली, पहाडी, तराई क्षेत्रका भिन्न सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको स्पष्ट उल्लेख गर्नुपर्ने

**(ख) कक्षा ४-५ का लागि थप गर्नुपर्ने विषयवस्तुहरूको तालिका:**

| क्रं.स. | विषय क्षेत्र | सुझाव |
|---|---|---|
| १ | **शारीरिक अपाङ्गता र अपाङ्गतामैत्री दृष्टिकोण** | अपाङ्गता भएका बालबालिकाको शिक्षा, पहुँच र सामाजिक सहभागिता र दृष्टिविहीन, बहिरा वा अन्य अपाङ्गता क्षेत्रका सबै विषय क्षेत्र समावेश गर्नुपर्ने |
| २ | **लैङ्गिक विविधता र लैङ्गिक समानता** | लैङ्गिक भिन्नता (जस्तै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) र लैङ्गिक हिंसा विरुद्ध जागरूकता थप्नुपर्ने |
| ३ | **जातीय र सामाजिक समावेशिता** | दलित, मधेसी, थारू, आदिवासी जनजाति जस्ता वञ्चित समुदायका अधिकार, ज्येष्ठनागरिकहरू (वृद्धावस्था), पुस्तान्तरणका मूल्यमान्यता र जीवन अनुभव थप्नु जरूरी |
| ४ | **भाषिक समावेशिता** | मातृभाषा र बहुभाषिकताको सम्मान तथा भाषिक अधिकार, र संरक्षणको थप चर्चा आवश्यक |
| ५ | **धार्मिक विविधता र सहिष्णुता** | मुस्लिम, बौद्ध, किराँतलगायतका अल्पसङ्ख्यक धार्मिक समुदायका विषय र धार्मिक सहिष्णुता र विविधताको सम्मान बढाउने विषय थप्नुपर्छ |
| ६ | **आर्थिक सामाजिक वर्गीय समावेशिता** | गरिब र विपन्न परिवारका बालबालिकाका समस्या र समाधान, लैङ्गिक, सामाजिक र आर्थिक समानताको सन्देश दिने विषय |
| ७ | **बालअधिकार, बालबालिकाको सहभागिता र संवैधानिक व्यवस्था** | बाल अधिकार, बालबालिकाको निर्णय प्रक्रियामा सहभागिता, बालबालिकाप्रतिको संवैधानिक र कानुनी विषय जोड्नुपर्ने |
| ८ | **भौगोलिक समावेशिता** | हिमाली, पहाडी, तराई क्षेत्रका भिन्न सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था, भौगोलिक विविधताको सम्मान र क्षेत्रीय विकासको चर्चा स्पष्ट उल्लेख गर्नुपर्ने |

| | | |
|---|---|---|
| ९ | **लैङ्गिक विभेदबारे आलोचनात्मक सोच** | सामाजिक भूमिकाबारे विश्लेषणात्मक / समालोचनात्मक विषयहरू बढी |
| **११** | **ज्येष्ठ नागरिकहरू (वृद्धावस्था) र पुस्तान्तरण** | बालबालिकामा ज्येष्ठनागरिकप्रति सहानुभूति र सम्मानको भावनाका साथै पुस्तान्तरण मूल्य र सामाजिक उत्तरदायित्वका विषय |
| १२ | **जातीय सांस्कृतिक विविधताको अध्ययन** | पहिचान र विभेदबारे गहिरो ढङ्गको जनाकारीमूलक शिक्षण |
| १३ | **सामाजिक संवाद र ऐक्यबद्धता** | अन्तरसंवादात्मक अभ्यासहरू पर्याप्त |
| १४ | **विविध** | स्थानीय परिवेशका विशिष्ट विषय क्षेत्र |

- **कक्षा ६-८ सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा पाठ्यक्रममा थप गर्नुपर्ने विषय क्षेत्रहरू:**

कक्षा ६ देखि ८ सम्मको सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा पाठ्यक्रमले समावेशिताका आधारभूत पक्षहरू समेटेको भए पनि समावेशी शिक्षा अझ प्रभावकारी बनाउन लैङ्गिक विविधता, अपाङ्गता अधिकार, आर्थिक र सामाजिक असमानता, भाषिक संरक्षण, बाल सहभागिता र प्रवासनसम्बन्धी विषयवस्तुमा थप सुधार र विस्तार आवश्यक छ।

**(क) कक्षा ६-८ का लागि थप गर्नुपर्ने विषयवस्तुहरू:**

१. **मानव अधिकार र सामाजिक न्याय:** सबै नागरिकका अधिकार र समानताको सिद्धान्तहरू

२. **सामाजिक समावेशिता र बहुलता:** जातीय, धार्मिक, भाषिक, लैङ्गिक, भौगोलिक विविधता र सहअस्तित्वका उदाहरणहरू

३. **सहभागिता र निर्णय प्रक्रियामा समावेशी दृष्टिकोण:** विद्यार्थी र समुदायको निर्णयमा सबैको सहभागिताको महत्त्व

४. **संविधान र समावेशिता:** नेपालको संविधानले व्यवस्था गरेका समावेशी सिद्धान्तहरूको परिचय

५. **वैश्विक नागरिकता र समावेशी सोच:** अन्तर्राष्ट्रिय बहुल समाजमा समानता र सहिष्णुताको आवश्यकता

६. **समावेशी शिक्षण अभ्यास:** सबै विद्यार्थीलाई सहभागी गराउने, फरक क्षमता भएका विद्यार्थीका लागि सहायक उपायहरूको प्रयोग

७. **लैङ्गिक उत्तरदायी सामग्री:** पाठ्यपुस्तकमा महिला, दलित, जनजाति, अपाङ्गता भएका पात्रहरूको सकारात्मक प्रतिनिधित्व

८. **लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र लैङ्गिक विविधता:** लैङ्गिक समानता मुख्यतः महिला र पुरुषमा सीमित, गैरपरम्परागत लैङ्गिक पहिचान कम समेटिएको लैङ्गिक विविधता (**लैङ्गिक** तथा यौनिक अल्पसङ्ख्यक, ट्रान्सजेन्डर, ननबाइनरी (Non-binary) ) सम्बन्धी विषय

९. **शारीरिक र मानसिक अपाङ्गता:** अपाङ्गता भएका बालबालिकाको अधिकार, पहुँच, सहभागिता र पुनःस्थापनामा गहिरो चर्चा कम पहुँच, योग्यता र सहभागीकरणमा केन्द्रित विषय

१०. **अल्पसङ्ख्यक जाति, समुदाय र सामाजिक वर्गीय असमानता:** दलित, आदिवासी, मधेसीलगायत वञ्चित वर्गका विषय सतही रूपमा समेटिएका सामाजिक न्याय, वर्गीय विभेद, दलित र आदिवासी अधिकार

११. **धार्मिक सहिष्णुता र विविधता:** कतिपय अल्पसङ्ख्यक धर्म समुदायको प्रतिनिधित्व सीमित। बौद्ध, किराँत, मुस्लिमलगायतका अन्य धार्मिक समूहहरूको सांस्कृतिक र सामाजिक भूमिका

१२. **भाषिक अधिकार र बहुभाषिकता:** मातृभाषा अधिकार, भाषिक संरक्षण र बहुभाषिक शिक्षालाई थप बलियो बनाउनु र शिक्षणमा बहुभाषिक दृष्टिकोणको प्रयोग

१३. **बाल अधिकार र बाल सहभागिता:** बालबालिकाको अधिकार, बाल सहभागिता र सामाजिक निर्णय प्रक्रियामा सहभागी हुने क्षमतामा जोड

१४. **आर्थिक असमानता र गरिबी:** गरिबी र त्यसको असरसम्बन्धी व्यावहारिक दृष्टिकोण कम रहेकोमा गरिबी, विपन्नता, अवसरको असमानता र त्यसको समाधानमा केन्द्रित विषय

१५. **भौगोलिक समावेशिता:** भौगोलिक विविधता र त्यसले सिर्जना गर्ने सामाजिक आर्थिक असमानताका विषयवस्तु

१६. **ज्येष्ठ नागरिकहरू (वृद्धावस्था) को विषय:** ज्येष्ठ नागरिकको अनुभवप्रति सम्मान, उनीहरूको आवश्यकताको चर्चा, उनीहरूको स्वास्थ्य, सहयोग, भावनात्मक समर्थन, समाजमा योगदान दिन सक्ने, परामर्शदाता, कथा सुनाउने, परम्परा हस्तान्तरण गर्ने र ज्येष्ठ नागरिकप्रति बालबालिकाको जिम्मेवारीका विषयवस्तु

१७. **प्रवासी र शरणार्थीका विषय:** प्रवासी कामदार, शरणार्थी, विस्थापितहरूको अवस्था कम समेटिएको नेपाल र विश्वमा आप्रवासनको प्रभाव र प्रवासी अधिकारसम्बन्धी विषयक्षेत्र

**(ख) कक्षा ६-८ का लागि थप गर्नुपर्ने विषयवस्तुहरूको तालिका:**

| क्रं.स | विषय क्षेत्र | सुझाव |
|---|---|---|
| १ | **लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र लैङ्गिक विविधता** | लैङ्गिक विविधता (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ट्रान्सजेन्डर, **ननबाइनरी (Non-binary)** आफूलाई न त पूर्ण रूपमा पुरुष, न त महिला मान्ने) सम्बन्धी र सबै लिङ्ग पहिचानको सम्मान र समान अधिकारको चेतना |
| २ | **शारीरिक र मानसिक अपाङ्गता** | अपाङ्गता भएका बालबालिकाको अधिकार, पहुँच, योग्यता र सहभागिता केन्द्रित विषयवस्तु |
| ३ | **अल्पसङ्ख्यक जाति-समुदाय र सामाजिक वर्गीय असमानता** | सामाजिक न्याय, वर्गीय विभेद, दलित र आदिवासी अधिकारलाई थप विस्तार गर्नुपर्ने |

# राष्ट्रिय समावेशी आयोगका गतिविधि झल्काउने केही तस्विरहरु



आयोगका कार्यवाहक अध्यक्ष हरि दत्त जोशीज्यूबाट आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्नु हुँदै ।



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आयोगको सातौँ प्रतिवेदन बुझाए पश्चात आयोगका पदाधिकारी र सचिव



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आयोगको सातौँ प्रतिवेदन बुझाए पश्चात आयोगका पदाधिकारी र कर्मचारी




आयोग दिवसको अवसरमा राष्ट्रिय समावेशी आयोग परिवारको तथा कार्यक्रममा सहभागी महानुभावहरूसँग सामूहिक तस्बिर।




आयोग दिवस २०८२ को अवसरमा स्मारीका विमोचन कार्यक्रम।




आयोग दिवस–२०८२ को अवसरमा उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको क्षण ।



आयोगमा भएको नेपालमा खस आर्यको पौराणिक र प्राग ऐतिहासिक अवस्था तथा संस्कृति संरक्षण सम्बन्धी अध्ययन सँग सम्बन्धी छलफल कार्यक्रम ।



आयोगमा भएको पिछडिएको क्षेत्रको पहिचान तथा मापदण्ड सम्बन्धी विज्ञसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम ।




स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, हेटौँडामा प्रदेश स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम।




**जैमिनी नगरपालिका, बागलुङमा स्थानीय तह पहुँच कार्यक्रम अन्तर्गत छलफल तथा अन्तरक्रिया कार्यक्रम।**




फलेवास नगरपालिका, पर्वतमा स्थानीय तह पहुँच कार्यक्रम अन्तर्गत छलफल तथा अन्तरक्रिया कार्यक्रम ।




सुनकोशी गाउँपालिका, सिन्धुलीमा स्थानीय तह पहुँच कार्यक्रम अन्तर्गत छलफल तथा अन्तरक्रिया कार्यक्रम ।




खप्तडछान्ना गाउँपालिका, बझाङ्गमा स्थानीय तह पहुँच कार्यक्रम अन्तर्गत छलफल तथा अन्तरक्रिया कार्यक्रम ।




अन्नपूर्ण गाउँपालिका , कास्कीमा लक्षीत वर्गको हक हितका विषयमा स्थानीय तह पहुंच सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।




बेथानचोक गाउँपालिका,काभ्रेपलाञ्चोकमा स्थानीय तह पहुँच कार्यक्रम अन्तर्गत छलफल तथा अन्तरक्रिया कार्यक्रम ।




आयोगका पदाधिकारी तथा कर्मचारीज्यूहरूद्वारा अमरगढी नगरपालिका, डडेल्धुरामा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रमपश्चात् लिइएको सामूहिक तस्वीर।




रूपा गाउँपालिका, कास्कीमा खस आर्यको संस्कृति संरक्षण सम्बन्धी अध्ययन विषयको स्थानीयस्तरमा अन्तरक्रिया तथा छलफल कार्यक्रम।




भरतपुर महानगरपालिका, चितवनमा नेपालमा यौनिक अल्पसंख्यकको विद्यमान अवस्था र सशक्तिकरणका उपायहरू पहिचान सम्बन्धी अध्ययन विषयक स्थानीयस्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम।




धनकुटा नगरपालिका, धनकुटामा लक्षीत वर्गको हक हितका विषयमा स्थानीय तह पहुंच सम्बन्धी अन्तरक्रिया कार्यक्रम।




खाँदवारी नगरपालिका,संखुवासभामा लक्षीत वर्गको हक हितका विषयमा स्थानीय तह पहुंच सम्बन्धी अन्तरक्रिया कार्यक्रम।




त्रियुगा नगरपालिका,उदयपुरमा लक्षीत वर्गको हक हितका विषयमा स्थानीय तह पहुंच सम्बन्धी अन्तरक्रिया कार्यक्रम।



वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोगका सचिवज्यूको नेतृत्व एवम् कर्मचारीहरूको सक्रिय सहभागितामा आयोजित वृक्षारोपण कार्यक्रम।




मनहरी गाउँपालिका, मकवानपुरमा लोपोन्मुख अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम।




गोरखा नगरपालिका, गोरखामा लोपोन्मुख अभौतिक सांस्कृतिक संरक्षण क्षेत्रका लागि आवश्यक मापदण्ड तथा आधार निर्धारण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम।